# CID

**CID MAGAZINE 2078** | ANNUAL PUBLICATION

CRIME INVESTIGATION DEPARTMENT

CID

CREDIBILITY • DILIGENCE • INTEGRITY

NEPAL POLICE




**Shailesh Thapa Kshetri**
Inspector General of Police

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री
Inspector General of Police Shailesh Thapa Kshetri
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं, नेपाल ।
Police Headquarters,
Naxal, Kathmandu, Nepal

7 March, 2021

The preamble of Police Act-1955 A.D has stated that one of the major reasons behind the formation of Nepal Police is to "… make it a capable instrument for preventing and investigating crime …". I believe these lines of the preamble advocates that the prevention and investigation of crime were no doubt among the basic foundations accredited for the establishment of police system in Nepal.

Even before Nepal Police was validated in today's legitimate form, the establishment and operation of the 'Criminal Intelligence Bureau' with the vision of job specialization in the then police system in 1951 A.D. also elucidate the significance of prevention and investigation of crimes for this police organization.

Modern innovations have brought forth complexities but it is also a blessing in disguise in the field of crime investigation. Investigators cannot rely on stereotype approach so we are making every effort to arm our investigators with modern knowledge, skill and tools. At the same time, keeping in view the multi-faceted nature of crime, we have been working to increase the pace of cooperation by involving various stakeholders in the cycle and process of investigation for impartial and efficient result. Among the variety of tasks and duties that we carry out in daily basis, our efforts and success in investigation of crimes has always brought feathers in our hat and we are ardent to garner more.

I believe the editorial team will spare no effort to deliver this publication as a collectible issue and it will succeed to illustrate efforts and accomplishments, we have poured to make Nepal Police a capable instrument for crime prevention and crime investigation.

Jaya Nepal!

Shailesh Thapa Kshetri
Inspector General of Police.

# *Message from*

## The Chief of Crime Investigation Department



Crime Investigation Department, especially designated to facilitate crime investigating units and to execute central level policy for Crime Control along with their implementation regarding human resource, technology or whatsoever possible, is one of the most indispensable unit of nepal police. It deals with the overall aspects of Crime Investigation. Criminal Investigation is an applied science that includes the study of evidence, used to recognize, detect, and verify the guilt of an illicit. Understanding the nature of crime, investigation is simply a holistic approach. Gathering evidence, projecting and short-listing suspects,interviewing, identifying witnesses are some of the very crucial steps followed in the criminal investigation. It cannot conclude based on cognitions only rather it requires a huge amount of further paper trail, analysis and different other resources and tactics before reaching the logical end of the criminal investigation. To accomplish the motto of Nepal Police 'Satya, Sewa Surakshayanam', one needs to be highly proactive and professional.

Nepal Police is a dedicated and pioneer security institution in Nepal to resolve the wide spectrum nature of ever-changing crime undertaken by various criminals so as to protect life, liberty and property. Despite of COVID-19 pandemic, Nepal Police personnel had shown high level of professionalism and are praised all over consequently successful in maintaining public law and order for the prevention and detection of the fluctuating crime rate in the society beyond the comfort zone. Advanced equipment, scientific resources, training, skills, and upgraded tools and techniques methods are necessary to empower the investigating officers to achieve a better result. In this regard, the Crime Action Plan (CAP) is a milestone approach and has already been implemented efficiently and effectively. It offers proper and strategic options that significantly enhance the quality of crime investigation in Nepal. As a wise man once said "There is always room for improvement" our criminal investigation cluster is improving and constantly learning along with a wide area to tackle contemporary security-related issues and challenges. Crime investigation units of Nepal Police should be well equipped and avant-garde throughout the nation. This Department and its system is moving forward with the approaches of continuous learning and improvement in its entire scope of work.

Globalization and excessive exercise of latest technologies plays a vital role in managing the complexity of crime including online fraud, cyber crime, organized crime, transnational crime etc. Crime networks are responsible to exploit their victims and fund their activities by spanning multiple crime areas. Comprehensive, collaborative, cooperative and coordinative enforcement action along with prompt intervention are indispensable to dismantle these complex networks in order to make the society feel safer by protecting and ensuring their fundamental rights.

On behalf of the Department, I am delighted to present the CID magazine. This publication is a result of tremendous effort, hard work, and effective coordination of the CID team that shaped the outstanding publication.

Last but not the least, on this momentous occasion of the CID Magazine publication, let me offer my sincere and best gratitude to distinguished personalities together with all well-wishers for their voluntary valuable contributions and precious articles as well as constructive suggestions. Also, I would like to extend my sincere thanks and congratulations to all concerned who have directly and indirectly contributed for the successful publication of the annual magazine.

I wish all the very best for the future endeavor of the entire publication team.

**Pradhyumna Kumar Karki**
Additional Inspector General of Police

# *Message From*
# Editorial Chief



Respected Readers

Jay Nepal. Satya  Sewa Surakshnam !

In this issue of the CID magazine, we have deal with the various success stories of criminal investigation, the role and need of investigators,  public relations in policing, Cyber policing, and Gender Policing. Now a days Police is being viewed as much more accountable and responsible to public for their action. This facts attest the democratic credo of the Nepal Police in spite of being based on the traditional ethos, laws and mindset.

The synchronized campaign and the initiatives by Ministry of Home Affairs, Central forces and State police, backed with the development and social development agenda, have led to the positive results.

On Gender policing, the Police have shown gender sensitivity, after the initiative taken by Ministry of Home Affairs, in sensitizing the Police on the gender issues. But we have a long way to go on this front. . The induction of increased number of women in Police, continuous training on this front and bringing about a change in male attitude to treat women as equal partners would add to the efforts being made in this regard.

As far as Cyber Policing is concerned, it is technical, complicated and characterized with fluid situation consequent upon the fast changing nature of technology. Hence, the security apparatus faces a situation where in everyday technology changes and the criminals and anti-social elements migrate to the new technology to execute their nefarious designs. This has posed a veritable challenge for the policing. Lot more needs to be done on this front in terms of augmenting our capabilities to meet this challenge by setting up state of the art cyber forensic facilities, training police officers as how to collect and preserve cyber evidence, maintain chain of custody to preserve its admissibility as evidence. We also need to impart training to the judiciary so that they can appreciate the cyber evidence which often resides in virtual world

I  hope that coming years will see Nepal Police and all the stakeholders of the internal security turning more professional and committed, earning the respect and trust of the society and the people they serve.

I would like to extend my sincere appreciation to the editorial board members for their heartfelt efforts to make this magazine a successful, historic and tremendously perfect piece of work. Thank you.

**Rajesh Kumar Lal Karn**
Deputy Inspector General of Police
Chief of Editorial Team CID Magazine
Crime investigation Department

# Editorial Team



***First row from right to left***

1. S.P. Abhushan Timsina,
2. D.I.G.P. Rajesh Kumar Lal Karn
3. S.S.P. Bhim Prasad Dhakal

***Second row from right to left***

1. Inspector Sabita K.C.
2. D.S.P. Keshab Kumar Thebe
3. D.S.P. Anish Kumar Karna
4. D.S.P. Anupam Shrestha
5. Inspector Suraj Dulal
6. Inspector Ram Chandra Tiwari

***Third row from right to left***

1. A.S.I. Bikash Katuwal
2. S.I. Sunita Gurung
3. S.I. Binod Kumar Adhikari
4. A.S.I. Sagar Singh Dhami
5. P.C. Ghana Kishor Shrestha

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| अपराधको प्रवृत्ति, तथ्य र विश्लेषण | ११–२० |
| अपराध अनुसन्धान विभागतर्फका सफलताको कथा | २१–३० |
| लेख तथा रचनाहरु | ३१–७५ |
| सफल अनुसन्धान | ७६–८७ |
| जनताको आवाज | ८८ –९० |
| प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग तर्फका निर्देशनालय, महाशाखा र शाखाहरु | ९१–९५ |

# CID Objectives

- To facilitate crime investigation units with better resources.
- To formulate central policy for crime prevention and investigation.
- To issue crime investigation policy directions and ensure the implementation of policies at all levels of investigative units and investigators.
- To coordinate with the bodies of criminal justice system vis-à-vis national and international crime control agencies.
- To ensure the best performance of INTERPOL related activities, including maintenance and exchange of criminal records at international level.
- To perform human resource management activities including efficient deployment and appraisal of the crime investigation officers.
- To develop human resource plan, conduct training programs and need analysis while identifying the areas of required skilled human resource and manage training programs.
- To maintain a central database of all criminal cases, correlate with other agencies at national and international level by analyzing and formulating future plans and policies.
- To investigate heinous crimes that affect more than one state and district areas of geographical boundaries, and facilitate inter-sectoral cooperation and coordination.
- To investigate unresolved case by the subordinate units.
- To investigate cases that fall under the jurisdiction of the central level.
- To implement various programs to enhance effectiveness of rescue activities of the victim as well as arrange for public information sharing or information flow about crime situation, investigation provision etc.
- To arrange for appropriate scientific and other resources including essential tools needed for crime investigation at national, state and district levels.
- To help and implement Community Policing effectively.

# *Historical* Background

Crime investigation was institutionalized in Nepal with the establishment of the Criminal Intelligence Bureau in 2008 BS (1952 AD). The Police Act, 2012 BS, envisions the Nepal Police as a professional and effective mechanism for preventing crime and investigating criminal offences, defining police role as an instrument to prevent and investigate crime and maintain law and order. Although as an institution, Crime Investigation Department was named in 2022 BS, its present form as a department was only initiated in 2049 BS. Application of forensics in evidence examination began in 2017 BS, while the use of canines in crime investigation began in 2026 BS, both of which are landmarks in the development of crime investigation institutions in Nepal.

The Police Act 2012 BS (1955 AD), has entrusted Nepal Police with two major responsibilities : make it a capable instrument for preventing and investigating crime and maintain law and order. Maintaining law and order is a shared responsibility with other stakeholders, but crime investigation undoubtedly remains the sole responsibility of Nepal Police.

Ever since the establishment of the Central Intelligence Bureau in 2008 BS (1952 AD), Crime Investigation Department (CID) has been working as a pivotal body for directing, supervising, monitoring, controlling, coordinating and supporting to reassure the community of safety and security by preventing and investigating crimes.

By making improvements in traditional working practices and patterns particularly in the prevention and investigation for crimes, CID steadfastly strives towards evidence based crime investigation procedure through the incorporation of intelligence and scientific technology.

Recognizing the need, CID has been implementing an extensive Crime Action Plan (CAP) approved by the Government of Nepal since 2071 BS. The gradual implementation of CAP has been producing tangible results by enhancing the resources and capacity building for prevention and investigation of crimes.



# CID Development Timeline

## 1951 AD
Establishment of Central Intelligence Bureau

## 1962 AD
Application of Forensics Fingerprint Examination

## 1969 AD
Use of Canine in Investigation

## 1975 AD
Establishment of Basic Functioning Units for Forensic

Establishment of Dog Training School

## 1992 AD
Establishment of Crime Investigation Department

Establishment of Narcotics Drug Control Law Enforcement Unit (NDCLEO)

## 2008 AD
Establishment of Women & Children Service Directorate

## 2014 AD
Use of Polygraph Examination

DNA Profiling

Three year Crime prevention and Investigation Action Plan

## 2015 AD
Three Year Crime Prevention and Investigation Action Plan

## 2015 AD
Establishment of Digital Forensics

## 2017 AD
Establishment of Data Center

Automated Fingerprint Identification System(AFIS)

## 2017 AD
Use of Mobile Forensic Van

## 2018 AD
Establishment of Cyber Investigation Bureau

Anti-Human Trafficking Bureau

Central Dog Training School upgraded to Canine Division

## 2019 AD
Canine Division equipped with Fabricated Kennel fitted Van

## 2020 AD
National Crime Information Center (NCIC)

## 2020 AD
Online Police Clearance Report (OPCR)

# अपराधको प्रवृत्ति, तथ्य र विश्लेषण



# तुलनात्मक अपराध तथ्याङ्क




*वर्ष भन्नाले एक आर्थिक वर्षलाई जनाउँदछ।

# प्रदेशगत तुलनात्मक अपराध तथ्याङ्क



# अपराधको त्रि–वर्षीय अपराध तथ्याङ्क




# महिला तथा बालबालिका विरुद्धका त्रि–वर्षीय अपराध तथ्याङ्क



# आ.व २०७७/०७८ मा दर्ता, फछ्र्यौट र बाँकी भएका मुद्दा संख्या तथा अभियुक्त संख्या







## उच्च संख्यामा मुद्दा दर्ता भएका जिल्लाहरु



# आत्महत्याको प्रतिशत




- **नेपालमा आत्महत्याको दर २४ जना (प्रतिलाख जनसंख्यामा)**
- **दैनिक आत्महत्या संख्या सरदर १९ जना**

# आत्महत्याको तुलनात्मक तथ्याङ्क



# त्रि-वर्षीय हातहतियार बरामद तथ्याङ्क

| | कटुवा | पेस्तोल | रिभल्बर | बन्दुक | भरुवा | गोली | पक्राउ |
|---|---|---|---|---|---|---|---|
| आ.व.२०७५।०७६ | ५१ | ५७ | ३ | २२ | १५४ | ९२६ | ३२६ |
| आ.व.२०७६।०७७ | ५५ | ४० | २ | १८ | १६९ | ५५० | ३६१ |
| आ.व.२०७७।०७८ | ३९ | ४१ | १ | १६ | २७६ | २६३ | ३९३ |

# आ. व. २०७७/०७८ मा बरामद लागू औषध र पक्राउ अभियुक्त संख्या

| | |
|---|---|
| गाँजा (किलो) | ८२३४ |
| चरेश (किलो) | ५५१ |
| हेरोईन (किलो) | ९ |
| अफिम (किलो) | २६२ |
| कोकिन (ग्राम) | ३२ |
| ट्याबलेट (पिस) | २३५६६६ |
| एम्पुल (पिस) | १६३५२४ |
| कोरेक्स (बोतल) | १३४२७ |
| अन्य | ५०१७ |
| एमफेटामाइन (किलो) | ४ |
| ईफिड्रिन (किलो) | ६४ |
| पोल्यान्ड (किलो) | ६ |
| नेपाली अभियुक्त | ४४७९ |
| विदेशी अभियुक्त | १४७ |
| जम्मा पक्राउ | ४६२६ |

# प्रहरी सक्रियतामा भन्सार चोरी निकासी पैठारी नियन्त्रणबाट संकलित राजस्व



# अपराध अनुसन्धानमा १ दिन

(औसतमा)

- कर्तव्य ज्यान मुद्दा दर्ता १
- चोरी मुद्दा दर्ता ६
- ज्या.मा.उ. मुद्दा दर्ता ३
- ज.ज.क. मुद्दा दर्ता ६
- ज.ज.क.उ. मुद्दा दर्ता २
- बैकिङ कसुर मुद्दा दर्ता ६
- ला.औ. मुद्दा दर्ता ६

# अपराध अनुसन्धान तथा रोकथामसँग सम्बन्धित तस्विरहरू



*जि. धादिङ, रुवी भ्याली गा.पा.-२ तिप्लिङको आधाखोला बाटो खन्ने क्रममा भवितव्यमा परी पुरिएका मृतकहरुको खोजी गर्दै प्रहरी कुकुर ।*



*डडेल्धुरा जिल्लामा बालयौन दुर्व्यवहारका विविध पक्षहरु सम्बन्धी विद्यार्थीहरुलाई प्रशिक्षण दिदै नेपाल प्रहरी ।*



*ईन्टरपोल शाखाको अनुरोधमा Red Notice जारि गरिएका, कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी भोगेन्द्र यादवलाई कुटनैतिक माध्यमद्वारा नेपाल सपुर्दगी गर्नका लागि तालुक गृह मन्त्रालय मार्फत  पत्राचार गरिएकोमा, निज फरार प्रतिवादीलाई Qatar प्रहरीको सहयोगमा ईन्टरपोल शाखाबाट खटि गएको टोलीले त्रि.अ.वि. बाट पक्राउ गरी सम्बन्धित अपराध कसुरमा कारवाही गर्ने/गराउने प्रयोजनार्थ महानगरीय अपराध महाशाखालाई बुझाइएको ।*




*विधि विज्ञान विशेषज्ञ भौतिक नमुना (पासपोर्ट) परीक्षण गदै ।*


DO NOT CROSS
CRIME SCENE

# अपराध अनुसन्धानको सफलताको कथा



# केन्द्रीय अनुसन्धान ब्युरो



**मिती २०७६।०३।३१ गते ईलाका प्रहरी कार्यालयको डिउटिमा रहेका प्रहरीलाई अन्दाजी २२:४५ बजेको समयमा स्कुटरमा आएका जिल्ला महोत्तरी बर्दिवास न.पा वडा नं. ३ बस्ने तीन जना व्यक्तिहरुले ऐ.ऐ. गौरिडाडा स्मृति पार्क नजिकै स्कुटर दुर्घटना भई मानिस लडि रहेको छ भन्ने जानकारी दिए । ई.प्र.का. बर्दिवासबाट तत्काल टोली खटिई गई घटनास्थलमा पुगी घाईतेलाई उपचारको लागि अस्पताल लगिएकोमा अस्पतालमा निज घाईतेको चिकित्सकले मृत्यु भइसकेको जानकारी दिए ।**

प्रारम्भिक अध्ययनको चरणमा घटनाको अवस्था हेर्दा सवारी दुर्घटना भएको हुनसक्ने जस्तो देखिएको र सो दुर्घटना आफै वा अन्य कुनै सवारीले गराई भागेको समेत हुन सक्ने (Hit and Run) जस्तो देखिएको थियो । सो घटनामा केही पक्षहरु भने शंकास्पद रहेको देखिन्थ्यो । केहि शंकास्पद पक्षहरु मध्ये घटनास्थलमा मृतकको चप्पल नभेटिनु साथै घटनास्थलमा रहेको स्कुटर साना स्क्र्याच बाहेक ठूलो क्षति नदेखिनु समेत थिए। मृतकको आनी बानी र सो दिनको गतिविधिको अध्ययन गर्दा निजले सो दिन मादक पदार्थ सेवन गरेको र घटनाको समयमा अत्याधिक पानी समेत परेको हुनाले निजले लगाएको चप्पल कतै बगेर गयो या निज अत्याधिक नसामा भएको हुदा कतै चप्पल छोडेर पो आयो कि भन्ने एक खालको शंका गर्नु पर्ने अवस्था समेत थियो।

मृतककी श्रीमतीको प्रहरी समक्ष प्रस्तुति तथा उनको परिवारका अन्य सदस्यले स्वस्फूर्त सहयोग नगरेको कारण मृतककै परिवारप्रति समेत शंका गर्नु पर्ने अवस्था आइपर्‍यो। सोही सन्दर्भमा मृतककी एक जना

सालीको बिहे सर्लाहीमा भएको र उनको पारिवारिक व्यवहारका कारण सम्बन्ध राम्रो नभएको र अपराधिक पृष्ठभुमिका व्यक्ति सम्पर्क रहेको जानकारी हुन आयो । घटना सम्बन्धमा त्यतातिरबाट कुनै सूचना प्राप्त हुनसक्ने देखि हामी सर्लाही मृतकको सालीको गाउँ गयौं । ईलाका प्रहरी कार्यालयका प्र.ना.नि. को सहयोगमा उक्त गाउँका विभिन्न व्यक्तिहरूसंग सोधपुछ गरियो । सोधपुछका आधारमा केहि व्यक्तिहरूलाई ईलाका प्रहरी कार्यालय बर्दीबास बोलायौं, पहिलो दिन बोलाएका सबै व्यक्तिहरूलाई फिर्ता पठाईयो र त्यसैको आधारमा सर्लाहीमा हाम्रो टोलीले सोधपुछ नगरेका एक जना व्यक्तिलाई ई.प्र.का. मा बोलाईयो । ई.प्र.का. मा आफै उपस्थित हुन आएका निज व्यक्तिले सोधपुछका क्रममा भनेका कुराहरू घटनाक्रम र अन्य तथ्य तथा विश्लेषणसंग नमिल्ने खालको देखियो । निजले घटनामा कुनै पनि प्रकृतिको संलग्नताको ईन्कार गर्दै अनेक कथा र बहाना बनाए । तर अनुसन्धान टोलीलाई चित्त नबुझेपछि निजलाई जिल्ला अदालत महोत्तरीबाट म्याद थपी हिरासतमा राख्यौं । सोधपुछका क्रममा ४ दिन सम्म निजले ईन्कार गरिरहे तर हामीले निजका श्रीमती लगायत मृतकको ससुरालीको परिवारलाई छुट्टै सोधपुछ गरिरह्यौं ।

निजलाई हिरासतामा राखी अनुसन्धान सुरू गरेको ३ दिन पछि सुसुराली पक्षका सबै व्यक्तिहरू घर छोडेर फरार भए । त्यसबाट मृतकका ससुराली प्रति रहेको शंका अझ बढी भयो । त्यस दौरान प्रमाण संकलन र संवेगात्मक तरिकाले सोधपुछ गरियो । विभिन्न तथ्यहरूबाट निजले नै हत्या गराएको एकिन भएपनि स्पष्ट घटनाक्रम जान्न निजलाई समेत घटनाबारे निजको बिरूद्ध भएका प्रमाणहरू देखाई र भनी कानूनी पक्षहरूको जानकारी गरायौं । त्यसै क्रममा निजलाई भेट्न निजका एक आफन्त तथा समाजसेवी आउनुभयो र वहाँलाई समेत हामीले हामीसंग भएका प्रमाण र निजले साँचो कुरा नभनेमा हुन सक्ने परिणामको बारेमा जानकारी गरायौं । सो कुरा निज

> **निजलाई हिरासतमा राखी अनुसन्धान सुरु गरेको ३ दिन पछि सुसुराली पक्षका सबै व्यक्तिहरु घर छोडेर फरार भए ।**

> **सोधपुछका क्रममा ४ दिन सम्म निजले ईन्कार गरिरहे तर हामीले निजका श्रीमती लगायत मृतकको ससुरालीको परिवारलाई छुट्टै सोधपुछ गरिरह्यौं ।**

समाजसेवीबाट अभियुक्तलाई बुझाईसकेपछि पारिवारिक झगडा र मनमुटावका कारण मृतककै श्रीमतीले रौतहटबाट Contract Killer प्रयोग गरी हत्या गराएको भन्ने कुरा सम्म आफूलाई जानकारी भएको, आफ्नो संलग्नता नरहेको तर अरूले यस तरिकाले हत्या गरेको हुन सक्ने भनी ४ व्यक्तिहरूको नाम लिए । ती व्यक्तिहरूमध्ये ३ जनालाई सोही रात रौतहट र सर्लाहीबाट पक्राउ गरियो । अभियुक्तहरूले नै दिएको जानकारीको आधारमा योजना बनेको तथा पैसाको लेनदेन भएको, काठमाडौंमा मृतकका श्रीमतीले आफ्नो परिचय ढाँटी बसेको कोठाको खानतलासी गर्दा केही सुन र घटनामा प्रयोग भएको मोबाईल र सिम बरामद गरियो । पक्राउ परेका अभियुक्तहरूको भनाई अनुसार मृतककी श्रीमतीले निजको बहिनीको नजिकको सम्बन्ध रहेका व्यक्ति मार्फत रौतहटबाट Contract Killer लाई सम्पर्कमा ल्याई तीन पटक सम्म हत्या गर्न महोत्तरी आउनको लागि सर्लाहीमा भेला भएपछि तेस्रो पटकमा आई हत्या गर्न सफल भएको देखिन आयो, सो कुरा प्रहरीले संकलन गरेको प्रमाण र घटना प्रकृतिसंग समेत मेल खाएको देखियो ।

घटना अनुसन्धानको क्रममा अभियुक्तको रौतहटमा मानिस पक्राउ गर्दा प्रहरीको गाडिलाई स्थानीयले लखेट्दा ई.प्र.का. भित्र गई सुरक्षित भएको र अभियुक्त खोजी गर्दै जाँदा राती रौतहट स्थित प्रहरी चौकीको चौतारामा सुतेको क्षणहरू स्मरणीय रह्यो ।

घटना अनुसन्धानका क्रममा के.अ.ब्यू. का प्र.ना.उ. हरि बहादुर बस्नेत, ई.प्र.का. बर्दीबासका प्र.ना.उ. निसान थापा र प्र.नि अशोक कुमार साहको प्रत्यक्ष भुमिका, जि.प्र.का. रौतहटका प्र.उ. श्याम कृष्ण अधिकारी, सं. प्र. ई. का. जनकपुरका प्र.ब.उ. शेखर कोइरालाको सुझाव तथा निर्देशन, के.अ.ब्यू. का निर्देशक निरज शाही लगायतका प्र.क. हरू र ई.प्र.का. बर्दीबासका प्र.क. हरू को सहयोग रहेको थियो । ◆◆◆

# सपनाको संसार

मानव बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहल



बानेश्वर गाडामा पानी र जूस बेच्ने काम गर्दै बस्ने एक गरिब स्तरको परिवारमा जन्मिएकी ललिता आफ्नो वरिपरि बस्ने छिमेकीको छोरा छोरीहरूलाई स्कूल गइरहेको देख्दा, महँगो खेलौनाहरूसँग खेलिरहेको देख्दा, प्रत्येक वर्ष रमझमका साथ आफ्नो जन्मदिन मनाइरहेको देख्दा आफूपनि त्यसरी धनाढ्य भई रमाएको सपनाको संसार कल्पनामा बनाउने गर्थिन् । बाबा–आमाको जीवनको एक्लो सहारा भएको कारणले परिवारको सुख र खुसी ललिता नै थिइन् । परिवारको आर्थिक अवस्था कमजोर भएकोले ललिताले पढ्ने–लेख्ने वातावरण पाउन सकेकी थिइन् । ललिताले अरूको रहनसहन हेरेर गरेको रहरले वरिपरि बस्ने दिदी भाउजूहरूले उसलाई गिज्याउने गर्थे, ललिता भने रिसमा आगो हुने गर्थी ।

आमाले बाटोमा जूस बेचिरहेको बेलामा "मम्मी, मेरो पनि जन्मदिन नजिक आउँदै छ, वरिपरिको आन्टिहरुले आफ्नो बच्चाहरूको मनाइदिएको जसरी मेरो पनि यसपाली मनाइ दिनु" झोक्कीकै ललिताले आमाको अगाडि आफ्नो जिज्ञासा प्रस्तुत गरिन् ।

"बर्ता कुरा नगर, घरमा अवस्था खान नपुग्ने छ, उसलाई जन्मदिन मनाउने रहर" चर्को स्वरमा आमाले ललितालाई हप्काइन ।

"म चाही सधै आफ्नो रहर मार्नुपर्ने" भक्कानिएर रुँदै ललिता आफ्नो छिमेकी दिदी रन्जुको घरमा गइन् ।

रन्जुको घरमा कमाउने कोही नभए पनि उनको बस्ने जीवन शैली लखपति भन्दा कम थिएन । उनको त्यो धनको रहस्य वरिपरि बस्ने कोही कसैलाई थाहा थिएन ।

रन्जुको घरमा ललिता गएर "म पनि त १३ वर्षको भईसके, आमा बुबाले केही माग्यो भने गाली गर्छन्, हप्काउँछन्, के मेरो चाँही रहर छैन र?" रुदै रन्जुसँग प्रश्न गरिन् ।

ललिताले यसरी जिज्ञासु भएर आफ्नो अगाडी रुदै गरेको देखेर रन्जुले "तिम्रो परिवारको अवस्था कमजोर छ नि, तिमी पिर गरेर नरोउ, तिम्रो जन्मदिन म मनाइदिन्छु यसपालि, तिम्रो लागि महँगो

लुगा कपडा, गहनाहरु सबै म दिन्छु अनि हामी ठूलो होटेलमा गएर केक काटेर तिम्रो जन्मदिन मनाउने है" सम्झाउँदै ललिताको बाल दिमागमा लोभ भरि दिई।

"साच्चै हो दिदी, मेरो लागि हजुरले यो सब गरिदिने हो?" मुख उज्यालो बनाएर ललिताले रन्जुसँग प्रश्न गरिन्।

"तिम्रो सबै रहर म पुरा गरिदिन्छु तर तिमीले यो कुराहरु आफ्नो बुवा–आमा, साथीहरु कसैलाई नभन्नू, गोप्य राख्नु है" चक्लेट दिँदै रन्जुले ललितालाई भनिन्।

"हुन्छ दिदी, म कसैलाई भन्दिन, शिवरात्रीको दिन मेरो जन्मदिन हो, त्यही दिन भेटौला है अब" ललिता यति भनेर आफ्नो घरतिर लागिन्।

ललिताको खुसीको सिमा नै थिएन। बाटोमा सपनाको संसार सम्झिदैं चक्लेट खाँदै आफ्नो जन्मदिनको कल्पना गर्दै ललिता हिँडिरहेकी थिइन्। ललिताको दिमागमा एक पटक पनि यो सोच आएन कि रन्जु आखिर किन बिना स्वार्थको उसमा पैसा खर्च गर्न लागेकी थिइन, किन बुबा आमालाई नभन्नू भनेकी थिइन् ? रन्जुले कहि उसलाई फसाउने पो हो कि ? यो केही कुरा नसोचि ललिता गीत गुनगुनाउँदै आफ्नो घर पुगिन्।

"छोरी कहाँ थिइस् यति बेला सम्म, खाना पस्केर तँलाई कुरिरहेको थियौ हामी" ललिताको बुबाले प्रश्न गर्नुभयो।

"म साथीहरूसँग खेल्दै थिए, खाना खाऊ है बुवा भोक लागि सक्यो" झुट्टो बोल्दै ललिताले आफ्नो थालमा पस्केको भात र टमाटरको अचार खान थालिन्।

मनमनै ललिताले 'अब केही दिनमा म पनि रन्जु दिदी जस्तै टन्न पैसा कमाउँछु, अनि यस्तो खाना ता कहिले खानु पर्दैन कम से कम' सोच्दै खाना खाएर सुत्ने कक्षतर्फ लागिन्।

(यसरी नै ४ दिन बित्दै गए, छोरीको बोल्ने तरिकाहरूमा फरक आउँदै गरेको देखेर ललिताको बुबा–आमा चिन्तित थिए तर छोरीको बाल मनोविज्ञान भने कोहीले सोध्न बुझ्न खोजेनन्, आफ्नो छोरी रन्जुसँग नजिकिदैं गएको देखेर पनि उनीहरूले लापर्बाही गरे जसको नतिजा ललिताको सपनाको संसार डरलाग्दो भएर गयो)

४ दिन पछि शिवरात्रीको दिन ................................

"बुबा, म एकछिन मन्दिर गएर आउँछु है" भनि ललिता घरबाट बिहान ८ बजे निस्केर हिँडेकी थिइन्।

"छोरी कहाँ थिइस् यति बेला सम्म, खाना पस्केर तँलाई कुरिरहेको थियौ हामी" ललिताको बुबाले प्रश्न गर्नुभयो ।

बाटोमा रन्जुले ट्याक्सीमा ललितालाई कुरेर बसिरहेकी थिइन् । रन्जुसँग ट्याक्सीमा अरू दुई जना अपरिचित व्यक्ति १ जना महिला र १ जना पुरुष थिए। ललिता उमंगमा खुसी हुँदै ट्याक्सीमा आएर बसिन् । त्यहाँ अपरिचित व्यक्तिहरू देखेपछि ललिताले एकछिन अप्ठ्यारो मान्दै डराएको जस्तो लजाएको जस्तो गरिन्।

"दिदी मेरो लागि नयाँ लुगा ल्याइ दिनु भएको हो हजुरले?" आँखामा खुसी र आशा राखेर रन्जुलाई प्रश्न गरिन्।

"तिम्रो लागि कपडा, गहना, पैसा, गिफ्ट सबै छ, ढुक्क होऊ न" ललिताको कपाल सुमसुम्याउँदै रन्जुले भनिन्।

ललिता खासै धेरै बाहिर ठाउँ नघुमेको भएर उसलाई रन्जुले कुन ठाउँ लगि भन्ने कुरा पत्तै भएन। करिब १ घण्टा पछि रन्जुले त्यो ट्याक्सीमा भएको महिलाको घरमा ललितालाई पुर्याएर " तिमी यही बस्दै गर, म बाहिरबाट तिम्रो लागि लुगा किनेर आउँछु" यति भनेर रन्जुले ट्याक्सीमा भएको महिला सीता दिदी भन्ने सँग मोटो रकम लिई आफ्नो बाटो लागिन्।

रन्जुको उदेश्य ललितालाई बेच्नु रहेछ। आफ्नो बुबा आमासँग भूटो बोली रन्जुको कुरामा बहकिएर ललिता सीता दिदीको कोठामा पुगिन्। धेरै समय बित्यो रन्जु भने फर्केर आइन। उता छोरी घरबाट एकैछिनमा आउँछु भनि हिँडेकी थिइन् तर बेलुका हुँदा पनि छोरी नफर्किदा आमा बुबाले टोल छिमेकमा खोजतलास गर्न सुरु गरिसकेको थिए। छोरीको लागि चिन्ताले ललिताको बुबा आमा ग्रसित थिए। बेलुका देखि राति भयो तर न त ललिताको त्यो सपनाको केक आयो, न गिफ्ट आयो न त रन्जु दिदी। ललिताको उमेर कम भएकोले दिनभरिको थकानले उनि त्यही निदाइन।

भोलि पल्ट बिहान ५:०० बजे नै सिता दिदीले ललितालाई उठाइन र खाजा चिया दिँदै "हिजो रन्जु दिदी बिरामी भएर अस्पताल जानु भयो, तिम्रो जन्मदिन मनाउन हामी आज जाने हो है, छिट्टो–छिट्टो खाजा खाऊ हामी गाडी चढेर जानु पर्छ" भन्दै ललितालाई कालो रङ्गको जाली भएको लुगा दिइन । नयाँ लुगा पाएर ललिता खुसी हुँदै हतार गरेर त्यो लुगा लगाइन् तर त्यो लुगा भित्रबाट बाहिर सबै झलझल देखिने भएकोले ललिताले लगाउँदा अप्ठ्यारो मानिन ।

"यो लुगा त कस्तो खालको हो, सबै देखिने रैछ, मलाई त मन नै परेन" ललिताले त्यो वन पिस तल घुँडाबाट तल तानें झैँ गरेर सिता दिदीलाई भनिन् ।

"तिमी त परि जस्तै देखेकी छौ पख म तिम्रो फोटो खिच्छु है" सिता दिदीले मोबाईल निकालेर फोटो खिच्दै "म रन्जुलाई यो फोटो पठाई दिन्छु" भनेर एउटा भारतीय नम्बरमा पठाइन्। एकछिन पछि त्यहाँ राम र हरि नामको केटाहरु आइपुगे र सीतालाई मोटो रकम दिए । रकम पाएर सिताले" तिमी यो दाईहरुसँग जाउ, रन्जुको भाईहरु हुन् यिनिहरु" फकाउँदै ललितालाई भनिन् ।

बाल बुद्धि भएकी ललिता पनि उनिहरुको कुराको भरोसा गरेर उनिहरुसँगै सिताको घरबाट हिडिन् । सीतालाई लिएर राम र हरिले पोखरा जाने गाडीमा चढे र करिब ४ घण्टा पछि मुग्लिङ पुगे । अन्जान ललितालाई कुनै शंका पनि लागेको थिएन कि उसलाई सबै जनाले मिलेर वेश्यावृत्तिको लागि भारत लैजादै थिए भनेर । उता ललिताको बुबा आमाको रोएर हालत खराब थियो । गरिब भएका कारणले वरिपरिको कसैले खासै सहयोग नै गरेको थिएन । छोरी घर नफर्केको एक रात एक दिनको भैसकेको थियो ।

मुग्लिनमा ललितालाई भारत लैजानको लागि श्याम भने केटा आएको थियो । उसले राम र हरिलाई १० हजार रुपैयाँ दिएर "गजब छ" भनेर ललितालाई रूपन्देहीको भैरहवाको सुनौली नाका हुँदै भारतको पिपरा पुर्याए । ललिता कहिले बाहिर निस्किन हिँड्न नपाएकोले उसलाई त्यो यात्रा रमणिय लागिरहेको थियो । करिब २ दिन बितिसके पछि ललितालाई बोर्डर प्रहरीबाट छल्दै श्यामले भारतमा पुर्यायो। भारत पुग्ने वित्तिकै बाटो भरी मिठो र राम्रो कुरा गर्ने श्यामले हप्काउन थाले, फोहोर गालीले सम्बोधन गर्न थाले ।

"हिड, तैले काम गर्ने ठाउँमा लैजान्छु" हात समाएर तान्दै श्यामले एउटा झिलिमिली बत्ति बलिरहेको साना साना कपडा लगाएका टन्नै केटीहरू भएको ठाउँमा लिएर गयो ।

ललिता त छानाबाट झरेझै भई । उसको सपनाको त्यो संसार डरलाग्दो भयानक भएको उसले महसुस गरिरहेकी थिइन् । "मलाई घर पठाइदिनु, रन्जु दिदि खोई, म मेरो आमा बुबा काँहा जाने" रुँदै ललिताले आफ्नो हात तान्न थालिन् ।

"रन्जु त हाम्रो दलाल हो, केटीहरुलाई नेपालबाट फकाएर भारत पठाउने र बेच्ने, तँलाई बेचे बापत हामीले उसलाई २० हजार रुपैयाँ दिएका थियौँ, अब नाटक नगर खुरुखुरु हिड्" हप्काउदै श्यामले ललितालाई त्यो डान्स बार र कोठीमा पुर्याइदियो ।

ललितालाई त्यहाँ जाने बित्तिकै श्यामले उसलाई शारीरिक शोषण गरेर कुटपिट समेत गर्यो । ललिताको शरिर विकास नभएको कारणले उसको हर्मोन ग्रोथ गराउन उसलाई ईन्जेक्सन दिने गर्थे । करिब ३ महिना सम्म ललितालाई दिनदिनै त्यो ईन्जेक्सन दिदै रक्सी, चुरोटको नशामा पार्दै जबरजस्ती आर्केष्ट्रामा नाँच्न लगाएका थिए र त्यस बापत उसलाई त्यहाँ खाना दिइन्थ्यो । ललिताले मनमनै आफ्नो आमा बुबासँग झूटो बोलेर गरेको गल्तीको लागि पछुतो मान्दै यही नर्क मेरो जीवन हो भनेर बिताइरहेकी थिइन् । ललिता मौका खोज्दै थिइन् कसरी उम्केर यो नर्कबाट निस्केर आफ्नो देश फर्कौं ।

समयले उसको साथ दियो । ललिताले आफ्नो एउटा त्यही कोठीको मिल्ने साथीको सहयोग लिएर मोबाईलमा आफ्नो सम्पूर्ण दुःख र दोषीहरू बारेमा भिडियो बनाएर इन्टरनेटमा हालिन्, उसलाई आशा थियो कि नेपालबाट कसैले उसलाई बचाउन आउँछ । त्यो भिडियो ललिताको गाउँमा बस्ने एकजना प्रहरीले हेर्यो र उसको बुबा आमालाई "हजुरको छोरी भारतमा आर्केष्ट्रामा नाच्नको लागि बेचिएकी छिन्, हामीले उसको उद्धारको लागि नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोमा दोषीहरूको नाम सहितको जाहेरी दिनुपर्छ, हिड्नुस जाउँ" सांत्वना दिदै सम्झाई बुझाई गरेर त्यही प्रहरीको सहयोगमा मानव बेचबिखन अनुसन्धान ब्यूरोमा ललिताको बुबा आमाले जाहेरी दिए । जाहेरी प्राप्त हुने वित्तिकै साथ मानव बेचबिखन ब्यूरोको टोलीले रन्जुलाई निजकै घरबाट, सितालाई बसबाट पक्राउ गरेर अनुसन्धान गर्यो र ललितालाई भारतीय प्रहरीको सहयोग र विशेष ब्यूरोको समन्वयमा उद्धार गरी प्रतिवादी राम, हरि, श्यामलाई भारतबाटै पक्राउ गरि नेपाल ल्याए । नेपाल आएपछि ललितालाई निजको बुबा आमालाई जिम्मा लगाइयो र ५ जना प्रतिवादीहरू माथि मानव बेचबिखन तथा ओसार पसार मुद्दा चलाइयो ।

हाल ललिताको बाल मनोविज्ञानमा गहिरो असर परेकोले निजलाई संस्थाले परामर्श दिइरहेको छ । अनजान व्यक्तिले पैसा, खाना, लुगा, जागिरको लोभ दिएर आफूलाई फसाउन खोज्दा ललितले आफ्नो बुबा–आमासँग कुरा लुकाएर उनको वाल्यकाल नर्कमा बित्यो भने कुरा ललिताले बुझिसकेकी छिन् ।

नोटः– सत्य घटनामा आधारित, गोपनीयता कायम राख्न नाम र स्थान बदि्लएको । ♦♦♦

बदलेर नामथर छाडेर गाँउघर,
गरे लागु औषधको ब्यापार सञ्जाल बिस्तार गरे अपार

# लागूऔषधको मुख्य नाईके पक्राउ गर्न गरीएको अनुसन्धान



प्र.उ. प्रबिण धिताल



कुरा २०६९ सालको हो, म भर्खर मात्र प्रहरी निरीक्षक बाट प्रहरी नायब उपरीक्षकमा पदोन्नति भई जिल्ला प्रहरी कार्यालय रुपन्देही बाट लागु औषध नियन्त्रण ब्यूरोमा पहिलो पटक सरुवा भई आएको थिँए। जिल्ला प्रहरी कार्यालयमा रहँदा अनुसन्धान अधिकृतको रुपमा अनेकन् जघन्य तथा बर्षौदेखि नसुल्झिएका मुद्दाहरुलाई सफलताका साथ निश्कर्षमा पुर्याएको अनुभव पनि थियो तथा सिमावर्ति क्षेत्रमा हुने लागु औषध कारोवारी तथा प्रयोगकर्ता हरुलाई पक्राउ गर्ने तथा मुद्दाको अनुसन्धान गर्ने जिम्मेवारी पनि निर्वाह गरीएको थियो तर लागु औषध नियन्त्रण ब्यूरोमा विशुद्द लागु औषधमा मात्र केन्द्रित रहि त्यसको जडैसम्म पुग्ने तथा प्रयोगकर्ता हरुलाई भन्दा त्यसको वसार पसार तथा ब्यापार गर्ने मूख्य ब्यक्ति पहिचान गरि पक्राउ गर्नुपर्ने फरक भूमिकामा आफूलाई पाएँ।

कार्यालयमा हाजिर भएपश्चात कार्यालय प्रमुखबाट मैले गर्नुपर्ने कामकाजको ब्रिफिङ् पश्चात मलाई अप्रेशन कमाण्डरको जिम्मेवारी तोकियो जस्को मुख्य कर्तब्य नै लागु औषध कारोवारीहरुको सुचना संकलन गरी तिनिहरुलाई पक्राउ गर्न  टिम परिचालन गरी पक्राउ तथा कानूनी कार्वाहि गर्नुथियो । यसै क्रममा सहकर्मि तथा मातहतका कर्मचारी संग कुरा हुँदा १५–२० बर्ष देखि लागु औषध ब्यूरोको खोजि सुचिमा रहेको बि.स.२०४९ सालदेखी लागूऔषध कारोवारमा संलग्न काठमाडौं उपत्यकामा लागूऔषध कारोवारीका नाईके राजा, निर्मल, शेखर, रुपेश, आनन्द र अजय जस्ता बिभिन्न नामले चिनाउने वीरगन्ज घर भएको बिरेन्द्र कुमार क्षेत्रि रहेको र जस्लाई पक्राउ गर्न यस कार्यालय बाट धेरै पटक गरिएको प्रयास पनि असफल भएको कुरा सुनाए। सो कुरा सुने पश्चात मलाई निज लाई कसरी पक्राउ गर्न सकिन्छ भनेर मनमा एक किसिमको बेचैनि बढ्न थाल्यो र मनमनै प्रण पनि गरे कि जुनसुकै हालतमा निजलाई प्रक्राउ गर्न हर सम्भव प्रयास गर्नेछु।

यसै सिलसिलामा कार्यालय प्रमुख संग सल्लाह गरी मेरो कमाण्डमा एकदमै गोप्यरुपमा काम गर्न ३ सदस्यिय टिम गठन गरीयो जस्मा तत्कालिन प्र.नि. हाल प्र.ना.उ. घनश्याम श्रेष्ठ तथा कम्प्यूटरमा प्राबिधिक बिश्लेषणमा दखल राख्ने प्र.ना.नि. राजेश महर्जन हुनुहुन्थ्यो । अब हाम्रो टिम रात दिन केहि नभनि निज बिरेन्द्र क्षेत्रिको बारेमा हालसम्म उपलब्ध सम्पूर्ण तथ्याङ्कहरु संकलन तथा बिश्लेषन गर्ने लागि पर्यो ।

उसैपनि लागु औषधको मुद्दामा अनेकन् गिरोह सँम्लग्न हुने तथा तिनिहरु बिचको सम्पर्कको स्तर तथा माध्यम गुप्त र परिचय बिहिन रहने हुँदा पत्ता लगाउन साह्रै कठिन हुनेगर्छ त्यसमाथि एक पटक जेल परेर छुटिसकेको अपराधी जस्लाई प्रहरीले गर्न अनुसन्धानका बिभिन्न तरिका तथा माध्यम पहिलेनै थाहा थियो त्यस्तो खुंखार अपराधिलाइ पक्राउ गर्नु चानचुने कुरा थिएन । निजको घर वीरगन्ज भएतापनि बिराटनगर बसी वीरगन्ज र भारतीय सिमा नाकाबाट लागू औषध कारोवार गर्दै आएका थिए ।

काठ्माण्डौं उपत्यकामा औषधीजन्य लागू औषध कारोबारमा डिलरको रुपमा चिनिने काठ्माण्डौका बिराट नेपाली मिती २०६९।०१।२२ गते, भक्तपुरका चन्द्र बहादुर पोडे मिती २०६९।०३।०२ गते, काठ्माण्डौ मुलपानीकी नानु फुयाल र सिन्धुपाल्चोककी सिता भन्ने धनमायाँ नकर्मी मिती २०६९।१२।१६ गते, सिन्धुपाल्चोकका घर भएकी गम्भिरमान श्रेष्ठको छोरी उर्मिला श्रेष्ठ मिती २०७०।०२।३० गते, सिन्धुपाल्चोकका गम्भिरमान श्रेष्ठ र निजको श्रीमती मिती २०७०।०३।२५ गते, नागराज भन्ने राज लामा तामाङ मिती २०७०।०३।२६ नियन्त्रित लागू औषध एम्फूल सहित पक्राउमा परेकामा निजहरुले औषधीजन्य लागू औषध राजा भन्ने व्यक्तिसँग खरिद गर्ने गरेको र निजले प्रयोग गर्ने सम्पर्क नम्बर भनि खुलाएकामा अनुसन्धानको क्रममा निजहरु सबै प्रतिबादीहरुले लागू औषध निज राजा भन्ने व्यक्तिसँगै खरिद गर्ने र निजले प्रयोग गर्ने मोवाईल नम्बर समेत एउटै देखिएकोले निज राजा नाम गरेका व्यक्तिलाई कोही कसैले हाल सम्म नदेखेको भनी खुल्न आएकोले पक्राउमा परेका प्रतिबादीहरुबाट अनुसन्धानका क्रममा खुल्न आएकोले निज राजा भन्ने व्यक्तिले प्रयोग गर्ने मोवाईलको Call Details र Location बिश्लेष्ण गर्दा बिराटनगरमा देखिने तर लागू औषध नेपाल भारतको सिमा नाका वीरगन्जबाट तरकारी तथा फलफुल र तेल ट्याङ्करहरूमा आउने गरेको देखिँदा उक्त ब्यक्ति एकै हो वा फरक फरक ब्यक्ति हो भन्ने बिषय निकै चासो र चुनौतीपूर्ण रहेको अबस्थामा अनुसन्धानको झनै जटिल बन्न पुग्यो। निज बिरन्द्रले ग्राहक हरुसंग सम्पर्क गर्ने मोवाईल अर्कैको नाममा निकालेको, उक्त मोबाईलमा लागु औषधको अर्डर लिने बाहेक अन्य कुनै पनि ब्यक्ति संग सम्पर्क नगर्ने गरेको पाईयो जस्ले गर्दा निजलाई राम्रोसंग देख्ने चिन्ने तथा निजको बिस्तृत जानकारी कोहि कसैलाई थिएन ।

> निजको घर बिरगन्ज भएतापनि बिराटनगर बसी बिरगन्ज र भारतीय सिमा नाकाबाट लागू औषध कारोवार गर्दै आएका थिए ।



प्रहरी नायव उपरीक्षक भई यस कार्यालयमा २०६९।११।१६ देखी २०७।०४।०६ सम्म कार्यरत रहँदा निज राजा भन्ने ब्यक्ति उपर अनुसन्धान गर्नको लागि मेरो कमाण्डमा ३ सदस्य अनुसन्धान टोली गठन गरी अनुसन्धानमा लाग्यौं ।

निज राजा भन्ने ब्यक्ति उपर अनुसन्धान गर्दै जाँदा निजले सम्पूर्ण ग्राहकलाई अर्कैको नाममा रहेको SBI बैंक, एभरेष्ट बैंक, सनराईज बैंक वीरगन्ज शाखामा रहेको खातामा रकम जम्मा गर्न लगाउने तथा उक्त रकम एटिएम बाट निकाले पश्चात मात्र सामान पठाउने गरेको अनुसन्धानमा खुलेपछि हाम्रो टिमले बैकसंग सहकार्य गरी उक्त रकम निकाल्न आउने ब्यक्तिको निग्रानी शुरू गरियो । रकम निकाल्ने ब्यक्ति आफै हुनुपर्छ वा एकदमै नजिकको जिम्मेवार ब्यक्ति बाहेको अरु कसैलाई पक्कै पनि दिईदैन भन्ने मान्यतामा हाम्रो टिमले अनुसन्धान त्यता तर्फ बढि केन्द्रित गर्यो तर रकम निकाल्न सधै अर्कै बैकको एटिएम प्रयोग भएको पाईयो त्यसमा पनि लोडसेडिङ भएको अबस्थामा र सिसिटिभि नलगाईएको र पावेर ब्याकअप नभएको एटिएम बाट मात्र कारोबार गरेको देखियो जस्लेगर्दा रकम निकालेको थाहा हुँदाहुँदै पनि हामि उक्त ब्यक्तिको नजिक पुग्न सकिरहेका थियनौ भने वीरगन्जको सबै एटिएममा सर्भिलेन्स गर्न पनि सम्भव थिएन। यो क्रम करिब करिब डेढ देखी दुई चल्यो र यसै बिच एउटा एटिएम बाट पैसा निकाल्दै गरेको छोटो भिडियो प्राप्त गर्ने सफल भइयो जस्मा निजको अनुहार प्रष्ट नभएता पनि अनुसन्धान एक कदम अगाडी बढ्ने निश्चित थियो । अब हाम्रो टिमलाई एटिएम को आधारमा प्राप्त बिबरणको आधारमा निजलाई पहिचान गर्न सजिलो थियो भने निजलाई कुनैपनि बाहानमा बैक मा जान बाध्यपार्नु एकमात्र उपाय थियो र सोहि योजनानुसार नै

निज लाई बैक जानैपर्ने बाध्यता सिर्जना गरीयो र निजको प्रतिक्षामा बैक बाहिर  महिनादिन सम्म कुरे पश्चात पश्चात एभरेष्ट बैंकमा लागूऔषध खरिद गर्नको लागि डिपोजिट गरिएको रकम निकाल्न आउने क्रममा  सिसिटिभि फुटेजमा देखिएको शंकास्पद  व्यक्तिलाई पक्राउ गरी गर्न हाम्रो टिम सफल भयो ।



पक्राउ परेको ब्यक्तिको प्रारम्भिक अनुसन्धान गर्दा उक्त व्यक्ति ब्यूरोको खोजि सूचिमा रहेको राजा भन्ने बिरेन्द्र क्षेत्रि नभई निजको भाई दिपेन्द्र रहेको र उक्त खाता निज राजा भन्ने व्यक्तिको सौतिनी आमाको नाममा रहेको कुरा पत्तालाग्यो भने निजको दाजु बिराटनगर बस्ने गरेको कुरा खुल्न आए पश्चात पक्राउमा परेका अन्य  प्रतिवादीहरूबाट खुल्न आएको मोवाईल नम्वरको Call location पनि बिराटनगर देखिएकोले हाम्रो अनुसन्धान अब मूख्य रुपमा बिराटनगर तर्फ केन्द्रित गर्दै बिराटनगर क्षेत्रको शंकास्पद एरियाहरूमा फ्ल्याट भाडामा लिई बस्ने शंकास्पद हुलिया भएका व्यक्तिहरूमाथि लागू औषध ब्यूरोबाट मेरो कमाण्ड तथा स्थानिय स्तरमा लागू औषध ब्यूरो शाखा कार्यालय र स्थानिय प्रहरी समेतको संयुक्त टोलीले बोर्डर बाट भारत तर्फ भागिजानसक्ने अबस्थालाई मध्यनजर गर्दै बोर्डरमा बिषेश निगरानि बढाई भित्रि एरिया सर्च गर्ने क्रममा धेरै दिन पछिको निग्रानी पश्चात एकदिन निज राजा भन्ने व्यक्ति संग मिल्दो जुल्दो शंकास्पद हुलियाको व्यक्ति मोटरसाईकलमा हिडीरहेको देखी निजको निग्रानी गर्दै पछ्याउदै जाने क्रममा निजले शंकामानि नचिनेको ब्यक्तिको घर अगाडी मोटरसाईकल रोकी भित्र पसी पर्खाल नाघेर भाग्न खोज्ने क्रममा पहिलेनै कर्डनमा तैनाथ प्रहरी टोलिले पक्राउ गरी निजको साथमा रहेको कागजातहरू चेकजाँच तथा सोधपुछ गर्दा निज भाग्न खोज्ने व्यक्ति लागू औषध मुद्दामा फरार राजा, निर्मल, शेखर, आनन्द, अजय नाम बताउने बिरेन्द्र कुमार क्षेत्री रहेको पुष्टि भयो ।

मिती २०७०।०५।०४ गते बिरेन्द्र कुमार क्षेत्री पक्राउ पश्चात लागूऔषध कारोवारको सम्वन्धमा अनुसन्धान गर्दा निज बिराटनगरमा बसी सम्पर्कमा आएका लागूऔषध खरिदकर्तासँग एउटा मोवाईल नम्वरबाट मात्र डिल गर्ने, लागूऔषध खरिदको लागि रकम जम्मा भए पश्चात पक्राउमा परेका भाईलाई फिक्न लगाउन तथा घर परिबारसँग मात्र कुरा गर्न अर्को छुटै मोलाईल प्रयोग गर्ने, अर्को तेस्रो मोवाईल नम्वर प्रयोग गरी भारत रक्सौल बजारका कृष्ण गुप्ता, रवि गुप्ता र मुन्ना भन्ने पवन जयसवालसँग औषधीजन्य लागूऔषध खरिद गरी काठमाडौं उपत्यकामा माग गर्ने लागूऔषध

**एकै रात ५-७ जना लागु औषध कारोवारी लाई काठमाडौको बिभिन्न स्थानबाट पक्राउ गर्न सफल भयौं ।**

डिलर सम्म लागूऔषध पठाउनको लागि अफ्रोज आलम नाम गरेको व्यक्तिलाई गाडीको जिम्मा दिने गरी लागूऔषध कारोवार संचालन गर्दै आएको अनुसन्धानबाट खुल्न आयो । निज पक्राउ परे पश्चात निजको नेटवर्क बारे अनुसन्धान गरी काठमाडौमा लागौषधको डिलरको रुपमा काम गर्ने ब्यक्तिहरुलाई पक्राउ गर्ने अप्रेशन सन्चालन गरी एकै रात ५–७ जना लागु औषध कारोवारी लाई काठमाडौको बिभिन्न स्थानबाट पक्राउ गर्न सफल भयौं ।

निज बिरेन्द्र कुमार क्षेत्री पक्राउ पर्नुभन्दा अगाडी काठमाडौंमा नियन्त्रित लागू औषध एम्पुल १ सेटको रू. १५० सम्ममा कारोवार हुँदै आएकोमा निजको पक्राउ पश्चात काठमाडौं उपत्यकामा रातारात औषधीजन्य लागू औषधको आपूर्ति कम र माग बढी रहेकोले अबैध कारोवार मूल्यमा समेत बृद्धि भई प्रति १ सेट रू. ८०० देखि १००० सम्मको मूल्यमा बृद्दि भएको थियो भने लागू औषध बजारमा उपलब्ध  हुन नसक्ने अबस्था सिर्जना  भएकोले लामो समयसम्म लागू औषधको कारोवारमा शुन्यता रहयो । उपत्यकामा लागू औषध आपूर्तिमा कमी आए पश्चात निज बिरेन्द्र कुमार क्षेत्री समेतका ब्यक्तिहरुले कारागार कार्यालयबाट नै लागू औषध कारोबारको नयाँ सञ्जाल खडा गरी लागू औषधको कारोबार गर्दै आएकोमा त्यस्ता सञ्जाल समेतको पहिचान गरी लागू औषध सहित पक्राउ गरी हाल दर्जन भन्दा बढी मुद्दाहरु कानूनी कार्बाही कै क्रममा रहेको छन ।

यहि सफल अप्रेशनकै कारण तत्कालिन कार्यालय प्रमुखबाट मेरो टिममा अनुसन्धानमा खटिएका सबैलाई नगद पुरस्कार प्रदान गरिएको थियो । मेरो कमाण्डमा सन्चालित यो लागु औषध अप्रेशन मेरो प्रहरी जिवनकै एक महत्वपूर्ण तथा सम्भनायोग्य घटनाका रुपमा रहेको छ भने हाल सम्म यो अप्रेशन लागु औषध नियन्त्रण ब्यूरोमा एक सफल अप्रेशन तथा अनुसन्धानको रुपमा लिने गरीन्छ जुन कुराले म हरदम गौरम्बान्वित छु । ♦♦♦

# फेसबुकमा अष्टलक्ष्मी

प्र.प्र.का. साईबर ब्यूरो, भोटाहिटी, काठमाण्डौं ।

सामाजिक सञ्जाल फेसबुकमा तनहुँ जिल्ला घर भएकी बर्ष–१३ कि नाबालिका बज्रयोगिनी (परिवर्तित नाम) को नाम र अष्टलक्ष्मी (परिवर्तित नाम) को फोटो राखेर फेसबुक आईडी बनाईएको हुन्छ। बज्रयोगिनी नातामा अष्टलक्ष्मीकि बहिनी हुन् । बज्रयोगिनीले फेसबुकमा साथी बन्न अष्टलक्ष्मीलाई अनुरोध (Request) पठाउंछिन, सो बारेमा बहिनीलाई सोधपुछ गर्दा उनले उक्त फेसबुक आईडी नबनाएको जानकारी दिईन। अष्टलक्ष्मीलाई कसले बहिनीको नाम र आफ्नो फोटो राखी फेसबुकमा फेक (Fake) आईडी बनाई प्रयोग गरेको छ भन्ने कौतुहलता जाग्छ र उक्त आईडीको बारेमा जान्ने समेतको उदेश्य राखी अष्टलक्ष्मीले उक्त आईडी संग फेसबुकमा साथी बन्न आएको अनुरोधलाई स्वीकार (Accept) स्वीकार गर्छिन।

उक्त आईडी बाट अष्टलक्ष्मीलाई मेसेन्जरमा यौन आशयका अश्लिल सन्देशहरु आउन थाल्छन । एक जना पुरुषले भिडियो कल गरेर सम्बेदनशिल एवं गोप्य अंगहरु देखाउन आग्रह गर्छ। अष्टलक्ष्मीले भिडियो कललाई बिच्छेद गर्छिन, उक्त आईडीको नाम बज्रयोगिनी बाट Amrit Panta बनाई अष्टलक्ष्मीलाई पुनः भिडियो कल गरी यौनजन्य अश्लिल एवं पूर्ववत संवेदनशिल एवं गोप्य अंग देखाउन भनिन्छ। यो क्रम यतिमा मात्र रोकिदैन, अष्टलक्ष्मीको अर्को साथी स्वस्थानी (नाम परिवर्तित) को नाममा समेत फेक आईडी खोली माथी उल्लिखित प्रकृतिकै क्रियाकलापहरु हुन थाल्छ।



अष्टलक्ष्मी र उनको अविभावकबाट प्रहरी प्रधान कार्यालय, साईवर व्यूरोमा उपरोक्त प्रकृतिको घटनाक्रम र फेक आईडीहरु बारेमा अनुसन्धान गरी कानून वमोजिमको कारवाही गर्न निवेदन प्राप्त हुन्छ।

प्रहरी प्रधान कार्यालय, साईवर व्यूरोबाट नाबालिका लगायत महिलाहरु पिडित रहेको उक्त घटनाको अनुसन्धानलाई विशेष प्राथामिकता एवं सम्वेनदनशिलताका साथ शुरु हुन्छ । सामाजिक सञ्जाल फेसबुक लगायत स्वदेश एवं विदेशस्थित सम्बन्धित दुरसञ्चार तथा ईन्टरनेट सेवा प्रदायक निकायहरु संग समन्वय, सहकार्य गरी अनुसन्धान एवं प्राबिधिक परिक्षणहरुको माध्यमबाट अभियुक्त सम्म पुग्न साईवर व्युरो सफल हुन्छ।

यद्यपि अनुसन्धानका लागि ३५ (पैंतिस दिन) को निश्चित समयावधि, सामाजिक सञ्जालको विदेशस्थित कार्यालयसंगको समन्वय, साईवर अपराधमा प्रयोग भएका प्रविधी एवं उपकरणहरुको प्राविधिक परिक्षण लगायतका कारणबाट समयमै अभियुक्तसम्म पुग्नु त्यति सहज भने हुदैन।

फेसबुकबाट प्राप्त विवरण र त्यसमा प्रयोग भएको भनिएको मोबाईल नम्वरको सिमकार्ड अभियुक्तले लामो समयदेखी प्रयोगबिहीन अवस्थामा राखेको, अभियुक्तले साईवर अपराधलाई लुकाउने उदेश्यले सिम कार्ड र मोबाईल फोन समय–समयमा परिवर्तन गरेको बाट अनुसन्धान कार्यलाई अझ जटिल बनाएको अवस्था रहन्छ।

साईवर व्यूरो Mobile Forensic, Social Media Discoveries लगायतको उपयोग, मोबाईल नम्वर तथा ईन्टरनेट प्रोटोकल IP अध्ययन विश्लेशण, फेसबुक, मोबाईल एवं ईन्टरनेट सेवा प्रदायक निकाय संग समन्वय सहकार्य गर्दै पुर्कोट–७, तनहुँका गोपालराज मिश्रको छोरा सबिनराज मिश्र सम्म पुग्दछ।

जिल्ला अदालत, काठमाण्डौबाट पक्राउ अनुमती लिई काठमाण्डौ महानगरपालिका–१६, बालाजुबाट बर्ष–३८ को सविनराज मिश्रलाई पक्राउ गरी थप अनुसन्धान गर्दै जाँदा उनी यस अगाडी पनि २०७६ मंशिर महिनामा बिद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा–४७ बमोजिमको कसुरमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौ मार्फत जिल्ला अदालत काठमाडौमा पेश हुंदा अदालतको आदेशले रु १,००,०००।- (एक लाख) धरौटीमा छुटि गएको काठमाण्डौ जिल्ला अदालतमा मुद्दा चालु अवस्थामा नै रहेको खुल्न आउँछ।

प्रतिवादी सविनराज मिश्रले एउटै प्रकृतिको साईवर अपराध दोहोर्याएको पाईएको हुँदा पटके कायम गरी हदै सम्मको कारवाही हुन मिती २०७७ श्रावण ३२ गते जिल्ला अदालत काठमाण्डौमा पेश भएकोमा २०७७ भाद्र २ गतेको आदेशले प्रतिवादी सविनराज मिश्र पुर्पक्षको कारागार कार्यालय, जगन्नाथ देवल काठमाण्डौमा पठाइएको छ। ◆◆◆



# लेख तथा रचनाहरु

# फौजदारी कसुरको अनुसन्धानमा अनुसन्धान अधिकारीको जिम्मेवारी

संजीवराज रेग्मी
(सहन्यायाधिवक्ता)

## १. विषय प्रवेश:

फौजदारी कसुरको अनुसन्धानको उद्देश्य कसुरमा संलग्न व्यक्ति पत्ता लगाई संकलित सबुद प्रमाणका आधारमा कानून बमोजिम सजाय दिलाउन अभियोजनका लागि प्रस्तुत गर्नु हो। अनुसन्धानको कार्य व्यावसायिक र प्राविधिक कार्य भएकोले अपराधबाट पीडित व्यक्तिले अनुसन्धान गर्न सम्भव नहुने र राज्यको शान्ति व्यवस्था तथा कानून कार्यान्वयनसँग सम्बन्धित हुने भएकोले राज्यले आफ्नो निकाय वा अधिकारी मार्फत यो कार्य सम्पादन गर्ने व्यवस्था भएको हो। अपराधको अनुसन्धान गर्ने र शान्ति व्यवस्था कायम गर्ने काम एक आपसमा सम्बन्धित भएकाले प्रहरी ऐन २०१२ ले यो जिम्मेवारी नेपाल प्रहरीलाई सुम्पेको छ। सोही अनुसार प्रचलित कानूनहरुमा कसुरको अनुसन्धान गर्ने अधिकारी प्रहरीमा कार्यरत निश्चित तहको पदाधिकारी हुने व्यवस्था गरिएको छ।[1] कतिपय फौजदारी कसुरको अनुसन्धान कसुरको प्रकृति अनुसार प्रहरी वाहेक अलगै निकायका अधिकारीबाट हुने व्यवस्था पनि रहेको छ। अध्यागमन सम्बन्धी कसुर, वन तथा वन्यजन्तु सम्बन्धी कसुर, सम्पत्ति शुद्धीकरण, खाद्य वस्तु जस्ता कसुरको अनुसन्धान सम्बन्धित निकायका अधिकारीबाट गरिन्छ। तथापी गम्भीर तथा संगठित प्रकृतिका अपराध, परम्परागत रुपमा हुने अपराध, बैकिङ्ग तथा आर्थिक प्रकृतिका अपराध, सार्वजनिक हित, शान्ति र नैतिकता विरुद्धका कसुरको अनुसन्धान गर्ने जिम्मेवारी प्रहरी संगठनमा रहेको छासंघीय संरचना अन्तर्गत प्रहरीको संगठनात्मक स्वरुप संघीय र प्रादेशिक संरचनामा रहने भएकोले कसुरको अनुसन्धानको जिम्मेवारी कसरी व्यवस्थापन गर्ने भन्ने तय भै सकेको छैन। यो संघीय कानूनले तय गर्ने विषय हो। संविधानमा गरिएको अधिकारको बाडँफाडको प्रबन्ध, फौजदारी कानूनको प्रभावकारी कार्यान्वयन र अनुसन्धानलाई प्रभावकारी बनाउने कुरा र अन्तर प्रदेश समन्वय जस्ता आधारमा आवश्यक कानूनी प्रबन्ध गर्न सकिन्छ। विद्यमान कानूनी व्यवस्थाका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लिखित कसुरको अनुसन्धान गर्ने अधिकारी प्रहरी कर्मचारी नै हुने कुरामा विवाद छैन। यही सन्दर्भमा प्रस्तुत लेखमा कसुरको अनुसन्धान गर्ने प्रहरी अधिकारीको जिम्मेवारी र भूमिकाका बारेमा चर्चा गर्ने प्रयास गरिएकोछ।

## २. अनुसन्धान गर्नुपर्ने कसुरहरु

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लिखित कसुरको अनुसन्धान गर्ने जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयले तोकेको अनुसन्धान अधिकारीमा रहन्छाती कसुरहरुमा मुलुकी अपराध संहिता, २०७४ मा वर्णित राज्य विरुद्ध लगायत २५ प्रकृतिका १३८ वटा कसुर समावेश छन भने अन्य कानूनमा समावेश लागू औषध, संगठित अपराध, मानव बेचविखन, मानव अङ्ग प्रत्यारोपण, प्रतिलिपी अधिकार उल्लङ्घन, सवारी दुर्घटना, प्राचीन स्मारक सम्बन्धी कसुर आदि रहेका छन। अनुसन्धान गर्नुपर्ने कसुरको संख्या र प्रकृतिका आधारमा अनुसन्धान अधिकारीको जिम्मेवारी धैरै रहेको छानयाँ संहिताहरु कार्यान्वयनमा आएसँगै जिम्मेवारीमा थप वृद्धि भएको छाकानूनले जिम्मेवारी दिनुको अर्थ प्रहरी अनुसन्धान अधिकारीलाई विश्वास मात्र गरेको नभै प्रभावकारी रुपमा अपराधको अनुसन्धान गरी कानूनको शासन कायम गर्ने र दण्डहिनता अन्त्य गर्ने भन्ने राज्यको उद्देश्य पूरा गर्नु पनि हो।राज्यले कानून मार्फत गरेको यो विश्वासलाई अनुसन्धान अधिकारीले सोही रुपमा बुझ्न र निभाउन सक्नुपर्दछ।

## ३. अनुसन्धानको उद्देश्य

अपराध अनुसन्धानको उद्देश्य फौजदारी कसुर भए वा नभएको निश्चित गर्नु, कसुर भएको वा हुन लागेको भए सो कसुरसँग सम्बद्ध प्रमाणको विधिपूर्वक संरक्षण र संकलन गर्नु, कसुरको कारण, तरिका र उद्देश्य पत्ता लगाउनु, कसुरमा शंकित वा उत्तरदायी व्यक्तिको पहिचान पुष्टी गर्नु, कसुरको पीडित र साक्षी पहिचान गर्नु, अनुसन्धानका प्रमाण र लिखत तयार गर्नु र सुनुवाईमा प्रस्तुत गर्नु, अपराध पीडित र असर पर्न सक्ने अन्य व्यक्तिहरुलाई थप पीडित हुनबाट रोक्नु हो। समग्रमा अनुसन्धानको उद्देश्य फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउनु हो।यसबाट राज्यको अपराध रोकथाम गर्ने, सुव्यवस्था कायम गर्ने र कानूनको कार्यान्वयन मार्फत विधिको शासन प्रबर्द्धन गर्ने लक्ष्यमा सहयोग पुग्दछ। अनुसन्धान अधिकारीको प्रयास र भूमिका यही उद्देश्यमा केन्द्रीत हुनुपर्ने देखिन्छ।

1 मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ ले कम्तिमा प्रहरी नायव निरीक्षक र कतिपय कसुरमा प्रहरी निरीक्षक दर्जाको अनुसन्धान अधिकारी हुनुपर्ने व्यवस्था गरेकोछ।

## ४. अनुसन्धान अधिकारी

मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ ले सो संहिताको अनुसूची १ मा उल्लिखित कसुरका सम्बन्धमा जानकारी प्राप्त भएपछि सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान अधिकारी तोक्नुपर्ने र सो अनुसन्धान अधिकारीले कसुरको अनुसन्धान गर्नुपर्ने हुन्छ । अनुसन्धान अधिकारी कम्तीमा प्रहरी नायव निरीक्षक दर्जाको हुनुपर्दछ भने राज्य विरुद्धका कसुर, ज्यान सम्बन्धी कसुर,अपहरण वा शरीर बन्धक, जवर्जस्ती करणी,इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेको, बद्नियत चिताई इलाज गरेको, झुठ्ठा प्रतिवेदनको कारण ज्यान मरेको वा अंगभंग भएको, लापरबाही वा हेलचक्र्याइँ गरी इलाज गरेको, मञ्जुरी विना मानव शरीरमा परीक्षण गरेको, औषधिमा मिसावट गरेको वा मिसावट गरेको औषधि बिक्री गरेको, डाँका, खोटा मुद्रा बनाउने, खोटा मुद्रा चलन गर्ने, खोटा मुद्रा बनाउने सामान बनाउने, राख्ने वा मर्मत गर्ने, लागू औषध, मानव बेचबिखन तथा ओसार पसार र विदेशी विनिमय सम्बन्धी कसुर र नेपाल सरकारले कसुरको गम्भीरता हेरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कसुरका सम्बन्धमा कम्तीमा प्रहरी निरीक्षक दर्जाको कर्मचारीलाई अनुसन्धान अधिकारी हुनुपर्दछ ।[2] प्रहरी नायव निरीक्षक दर्जा भन्दा तल्लो दर्जाको प्रहरी अधिकारी कुनै पनि कसुरको अनुसन्धानकर्ता हुन सक्दैन भने निश्चित कसुरका सम्बन्धमा प्रहरी निरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको प्रहरी अनुसन्धान अधिकारी हुनसक्दछ । कुनै खास कसुरका सम्बन्धमा अनुसन्धान गर्न गठित अनुसन्धान टोली समेत अनुसन्धान अधिकारी मानिन्छ ।[3]

## ५. अनुसन्धान अधिकारीको जिम्मेवारी

अनुसन्धान अधिकारीको मुख्य जिम्मेवारी तोकिएको कसुरको सम्बन्धमा अनुसन्धान गर्नु र सत्यता पत्ता लगाउनु हो।यसका अलावा प्रहरी कर्मचारीको रुपमा कसुर गर्न रोक्नु, कसुरदारलाई भाग्न,उम्कन नपाउने व्यवस्था गर्नु, प्रमाण लोप वा नाश हुन नदिने लगायतका कार्य गर्नुपर्ने कर्तव्य हुन्छ। कसुरको अनुसन्धान गर्ने सम्बन्धमा अनुसन्धान अधिकारीको जिम्मेवारी निम्न अनुसार रहेका छन ।

### ५.१. कसुर सम्बन्धी प्रमाण संरक्षण गर्ने तथा कसुर गर्ने व्यक्ति भाग्न नपाउने प्रबन्ध गर्ने

कसुरसँग सम्बन्धित प्रमाण संकलन गरी संलग्न व्यक्तिसँग त्यसको सम्बन्ध स्थापीत गर्नु अनुसन्धानको मुख्य उद्देश्य हो।यसका लागि त्यस्ता प्रमाण प्राप्त वा उपलब्ध हुनसक्ने स्थानको सुरक्षा र संरक्षण गर्नुपर्ने हुन्छ। कसुरसँग सम्बन्धित प्रमाण नष्ट हुन वा लोप हुनबाट रोक्नु यसको उद्देश्य हो।यस अन्तर्गत निम्न जिम्मेवारी अनुसन्धान अधिकारीमा रहन्छ ।[4]

- कसुरसँग सम्बन्धित प्रमाण लोप वा नाश हुन नदिन र कसुर गर्ने व्यक्ति भाग्न उम्कन नदिने आवश्यक र प्रभावकारी व्यवस्था गर्ने,
- घटनास्थलको सुरक्षा गर्ने, अभियुक्त वा शंकित व्यक्ति भाग्न, उम्कन नपाउने प्रबन्ध गर्ने, यसका लागि अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई कारवाही गर्ने,
- कसुरसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण वा वस्तु फेला पारेमा कब्जामा लिई आवश्यकता अनुसार मुचुल्का खडा गर्ने,
- मुचुल्का गर्ने कार्य सम्पन्न नभएसम्म दशी, प्रमाण वा स्थान वा घटनास्थल सुरक्षित राख्ने,

### ५.२. अनुसन्धान गरी सबुद प्रमाण संकलन गर्ने

अनुसन्धान अधिकारीको प्रमुख जिम्मेवारी कसुरको अनुसन्धान गरी सम्बद्ध प्रमाण रितपूर्वक संकलन गर्नु हो । यस अन्तर्गत कसुर भएको ठाँउको यथार्थ चित्रण हुनेगरी कसुर भएको मिती र समय, कसुर भएको ठाँउको रेखाचित्र र विवरण, सो ठाँउको वस्तुस्थिति, वरपर देखिएको वा पाईएको दसी प्रमाण र कसुरसँग सम्बन्धित अन्य विवरण खुलाई घटनास्थल मुचुल्का तयार गर्ने कुरामा अनुसन्धान अधिकारीको भुमिका रहन्छ । यसका साथै कसुरसँग सम्बन्धित भौतिक सबुद सबुद प्रमाण पहिचान, संकलन गरी रीतपूर्वक बरामद गर्ने, कसुरको प्रकृति अनुसार पाईने भौतिक वस्तु वा प्रमाण संकलन गरी विशेषज्ञवाट परीक्षण गराउने लगायत कार्य अनुसन्धान अधिकारको जिम्मेवारीका विषय हुन । अनुसन्धान अधिकारीले कसुरको गम्भीरता हेरी घटनास्थलमा सम्वन्धित विशेषज्ञ साथमा लैजान उपयुक्त ठहर्याएमा त्यस्तो विशेषज्ञलाई साथमा लिई अनुसन्धान गर्न सक्दछ। साथै अनुसन्धानका लागि कसुरको प्रकृति अनुसार रगत, वीर्य, रौं वा शरिरको कुनै अङ्ग, हात हतियार वा चिज वस्तु वा डि.एन.ए.वा अन्य कुनै भौतिक प्रमाण विशेषज्ञबाट परीक्षण गराउन सक्छ।

यस्ता भौतिक प्रमाण संकलन र बरामद गरी विशेषज्ञबाट परीक्षण गराउन पठाउने कुरामा अपनाउनुपर्ने प्रकृया र कार्यबिधिको पालना प्रमाणिक महत्वका लागि महत्वपूर्ण हुन्छ । यसमा अनुसन्धान अधिकारीले ख्याल गर्नुपर्दछ भने यस्ता प्रमाण परीक्षण र प्रतिवेदन प्राप्तीमा विशेषज्ञसँगको समन्वय पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यसका अलावा अनुसन्धानका सिलसिलामा अनुसन्धान अधिकारीले

---

2 मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८

3 ऐ.दफा २(ख)

4 ऐ.दफा ७

अपराध पीडित, कसुरका सम्बन्धमा देख्ने थाहा पाउने साक्षीहरुसँग सोधपुछ गरी भनाई अभिलेखबद्ध गर्न सक्दछ।

अपराध अनुसन्धानलाई भौतिक प्रमाणमा आधारित र वस्तुनिष्ट बनाउने कुराले दोषी व्यक्ति पत्ता लाग्ने मात्र नभै त्यस्ता व्यक्तिको कसुर प्रमाणित गर्न र कसुरदारको संलग्नता शंकारहित रुपमा प्रमाणित गर्न सकिन्छ। यसबाट अभियोजनले सफलता प्राप्त गर्ने, आरोपितले सजाय पाउने, पीडितले न्याय पाउने र राज्यमा दण्डहिनता अन्त्य गर्न मदत पुग्ने तथा कानूनको कार्यान्वयन प्रभावकारी हुनसक्छ। यस कुरामा अनुसनधान अधिकारीको जिम्मेवारी अझै महत्वपूर्ण रहन्छ।

## ५.३. शंकित व्यक्तिलाई पक्राउ गर्ने र वयान लिने

अनुसन्धानको सिलसिलामा कसुरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसुर गर्दागर्दै अवस्थामा रहेमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्नसक्ने जिम्मेवारी अनुसन्धान अधिकारीमा रहन्छ।[5] कसुरको अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई पक्राउ गर्ने सम्बन्धमा कार्यबिधि संहिताले विगतको भन्दा नयाँ र फरक व्यवस्था गरेको हुँदा अनुसन्धान अधिकारीले सो कार्यबिधिको पालना गर्नुपर्ने जिम्मेवारी हुन्छ।[6] पक्राउ सम्बन्धमा दुईवटा तरिकाको पालना गर्नुपर्दछ। पहिलो पक्राउ गर्नु पर्ने व्यक्तिको विवरण सहित पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिने र मुद्दा हेर्ने अधिकारीबाट अनुमति प्राप्त गरी पक्राउ गर्ने र दोश्रो तत्काल पक्राउ नभएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण नष्ट गर्ने मनासिव कारण भएमा जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्ने जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरिएकोमा स्वीकृतिका लागि पक्राउ परेको व्यक्ति सहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्दछ र मुद्दा हेर्ने अधिकारीवाट स्वीकृति प्राप्त नगरी उक्त कसुरका सम्बन्धमा अन्य अनुसन्धान सम्बन्धी कारबाई गर्न सकिदैन।

पक्राउको सम्बन्धमा कानूनले तोकेको कार्यबिधिको अवलम्बन गरी मात्र आरोपित व्यक्ति पक्राउ गर्ने कुरामा अनुसन्धान अधिकारीले ध्यान दिनुपर्दछ भने मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारी भएकोमा सो पूर्जी पक्राउ नपरेसम्म सार्वजनिक नगर्ने कुरामा पनि अनुसन्धान अधिकारीको ध्यान दिनुपर्छ। यसका अलावा पक्राउ गर्नुपर्ने व्यक्ति महिला भएमा सम्भव भएसम्म महिला प्रहरीबाट पक्रन लगाउने कुरामा पनि हेक्का राख्नुपर्दछ।

## ५.४. प्रारम्भिक अनुसन्धान गर्ने र प्रतिवेदन पठाउने

कसुरको सूचना दर्ता हुनासाथ अनुसन्धान अधिकारीको सो विषयमा तुरुन्त प्रारम्भिक अनुसन्धान गर्ने जिम्मेवारी हुन्छ। प्रारम्भिक अनुसन्धान शुरु गरेपछि सोको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा तीन दिन भित्र पठाउनु पर्दछ। सरकारी वकिलबाट यस सम्बन्धमा भएको निर्देशनको पालना अनुसन्धान अधिकारीको कार्यक्षेत्रभित्र रहन्छ।

## ५.५. जाहेरी वा सूचना तामेलीमा राख्ने

कुनै कसुरका सम्बन्धमा प्राप्त सूचना वा जाहेरीका सम्बन्धमा सम्बन्धित व्यक्ति वा जाहेरवाला समेतलाई बुझ्दा त्यस्तो दरखास्त वा सूचना भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा सम्बन्धित अनुसन्धान अधिकारीले सोही कुरा खुलाई सामान्यतया तीन दिन भित्र सम्वन्धित सरकारी वकिल कार्यालयमा प्रतिवेदन पठाउनुपर्दछ। सम्बन्धित सरकारी वकिलले तत्काल तामेलीमा राख्ने वा अनुसन्धान गर्नु उपयुक्त देखेमा सोही अनुसार निर्देशन दिन सक्छ।[7] सरकारी वकिलले थप अनुसन्धान गर्न निर्देशन दिएकोमा अनुसन्धान अधिकारीले थप अनुसन्धान गर्नुपर्ने जिम्मेवारी हुन्छ भने तामेलीमा राख्न निर्देशन दिएकोमा त्यस्तो जाहेरी वा सूचना तामेलीमा राख्नुपर्ने जिम्मेवारी रहन्छ।

## ५.६. पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने

कसुरको अनुसन्धानको सिलसिलामा पक्राउ परेको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्नुपर्दछ। यसरी हिरासतमा राख्दा त्यस्तो व्यक्तिलाई पक्राउ गरिएको ठाउँ उल्लेख गरी हिरासतमा राख्नुपर्ने कारण सहितको थुनुवा पूर्जी दिएर मात्र हिरासतमा राख्नुपर्दछ। हिरासतमा राखिएको व्यक्तिको हकमा निजको नाम, थर, उमेर, टोल सहितको ठेगाना, बाबु, आमाको नाम, निजको नागरिकताको प्रमाणपत्र वा निजको पहिचान खुल्ने अन्य परिचयपत्र, निजको टेलिफोन भए सोको नम्बर लगायत निजको वास्तविक परिचय खुल्ने कागजातको प्रतिलिपि समेत लिई निजको अभिलेख तयार गर्नु पर्दछ। यसरी तयार भएको अभिलेखको आधारमा हिरासतमा रहेको व्यक्तिले जानकारी दिन अनुरोध गरेको व्यक्तिलाई हिरासतमा रहेको जानकारी दिनु पर्दछ। साथै पक्राउ गरिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनु पर्दछ।[8]

5 ऐ.दफा ९(१)
6 ऐ.दफा ९
7 ऐ.दफा ११
8 ऐ.दफा १३

पक्राउ परेको व्यक्तिको मानव अधिकार र स्वच्छ सुनुवाईको हकसँग सम्बन्धित हकको संरक्षण गर्ने तथा पक्राउ परी हिरासतमा राख्दा त्यस्तो व्यक्तिको अभिलेख राख्ने कुरामा अनुसन्धान अधिकारीलाई यो व्यवस्थाले उत्तरदायी बनाउन खोजेको छ। यसको कार्यान्वयनमा अनुसन्धान अधिकारीको महत्वपूर्ण जिम्मेवारी रहन्छ।

## ५.७. अनुसन्धानका लागि हिरासतमा राख्ने जिम्मेवारी

कसुरको अनुसन्धानका लागि पक्राउ परेको व्यक्तिलाई अनुसन्धान अधिकारीले २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्दछ र यसको विपरित कसैलाई हिरासतमा राख्न हुदैन। अनुसन्धानका लागि २४ घण्टा भन्दा बढी कसैलाई हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले आधार र कारण खुलाई सरकारी वकिल मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्दछ । आधार र कारण अन्तर्गत आरोपित व्यक्ति उपरको अभियोग, त्यसको आधार, हिरासतमा राखी अनुसन्धान गर्नुपर्ने कारण तथा अनुसन्धानको प्रगति उल्लेख गर्नुपर्ने हुन्छ।[9]

यसरी हिरासतमा राख्ने म्याद थप दिने नदिने सम्बन्धमा अदालतले अनुसन्धान अधिकारीले गरेको अनुसन्धान सन्तोषजनक रुपमा भए नभएको कुरालाई आधार लिने हुदाँ अनुसन्धान अधिकारीले म्याद थप माग गर्दा हिरासतमा राख्नुपर्ने आधार कारण उल्लेख गरी अनुसन्धानका लागि किन हिरासतमा राखी रहन आवश्यक छ भन्ने कुरा देखाउनुपर्दछ । हिरासतमा राख्ने आधारका सम्बन्धमा अनुसन्धान अधिकारीले पर्याप्त रुपमा कारण उल्लेख नगर्ने गरेको र सरकारी वकिलले पनि यसमा त्यति ध्यान दिन नसकेको अवस्था रहेको हुँदा यो व्यवस्थाको कार्यान्वयनमा अनुसन्धान अधिकारीले विशेष रुपमा हेक्का राख्न आवश्यक छ। साथै अदालतले दिएको अनुमतिको म्याद भित्र अनुसन्धान कार्य सम्पन्न गरी अभियोजनका लागि पेश गर्नुपर्ने हुन्छ।अनुसन्धान अधिकारीले ७ महिनाको गर्भवती महिला, बालबालिका र ७५ बर्ष नाघेको व्यक्तिलाई कसुरको प्रकृति हेरी थुनामा नराखी अनुसन्धान गर्न सक्ने अधिकार कानूनले प्रदान गरेको हुँदा यस्तो अवस्थाका व्यक्तिको हकमा गरिएको संरक्षणात्मक व्यवस्थाको कार्यान्वयन पनि महत्वपूर्ण हुन्छ।

## ५.८. धरौट, जमानत वा तारिखमा छाड्न सक्ने

अनुसन्धानको सिलसिलामा पक्राउ गरी हिरासतमा रहेको व्यक्तिलाई सवै अवस्थामा थप हिरासतमा राखिरहन आवश्यक वा उपयुक्त हुदैन।त्यस्तो अवस्थामा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारेखमा राख्न सक्छ ।[10] यसरी धरौट वा जमानीमा छाड्दा वा तारेखमा राख्दा त्यसरी छोडिएको वा तारेखमा राखिएको व्यक्ति उपर मुद्दा चलाउने अवस्थामा निज उपस्थित हुने गरी निजको कागज गराउनु पर्ने जिम्मेवारी अनुसन्धान अधिकारीमा रहन्छ।

## ५.९. सरकारी वकिलको निर्देशन पालना

कसुरको अनुसन्धानमा सरकारी वकिल विभिन्न चरणमा अनुसन्धान अधिकारीसँग जोडिन्छ। जाहेरी वा अपराधको सूचना तामेली राख्ने सम्बन्धमा, शंकित व्यक्तिलाई हिरासतमा राख्न अदालतमा अनुमति माग गर्ने सम्बन्धमा, अभियुक्तको वयान लिने कुरामा, हिरासतमा रहेको व्यक्तिलाई हिरासतमा राख्नु नपर्ने अवस्थामा धरौट वा जमानत लिई छाड्ने सम्बन्धमा, अनुसन्धान अधिकारीले कानूनी राय माग गरेकोमा राय उपलब्ध गराउने सम्बन्धमा सरकारी वकिल र अनुसन्धान अधिकारी वीच समन्वय र सहकार्य गर्नुपर्ने हुन्छ। यसका अलावा अनुसन्धानका सिलसिलामा सरकारी वकिलले अनुसन्धान अधिकारीलाई थप प्रमाण संकलन गर्न, कुनै व्यक्तिसँग बुझ्न निर्देशन दिन सक्दछ । यस्तो निर्देशन अनुसन्धानलाई प्रभावकारी बनाउने सन्दर्भमा केन्द्रीत हुनुपर्दछ भने सरकारी वकिलले दिएको यस्तो निर्देशन अनुसन्धान अधिकारीले पालना गर्नुपर्ने कर्तव्य हुन्छ।[11]

## ५.१०. अनुसन्धान प्रतिवेदन तयारी र सरकारी वकिल समक्ष प्रस्तुत गर्ने

अनुसन्धान अधिकारीले तोकिएको कसुरको सम्बन्धमा अनुसन्धानको कार्य पूरा भएपछि घटनाको तथ्य, संकलित प्रमाण, विशेषज्ञको राय समेतको अध्ययन र विश्लेषण गरी अनुसन्धान प्रतिवेदन तयार गर्नुपर्दछ । अनुसन्धान प्रतिवदन अनुसन्धानले देखाएको तथ्य र प्रमाणको निष्कर्ष हो । यस्तो प्रतिवेदनमा अनुसन्धान गरिएको कसुरमा शंका गरिएका सबै वा केही व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा कुन कानू अन्तर्गत सजाय हुनुपर्ने हो सोही कुरा उल्लेख गर्नुपर्दछ। अनुसन्धानबाट कसुर नभएको देखिएको वा कसुर भएपनि कसुर गर्ने व्यक्ति एकीन हुन नसकेको वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाउनु पर्दछ।[12] यसरी तयार भएको अनुसन्धान प्रतिवेदन सम्बन्धित सरकारी वकिल कार्यालयमा अभियोजन गर्ने नगर्ने कार्यका लागि पठाउनुपर्ने हुन्छ । अनुसन्धान प्रतिवेदन सरकारी वकिलका लागि अभियोजन

---

9 ऐ.दफा १४
10 ऐ.दफा १५
11 ऐ.दफा १०(४) र ३१(५)
12 ऐ.दफा ३१

सम्बन्धी निर्णय गर्न, अनुसन्धान अधिकारीको निष्कर्ष र दृष्टिकोण थाहा पाउन तथा थप अनुसन्धान गर्न निर्देश गर्न महत्वपूर्ण आधार हो । अनुसन्धानबाट देखिएको तथ्य र प्रमाणको सही विश्लेषणमा अनुसन्धान प्रतिवेदन तयार गर्ने अधिकारीको निष्पक्षता र दक्षता देखिन्छ । असल नियत र निष्पक्षताले अनुसन्धान अधिकारीको कामको संरक्षण हुन्छ भने बद्नियत वा पूर्वाग्रहले अनुसन्धान अधिकारीलाई सो प्रति जवाफदेही बनाउँछ।

### ५.११. सजायमा छुटको सिफारिस गर्ने

कुनै कसुरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसुरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस बापत कानून बमोजिम सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्नसक्दछ।[13] यसरी अनुसन्धान अधिकारीवाट सिफारिस भै आएमा वा अभियुक्तले अनुसन्धानमा सहयोग गरेको देखिएमा सरकारी वकिलले सहयोगको अवस्था हेरी शर्त सहित सजायमा छुट दिन प्रस्ताव गरी अभियोगपत्र दायर गर्नसक्छ। अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई सजायमा छुटको सिफारिस गर्ने संहिताले गरेको नयाँ व्यवस्थाको कार्यान्वयनको जिम्मेवारी अनुसन्धान अधिकारीमा रहेको छायस्तो सिफारिस अनुसन्धान प्रतिवेदनमा उल्लेख गर्न सकिन्छ।

## ६. अनुसन्धान अधिकारीको भूमिका

कसुरको अनुसन्धानमा कानूनले सुम्पेको जिम्मेवारी प्रभावकारी रुपमा वहन गर्नुपर्ने कर्तव्य र भूमिका अनुसन्धान अधिकारीमा रहेको छाअनुसन्धानलाई निष्पक्ष, वस्तुनिष्ट र प्रभावकारी बनाउने कुराले जिम्मेवारीको सही पालना भएको मानिन्छ। कसुरको अनुसन्धानका सम्बन्धमा अनुसन्धान अधिकारीको जिम्मेवारी र कर्तव्यका आधारमा भूमिकालाई हेर्न सकिन्छ।

- अनुसन्धान कार्यबिधिको पालना गर्दै वस्तुनिष्ट अनुसन्धान गरी अभियोजन सफल बनाउने,
- सरकारी वकिल, मुद्दा हेर्ने अधिकारी, अपराध पीडित, विशेषज्ञ तथा अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने भूमिका,
- शंकित व्यक्ति र पीडितको अधिकारको सम्मान र संरक्षण गर्ने भूमिका,
- फौजदारी कसुरको अनुसन्धानमा राज्यले राखेको विश्वासलाई उत्कृष्ट अनुसन्धान मार्फत कायम गर्ने भूमिका,
- प्रहरी संगठनको अधिकारीको रुपमा अपराध अनुसन्धान मार्फत संगठनको साख वलियो बनाउने भूमिका,
- फौजदारी कानून कार्यान्वयन मार्फत शान्ति व्यवस्था र कानूनको शासन कायम गर्ने भूमिका।

## ७. चुनौति र सुधार

अनुसन्धानकर्ताको व्यावसायिकता विकास, श्रोत साधनको उपलब्धता, दक्षता विकास, स्वायत्तता, सरोकारवालाहरुको सहयोगको अभावमा अनुसन्धान प्रभावकारी हुन सक्दैन। अनुसन्धान अधिकारीको स्वयंको दक्षता र सीपको पनि उत्तिकै महत्व रहन्छ। कानूनले दिएको जिम्मेवारी वहन गर्नसक्ने किसिमको दक्ष र तालीम प्राप्त जनशक्ति र अनुसन्धानका लागि आवश्यक पर्ने भौतिक साधनको कमी अनुसन्धानको लागि प्रमुख चुनौति हुन सक्दछ। संहिताले प्रहरीले अनुसन्धान गर्नुपर्ने कसुरका सम्बन्धमा जिम्मेवारी थप गरेको छ भने अनुसन्धान कार्यबिधिमा पनि व्यापक परिवर्तन गरेको छ। यो परिवर्तनले एकातिर विधि र प्रकृयाको पालनामा थप जिम्मेवार बनाएको छ भने सम्बद्ध निकाय वा पदाधिकारीसँग गर्नुपर्ने समन्वय र सहकार्यको क्षेत्र पनि विस्तार गरेको छ। अनुसन्धानमा अपराध पीडित, शंकित, सरकारी वकिल, अभियुक्त, प्रतिरक्षी कानून व्यवसायी, मुद्दा हेर्ने अधिकारी, विशेषज्ञ, प्रयोगशाला, चिकित्सक, नागरिक समाज, संचारकर्मीसँग समन्वय र सहकार्य कायम गर्नुपर्ने हुन्छ। अनुसन्धानमा अपनाउनुपर्ने सावधानी र प्रकृयागत कुराको पालनामा हुने त्रुटीले अनुसन्धानमा प्रतिकुल प्रभाव पर्ने हुन्छ। असल नियतले कार्य गर्दा पनि कहिलेकाही अनुसन्धानका सम्बन्धमा उठ्ने प्रश्न र त्यसका लागि अनुसन्धान अधिकारी उत्तरदायी हुनुपर्ने कुराले पनि थप जटिलता सिर्जना गर्न सक्छ। तथापी देखिएका चुनौति र समस्याको समाधानमा प्रयास गर्दै अपराध अनुसन्धानलाई राज्यले सुम्पेको महत्वपूर्ण जिम्मेवारीको रुपमा लिई सोही अनुरुप उपलब्ध साधन श्रोतको अधिकतम उपयोग गरी वस्तुनिष्ट र प्रभावकारी अनुसन्धान गर्ने कुरामा अनुसन्धान अधिकारीको प्रयास केन्द्रीत हुन आवश्यक छायसका लागि सरोकारवालासँगको सहकार्य र समन्वय विस्तार अनुसन्धान अधिकारीका लागि सहयोगी बन्न सक्दछाकसुरको वस्तुगत र भौतिक सबुदमुखी अनुसन्धान गर्ने कुरा, कार्यबिधिको अक्षरस पालना, अभियुक्तका अधिकारको सम्मान, पीडित र साक्षीको संरक्षण, अभियोजनकर्ता, विशेषज्ञ र अदालतसँगको समन्वय र सहकार्य अनुसन्धान अधिकारीको लागि महत्वपूर्ण आधार हुन। ◆◆◆

---

13 ऐ.दफा ३३(१)

# सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा बदनियत र यसको परिणाम

**श्रीकृष्ण भट्टराई** [1]
**माननीय जिल्ला न्यायधीश**
**काठमाण्डौ जिल्ला अदालत**

## १. अपराध अनुसन्धान:

अपराध अनुसन्धान फौजदारी मुद्दामा अन्तर्निहीत तथ्यहरूको अध्ययन गर्ने प्रयोगात्मक विज्ञान हो । यसमा खोजी, अन्तरवार्ता, बयान, प्रमाणहरू जस्ता अनुसन्धानका विभिन्न पद्दतिहरू अप्नाइन्छ। फौजदारी मुद्दाहरूको अनुसन्धानमा आजकल विभिन्न वैज्ञानिक तकनिकी (Scientific Techniques) वा विधिविज्ञान (Forensic Science) प्रयोग हुने गर्दछ।

विद्वान् Josef Prusa का अनुसार - अनुसन्धान भन्नाले कुनै लक्ष्यमा पुग्नको लागि सूचनाहरूको सङ्कलन गर्ने प्रकृया (An investigation refers to the process of collecting information in order to reach some goal)[2] लाई जनाउँछ ।

Encyclopaedia Britannica का अनुसार अपराध अनुसन्धान पद्धतिहरूको समष्टि हो, जसद्वारा अपराधहरूको अध्ययन र अपराधीहरू पक्रने कार्य गरिन्छ । अपराध अनुसन्धानकर्ताले अपराधीको पहिचान, पद्धति र प्रवृत्ति सुनिष्चित गर्न खोज्छ, र पीडितको पहिचान, साक्षीहरूलाई सवालको खोजी गर्छ (Criminal investigation, ensemble of methods by which crimes are studied and criminals apprehended= The criminal investigator seeks to ascertain the methods, motives, and identities of criminals and the identity of victims and may also search for and interrogate witnesses[3]) ।

## २. अपराध अनुसन्धानको विकासक्रम:

अपराध अनुसन्धानको विकास यस बेलादेखि भएको हो भनी तिथिमिती प्रमाणित गर्ने आधिकारिक दस्तावेज हालसम्म उपलब्ध भएको पाइदैन । तरपनि अपराध अनुसन्धानको सुरुआत इशापूर्व १७०० को हम्बुराबी संहिता (Code of Hammurabi) बाट भएको मानिन्छ, जसमा अभियोजन र अभियुक्त दुवै पक्षले आ–आफ्ना प्रमाणहरू पेस गर्नुपर्ने प्रचलन थियो ।

बेलायतमा राजाले तेह्रौं सताब्दीमा स्थापना गरेको जस्टिस अफ पिस र पेरिस कन्सटेबल इङ्गल्याण्ड र अमेरिकामा १८२७ सम्म प्रचलनमा रह्यो । औद्योगिक लण्डनमा बेरोजगारीको कारण चोरीले लिएको महामारीलाई रोक्न कन्सटेब्लरी प्रणाली (Constabulary System) संस्थागत भयो। स्थानीय न्यायालयले गठन गरेको कन्सटेबलहरूको समूह चोरी रोक्न असफल भएपछि व्यापारी र धनाढ्यहरूले आफ्नै खर्चमा चोर पक्रने व्यक्ति (Thief Catcher) प्रयोगमा ल्याउन थाले, यसबाट Private Detective अवधारणाको विजारोपण पनि भयो । हेनरी फिल्डले सन् १७४८ मा पहिलो पुलिस इन्टिलिजेन्स संस्था स्थापना गरे जुन लण्डन महानगर क्षेत्रमा प्रमुख कानून कार्यान्वयन निकायको रूपमा रह्यो[4] । पछि १८४५ मा आएर न्यूयोर्क शहरले कन्सटबरी प्रणाली (Constabulary System) त्यागी सङ्गठित प्रहरी बल (Organized Police Force) गठन गर्यो।

## ३. वैज्ञानिक अनुसन्धान प्रणालीको प्रादुर्भाव:

घटनास्थल (Crime Scene) को विश्लेषणको लागि वैज्ञानिक प्रणालीको प्रयोग फोरेन्सिक विज्ञान (Forensic Science) को विकाससँगै सुरु भयो । चिनीयाहरूले १२१८ मै लास आफैंमा मृत्युको कारण र तरिकाको सूचना हुनेकुरा पत्ता लगाएका थिए । युयान लू (Yuan Lu) द्वारा सन् १२१५ मा प्रकाशित शव परीक्षणको मार्गदर्शक सिद्धान्त प्रकाशित भएको थियो । बाम्बर्ग कोडको

1 न्यायाधीश, काठमाडौं जिल्ला अदालत
2 Josef Prusa, PoliceM Criminal Investigations - Criminal Investigation Defined; Web Solutions LLC=, 2020, Retrieved August 30, 2020 from httpsM//law=jrank=org/pages/1654/Police-Criminal-Investigations-Criminal-investigation-defined=html
3 The Editors of Encyclopaedia Britannica, Encyclopædia Britannica, Inc=, Criminal investigation, -Aug= 30, 2020, 8M17 PM_, httpsM//www=britannica=com/topic/fingerprint
4 Ronald F= Becker, Criminal Investigation, 16 -2000_

प्रकाशनसँगै यूरोपमा Forensic Pathology को प्रारम्भ १५०७ मा भयो । त्यसको तेईस वर्षपछि रोमन सम्राट चार्ल्स पाचौँले कन्स्टिट्युटियो क्रिमिनालिज क्यारोलिना[5] नामको अपराध संहिता जारी गरे[6] । त्यसैगरी सोह्रौं शताब्दीमा प्रसिद्ध फ्रेञ्च सर्जन अम्ब्रोस पेरे[7] ले औपचारिक चिकित्सीय अटोप्सी प्रचलनमा ल्याए[8] ।

बेलायतमा प्रचलित English Coroner System लाई राजा एडवार्ड प्रथमको पालामा सन् १२७२ मा व्ल्याकस्टोनले न्यायिक वा प्रशासकीय शेरिफ प्रकृतिको भनी टिप्पणी गरेका थिए । उन्नाइसौँ शदीमा प्याथोलोजी परीक्षण प्रार्दुर्भाव भयो । सन् १८९२ मा Sir Francis Galton ले Finger Prints नामको पुस्तक प्रकाशन गरे, अमेरिकामा सन् १९२४ मा फिङ्गरप्रिन्टको दक्षता अभिवृद्धि भयो । जर्मन चिकित्सक Paul Uhlenhuth ले १९०१ मा रक्त परीक्षणको विकास गरे । हाल प्रचलित DNA[9] परीक्षणले यसमा थप सहजता ल्याएको छ[10] ।

हाल अत्याधुनिक र साधन, स्रोत सम्पन्न फोरेन्सिक प्रयोगशालाहरूले Serology, Immunology, Ballistics, Document Analysis, Fingerprinting, Polygraphy, Analytical Chemistry, Geology जस्ता क्षेत्रमा भएको द्रुत विकासले प्रहरीको तालिम, दक्षता अभिवृद्धि र वित्तीय साधन, स्रोत उपलब्धताको भूमिका अझ वृद्धि गरेको छ ।

## ४. अपराध अनुसन्धानको उद्देश्यः

अपराध अनुसन्धानले निम्न उद्देश्यको लागि अपराधसँग सम्बन्धित सूचना वा प्रमाणहरू सङ्कलन गर्छ[11]:

(क) अपराध घटित भए र नभएको निर्क्यौल गर्ने (determine, if a crime has been committed)

(ख) अपराधी पत्ता लगाउने (Identify the perpetrator)

(ग) अपराधी पक्राउ गर्ने (Apprehend the perpetrator) र

(घ) कसुर कायम गर्न प्रमाण उपलब्ध गराइ अदालतलाई सहयोग गर्ने (Provide evidence to support a conviction in court)

यदि माथि उल्लिखितमध्ये पहिलो ३ वटा उद्देश्यहरू सफललतापूर्वक प्राप्ति भए भने समस्या समाधानको सुनिष्चितता हुन्छ ।

## ५. घटनास्थल (Crime Scene) को अनुसन्धानः

भनिन्छ कि दुईवटा घटनास्थल कहिल्यै समान हुँदैनन्[12] । हरेक Crime scene मा भौतिक प्रमाणको उपस्थिति हुने भएकोले अनुसन्धानकर्ताको मुख्य दायित्व घटनास्थल सुरक्षित राख्नु हो ।

घटनास्थलको संरक्षणको लागि अनुसन्धानकर्ताले निम्न कार्यहरू गर्नुपर्ने हुन्छ[13] :

(i) पहिलो कार्य (First Response):

- घटनास्थल बारे धारणा बनाउनु (Conceptualizing the crime scene)
- सीमाना घेराबन्दी गर्नु (Establishing the boundaries of the crime scene)
- अचम्मको दृष्य बाहिर राख्नु (Keeping the curious out)
- अनाधिकृत व्यक्तिलाई बाहिर राख्नु (Keeping the unauthorized personnel out)
- सबै अनाधिकृत व्यक्तिलाई हटाउनु (Removing all unauthorized personnel)
- चस्मदीत गवाहलाई नियन्त्रणमा लिनु र भिन्न राख्नु (Detaining and separating any eyewitness)
- कार्य सम्पन्न नहोउञ्जेलसम्म सुरक्षा दिनु (Continuing security until properly relieved)

(ii) नोट टिपोट (Note Taking):

नोट लिने कार्य पनि (क) घटनास्थल टिपोट (Field notes) र (ख) औपचारिक प्रतिवेदन (Official Report) गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

---

5 Constitututio Criminalis Carolina
6 Id=, at 18-19
7 Ambroise Pere
8 Id=, at 19
9 Deoxyribonucleic acid
10 Id=, at 21
11 PoliceM Criminal Investigations, Criminal Investigation Defined, -Aug= 30, 2020, 8M39 PM_, httpsM//law=jrank=org/pages/1654/Police-Criminal-Investigations-Criminal-investigation-defined=html
12 No two crime scenes are ever the same
13 Id=, at 41-79

घटनास्थल टिपोटलाई पाँचवटा W र H मा विभाजन गर्न सकिन्छः

(क) Who: यसमा (कसले घटना घटायो? घटना कसको कारण घट्यो ? को पीडित हो ? कसले के देख्यो ? कसले थाहा पाएको हुनसक्छ ? वारदातस्थलमा पहिले को पुगेको थियो ? - जस्ता प्रश्नको उत्तर खोजिन्छ।

(ख) What: यसमा - पीडित र पीडकको सम्बन्ध के थियो? के अपराध घटित भयो? कसले के भन्यो? के प्रमाण त्यहाँ हुनसक्छ? के प्रमाण सङ्कलन भयो? के हराइराखेको (Missing) छ? के छुट्यो? के स्थान्तरण भयो? के लसपस (Touched) भयो? - जस्ता प्रश्नहरू उपर ध्यान दिइन्छ।

(ग) When: यसमा - वारदात कहिले घट्यो? कहिले सूचित भयो? प्रमाण कहिले फेला पर्यो? पहिलो व्यक्ति कहिले आइपुग्यो? कहिले घटनास्थल सुरक्षित राखियो? र कहिले मुक्त गरियो? - जस्ता कुराहरू विचार गरिन्छ।

(घ) Where: यस अन्तर्गत - अपराध कहाँ भयो? प्रमाण कहाँ फेला पर्यो? सबै साक्षीहरू कहाँ थिए र छन्? साक्षीहरू कहाँ बस्छन्? शङ्कित व्यक्ति कहाँ छ? प्रवेश र गमन कहाँबाट भयो?

(ङ) Why: यसभित्र - अपराध किन घट्यो? पीडितलाई किन छनौट गरियो? घटनास्थलको छनौट किन भयो? अपराधी किन छनौट भयो?

(च) How: यस अन्तर्गत - पीडकको प्रवेश कसरी भयो? अपराध कसरी घट्यो? अपराधी कसरी उम्कियो? - जस्ता तत्वहरू मानन् गरिन्छ।

माथि उल्लिखित पाँच WH का अलवा स्थलगत टिपोट (Field Notes) मा अनुसन्धानकर्तालाई जिम्मेवारी तोकिएको र Crime Scene मा पुगेको समय, घटनास्थलको विस्तृत विवरण, Crime Scene को विवरण, छुटेका (absent) चिजरवस्तुहरू, पीडितको घाउचोटको विवरण, फोटो, भिडियो रेकर्ड, घटनास्थलमा उपलब्ध प्रमाणको पहिचान जस्ता कुराहरू पनि टिपोट गरिन्छ।

(iii) टिपोटको प्रयोगः शंकित व्यक्ति वा साक्षीहरूले फिल्डमा व्यक्त गरेका कुराहरू पछि बाभिन्छन् कि बाभिदैनन् भन्ने संपरीक्षण गर्न महत्वपूर्ण भूमिका खेल्छ।

(iv) वाक थ्रु (The Walk-through): यसमा प्रवेश विन्दू र प्रवेशको तरिका, प्रस्थान विन्दू, घटनास्थल वरिपरिको मार्ग, सम्पर्कमा आएका चिजरवस्तु, शय्ति व्यक्ति आश्रय लिनसक्ने स्थान, हराएका चिजर वस्तु, भुइँ चिन्ह, हराएका वस्तु वरिपरिको वस्तु, खाना वा पेय वस्तुको अनुसन्धान पर्छ।

(ख) घटनास्थल अभिलेखीकरण (Recording the crime scene): यसमा घटनास्थलको फोटोग्राफ वा भिडियोग्राफ लिइन्छ।

(vi) नक्शाङ्कन (Crime scene sketch):

## ६. फौजदारी मुद्दाका चरणहरू (Steps of Criminal Hearing):

National Crime Victim Law Institute (NCVLI) ले अपराध अनुसन्धान, अभियोजन एवं सुनुवाइका निम्न चरणहरू उल्लेख गरेको छ[14] :

(i) पक्राउपूर्वको अनुसन्धान (Pre-arrest Investigation):
शङ्कास्पद आपराधिक कृयाकलाप भएको सूचना प्राप्त भएमा वा सो कुरामा कानून कार्यान्वयन निकाय यकिन भएमा शङ्कित व्यक्तिलाई पक्राउ गर्नु पूर्व अनुसन्धान सुरु हुन्छ। अनुसन्धानबाट अपराध भएको यकिन भएमा वा अपराधीको पहिचान भएमा मुद्दा चलाउन अभियोजनकर्तासँग प्रसस्त प्रमाण भएमामात्र शङ्कित व्यक्तिलाई गिरफ्तार गर्न सक्छ, यदि कसुर ठहर गर्न अदालतमा पेस गर्ने प्रसस्त प्रमाण नभएमा भने पक्राउ गरिदैन।

(ii) गिरफ्तारी (Arrest):
सामान्यतया दुईवटा अवस्थामा पक्राउ गरिन्छः

- अपराध गर्दागर्दैको अवस्थामा फेला पारेमा र गिरफ्तार गर्ने प्रसस्त आधार भएमा तत्काल पक्राउ गर्ने
- पक्राउ पुर्जी जारी भएको अवस्थामा

(iii) अदातलमा पेस (Initial Appearance):
पक्राउ गरिएको व्यक्तिलाई तत्काल अदालतसमक्ष उपस्थित गराउनुपर्ने।

(iv) ग्राण्ड जुरी (Grand Jury) :
गम्भीर वा जघन्य प्रकृतिको कसुरको आरोप लागेको व्यक्तिको प्रारम्भिक सुनुवाइ ग्राण्ड जुरीसमक्ष गरिन्छ। अभियोजनले पेस गरेका प्रमाणहरू र आफ्नै अनुसन्धानबाट पनि यकिन भएमा मुद्दा चलाउने वा खारेज गर्ने निर्णय ग्राण्ड जुरीले भोटको आधारमा गर्छ।

(ख) प्रारम्भिक सुनुवाइ (Preliminary Hearing):
कसुरको वारदात भएको र सो कसुर अभियुक्तले नै गरेको सम्भाव्य कारण भए नभएको बारे प्रारम्भिक सुनुवाइमा अभियोजन र प्रतिरक्षाका वकिलहरूले आ–आफ्ना प्रमाण पेस गर्छन्। यदि पेस भएका प्रमाणबाट कसुर भएको र सो कसुर अभियुक्तले नै गरेको उचित एवं सम्भाव्य कारण (Reasonable and Probable Cause)

14 National Crime Victim Law Institute -NCVLI_, What Are Some Common Steps Of A Criminal Investigation And Prosecution< -Aug= 31, 2020, 1M20 AM_, httpsM//law=lclark=edu/live/news/5498-what-are-some-common-steps-of-a-criminal

र प्रमाण भएमा अदालतले मुद्दा अगाडि बढाउन अनुमति दिन्छ, अन्यथा मुद्दा खारेज गरी अभियुक्त सोही विन्दूमा रिहा हुन्छ ।

(vi) अभियोग (Arraignment)[15]:
अभियोगपत्र दर्ता भएपछि प्रतिवादीलाई निजउपर लागेको अभियोगको औपचारिक प्रति दिइन्छ । त्यसपछि यदि प्रतिवादी प्लि बार्गेनिङ (Plea Bargaining) मा जान चाहन्छ भने उसले त्यो सुविधा पनि प्राप्त गर्छ ।

(vii) सूचनाको आदनप्रदान वा निवेदन (Discovery[16] & Motion[17] Practice):
यो सुनुवाइपूर्वको प्रकृया हो जसमा अभियोजन र प्रतिरक्षा एकापसमा मुद्दाको सूचना आदनप्रदान गर्छन् । यो कार्यविधि कानूनको जटिल प्रकृया हो । यसमा ख्याल राखिनुपर्छ कि प्रतिवादीलाई पीडितको सूचना प्राप्त गर्ने कुनैपनि संवैधानिक अधिकार हुँदैन ।

यसको अलवा प्रतिरक्षाले अभियोग खारेजी, पेस भएमा प्रमाण रोक्ने वा खास प्रमाणको प्रस्तुतिको माग गर्दै तथा अभियोजनले प्रमाणको पारस्परिक खुलासा वा एलिबी वा मानसिक प्रतिरक्षाको प्रमाणको माग गर्दै वा समाह्वान वा पक्राउ पुर्जीमा पीडितको गोप्यताको अधिकार वा बन्द इजलासको माग राखी निवेदन दिन सक्छन् ।

(viii) सजाय सहुलियत (Plea Bargaining & Entry of Plea):
सुनुवाइमा प्रवेश गर्नुपूर्व प्ली एग्रिमेन्ट (Plea Agreement) अनुसार मूल अभियोग वा कुनै सहायक अभियोगमा प्रतिवादी साबित हुनसक्छ, यसबापत उसले सजायमा सहुलियत प्राप्त गर्छ । यदि अदालतले प्ली एग्रिमेन्ट स्वीकार नगरेमा प्रतिवादीले आफ्नो पूर्वसाबिती (Pre-confession) फिर्ता लिन सक्छ ।

(ix) सुनुवाइ (Trial):
प्रमाण पेस र दोषी करार हुने समयावधिको कार्यविधि यस अन्तर्गत पर्छ । सुनुवाइ जुरीसमक्ष हुन्छ, अथवा यदि प्रतिवादीले जुरी समक्षको सुनुवाइको अधिकार त्याग्छ वा केही खास किसिमका सानातिना मुद्दामा न्यायाधीश समक्ष हुने सुनुवाइको अधिकार, जसलाई इजलासको सुनुवाइ भनिन्छ त्याग्छ । सुनुवाइको प्रकृया सामान्यतय निम्न हुन्छन्ः

(a) प्रथम जिरह (voir dire):
यो एक प्रकृया हो जसमा जुरीसमक्ष प्रश्न सोधिन्छ र सजाय छनौट गरिन्छ ।

(b) कसुर ठहर (Guilt Phase):
यो सुनुवाइको चरण हो जसमा अभियोजन र प्रतिवादीका वकिलद्वारा आ–आफ्नो बहस प्रस्तुत हुन्छ ।

(c) सजाय निर्धारण (Sentencing):
कसुर कायम भइसकेपछि अभियोजन र कसुरदारको तर्फबाट सजायपूर्वको प्रतिवेदन पेस भएपछि सजाय निर्धारण सुनुवाइको बखत अदालतले सामान्यतया तीन विकल्पहरू छनौट गर्नसक्छः

- सजाय घोषणा - जसमा कारावास वा प्रोवेसन, सामुदायिक सेवा हुन सक्छन् ।
- सजाय स्थगन वा निलम्बन
- सजाय कार्यान्वयन

(d) क्षतिपूर्ति वा हर्जाना (Restitution):
अपराधबाट पर्न गएको आर्थिक हानि वा नोक्सानीको कसुरदारले पीडितलाई क्षतिपूर्तिस्वरूप रकम तिर्ने कार्य यसमा पर्छ । सामान्यतया यस्तो आदेश सजाय निर्धारणको बखत वा त्यसपूर्व पनि दिइन्छ ।

(e) पुनरावेदन (Appellate Review)

(f) प्रोवेसन खारेजी सुनुवाइ (Probation & Probation Revocation Hearings):
यदि कसुरदारले प्रोवेसनका सर्तहरू उल्लङ्घन गर्छ भने उसलाई पक्राउ गरी त्यसो गर्नाको सम्भाव्य कारण (Probable cause) सुनिष्चित गर्न सुनुवाइका लागि अदालतमा ल्याइन्छ । यदि सम्भाव्य कारण फेला परेमा, वा कसुरदार सुनुवाइमा अनुपस्थित रहेमा प्रोवेसन आदेश खारेज गरी निजलाई पुनः सजाय निर्धारण गरिन्छ ।

(g) क्षतिपूर्ति (Compensation):
क्षतिपूर्तिलाई कहिलेकाहीँ अपराधको कारण पीडितले बेहोर्नुपरेको आर्थिक क्षतिको भरपाईस्वरूप सरकारद्वारा अपराध पीडितलाई उपलब्ध गराउने पैसा हो ।

## ७. नेपालमा मुद्दाको अनुसन्धान र अभियोजनमा बदनियतः

नेपालको न्याय व्यवस्था हिन्दू विधिशास्त्रीय अवधारणबाट निर्देशित रही आएको पाइन्छ । हिन्दू धर्मशास्त्रमा निषक्ष न्याय गर्नु र अपराधीलाई दण्ड दिनू राजाको प्रमुख कर्तव्य थियो । न्यायासनमा

15 A grand jury is a group of private citizens who conduct proceedings, generally with the grand jury members sworn to secrecy=
16 A category of procedural devices employed by a party to a civil or criminal action, prior to trial, to require the adverse party to disclose information that is essential for the preparation of the requesting partyÚs case and that the other party alone knows or possesses=
17 Motion is the name for the papers filed with the court asking it to do something in the case=

बसेपछि निष्पक्ष न्याय सम्पादन गरी यथोचित दण्ड दिनुपर्थ्यो । माता, पिता, आचार्य जोसुकै भएपनि विना भेदभाव सजाय दिनुपर्ने मनुस्मृति[18] मा उल्लेख भएको पाइन्छ[19] ।

नेपालको न्याय प्रणालीको सिंहावलोकन गर्दा प्राचीनकाल[20] वा लिच्छवीकालमा "राजाको निर्देशन विरुद्ध काम गर्ने सरकारी कर्मचारीलाई सहिने छैन" भनेर राजाले अभिलेख लेखाइ चेतावनी व्यक्त गरेका हुन्थे । केन्द्र सरकारको प्रतिनिधित्व गर्ने "दौवारिक" वा "द्वारे" भन्दा माथि "प्रतिहार" र प्रतिहारभन्दा माथि "महाप्रतिहार" हुन्थे । उनीहरूले बदनियतपूर्वक कार्य गरेमा तहतह हुँदै गल्तीको गाम्भीर्यता हेरी "भट्टारकमहाराजधिराज" वा "परमभट्टाकर", "महाराजधिराज परमेश्वर" ले उचित सजाय दिने प्रचलन थियो[21] ।

मध्यकाल[22] मा मन्त्री, वा न्यायाधिकारीले पक्षपात गर्न नहुने गरेमा दण्ड दिने उल्लेख थियो[23] ।

पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा ँराजाले ठूलो निञा निसाफ हेर्नू, अन्याय मुलुकमा हुन नदिनू, निञाँ निसाफ बिगार्न्या भन्याको घुस् दिन्या र घुस् खान्या, ईन दुईको ता धन जीव गरी लियाको पनि पाप छैन, यी राजाका महासतुर हुन्छ भनी उल्लेख थियो[24] ।

## क) सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ :

२०१२ सालमा जारी न्याय प्रशासन पुनर्गठन ऐनले सरकारी मुद्दाको तहकीकात एवं मुद्दा चलाउने समेतको काम कारबाही सरकारी प्लीडर तथा प्रोसिक्युटर (अभियोक्ता) बाट गर्ने कानूनी व्यवस्था गरिएपनि उक्त ऐन लागू नै भएन[25] ।

२०१८ वैशाख १ गतेबाट लागू भएको सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ आउनुपूर्व फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन राज्यको तर्फबाट नभई व्यक्तिवादी मुद्दाको रूपमा चल्ने गर्दथ्यो[26] । उक्त ऐनको अनुसूची–१ मा समावेस मुद्दाको घटनास्थलमा गई तहकीकात एवं अनुसन्धान गर्ने तथा अदालतमा मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकिलबाट संयुक्त रूपमा हुने व्यवस्था भयो[27] । मुद्दा चलाउँदा सरकारी वकिल र प्रहरीबीच मतैक्य नभएमा दुवैले फरक–फरक रायसहित पेस गरेको अभियोगपत्रमा अनुसन्धान र संलग्न प्रमाणको आधारमा न्यायाधीशले कुनै एउटा रायलाई समर्थन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न पाउने र थप अनुसन्धान गर्नुपर्ने भए न्यायाधीशले नै अनुसन्धानकर्तालाई आदेश दिने व्यवस्था भयो[28] ।

सरकारी कामकारबाहीका सम्बन्धमा कुनै सरकारी कर्मचारीउपर सम्बन्धित कर्मचारीलाई विपक्षी बनाइ नालेस वा उजुरी दिन सकिने कानूनी व्यवस्था सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा ६ मा गरी अनुसन्धान र तहकीकात कार्यमा लापरबाही गरे वा बदनियत राखेमा उनीहरूपनि सजायको भागीदार हुनुपर्ने व्यवस्था गर्यो ।

## ख) सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ :

प्रजातन्त्रको पुनर्स्थापनापश्चात् जारी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले द्वैध अनुसन्धान र अभियोजन प्रणाली (Dual Investigation and Prosecution System) लाई विस्थापन गरी अनुसन्धान, तहकीकातको जिम्मा प्रहरी र अभियोजनको जिम्मा सरकारी वकिललाई दियो । यसबाट अनुसन्धान र अभियोजनमा न्यायाधीशको भूमिका रहेको अन्वेषणात्मक प्रणाली (Inquisitorial System) को अन्त्य भई पूर्णरूपमा प्रतिद्वन्दात्मक प्रणाली (Adversarial System) अवलम्बन भयो ।

सरकारी कामकारबाहीका सम्बन्धमा सरकारी कर्मचारीउपर नालिस वा उजुरी दिन सकिने साबिकमा भएको प्रावधानलाई यो ऐनले पनि कायम राख्यो[29] ।

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ र २०४९ मा भएका सारवान व्यवस्थाको कार्यान्वयनको लागि साबिक मुलुकी ऐन, दण्ड सजायको

18 पिताचार्यःसुहृन्माता भार्यापुत्रः पुरोहित, नादणड्यो नाम राज्ञोस्ति यः स्वधर्मे न तिष्ठति । मनुस्मृति, ८।३३५, ज्ञाइन्द्रबहादुर श्रेष्ठको हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था पुस्तक, (पृष्ठ १०४) बाट उद्धृत

19 ज्ञाइन्द्रबहादुर श्रेष्ठ, हिन्दू विधिशास्त्र र नेपालको कानूनी व्यवस्था, पैरवी प्रकाशन, काठमाडौं, नेपाल, (चैत, २०५०), पृ. १०४

20 इ.सं. को थालनीदेखि इ.८७९ सम्म (लिच्छवीहरूको शासनकाल)

21 डा. जगदीशचन्द्र रेग्मी, नेपालको वैधानिक परम्परा, तन्नेरी प्रकाशन, काठमाडौं, नेपाल, (कार्तिक ८, २०३६), पृष्ठ २५(३७

22 इ.सं.८७९(१४८२ सम्म (मल्लकाल)

23 Supra 21, at 113-114, 169

24 राष्ट्रपिता बडामहाराजा श्री ५ पृथ्वीनारायण शाहको दिव्य–उपदेश, httpM//www=lawcommission=gov=np/np/%e0%a4%aa%e0%a5%81%e0%a4%b0%e0%a4%be%e0%a4%a8%e0%a4%be-%e0%a4%95%e0%a4%be%e0%a4%a8%e0%a5%82%e0%a4%a8-%e0%a4%b8%e0%a4%82%e0%a4%97%e0%a5%8d%e0%a4%b0%e0%a4%b9-%e0%a4%90%e0%a4%a4%e0%a4%bf%e0%a4%b9 k[i7 &

25 सरकारी वकिल दिग्दर्शन, २०६३, महान्यायाधिवक्ताको कार्यालय, नेपाल, (२०६३), सरकारी वकिलसम्बन्धी व्यवस्था र विकासक्रम तथा सरकारी वकिलको काम, कर्तव्य र अधिकार, पृष्ठ ४

26 प्रस्तावना, दफा ३(१), सरकारी मुद्दासम्बन्धी ऐन, २०१७

27 ऐ. दफा ३(२)

28 ऐ. दफा ३(६) तथा सरकारी मुद्दासम्बन्धी नियमावली, २०१८ को नियम ११

महलको १८ नं. मा झुट्टा प्रमाण बनाइ रीस इबीले वा मनासिब माफिकको कारण वा तथ्य नभई कुनै व्यक्तिउपर मुद्दा चलाएको ठहरेमा झुट्टा पोल उजुर गरेबापत निजलाई पोलेको कुरा ठहरेको भए पोलाइ माग्नेलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरियो।

यसको अलवा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा २०६६ मा भएको संसोधनद्वारा दफा ३४ क. थप गरी नेपाल सरकार वादी हुने मुद्दामा कुनै सरकारी वकिलले बदनियतसाथ अभियोजन गरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा महान्यायाधिवक्ताले त्यस्तो सरकारी वकिललाई विभागीय कारबाही गर्नसक्ने प्रावधान राखियो[30]।

त्यसैगरी अनुसन्धान वा तहकीकात गर्ने अधिकारीले लापरबाही वा बदनियतपूर्वक अनुसन्धान गरी वा उपलव्ध प्रमाण वा सबुद संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा महान्यायाधिवक्ताले त्यस्तो अनुसन्धान अधिकारीलाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र त्यसरी लेखी आएमा सम्बन्धित निकायले आवश्यक विभागीय कारबाही गर्नेपर्ने[31] बाध्यात्मक व्यवस्था ऐनमै गरियो।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा थप गरिएको यो प्रावधानले बदनियतसाथ अनुसन्धान र अभियोजन गरिएको मिसिलबाट देखिएमा आफ्नो मातहत सरकारी वकिललाई विभागीय कारबाही गर्ने र अनुसन्धान तथा तहकीकात गर्ने अधिकारीलाई कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने दुवै विशेषाधिकार महान्यायाधिवक्तामा निहीत थियो।

### ग) अपराध संहिता, २०७४:

सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ र २०४९ ले गरेका अनुसन्धान र अभियोजनकर्ताउपर मुद्दा चलाउने प्रावधान एवं त्यस्तो कार्यमा मुलुकी ऐनले गरेको सजाय गर्ने प्रावधान साबिक कानूनमा भएपनि सो कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अनुसन्धान एवं अभियोजनकर्ताहरूमा बढ्न जाने स्वेच्छाचारिता तथा स्वच्छन्दतालाई अङ्कुस लगाउन फौजदारी संहिता, २०७४ को दफा ९९[32] मा बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुने ९९ कानूनी व्यवस्था भएको मान्न सकिन्छ।

यसबाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३४क. द्वारा प्रदत्त बदनियतपूर्वक अभियोजन गर्ने सरकारी वकिललाई विभागीय कारबाही गर्ने र त्यसरी अनुसन्धान तहकीकात गर्ने अनुसन्धान अधिकारीलाई विभागीय कारबाहीको लागि सिफारिस गर्ने महान्यायधिवक्ताको विशेषाधिकार भएको ऐन समूल खारेज[33] गरी अपराध संहिता, २०७४ को दफा ९९ को कानूनी व्यवस्था गरिएको पाइन्छ।

यसरी खारेज हुँदाका बखत चल्ती भएको वा कायम रहेको बदनियतपूर्वक अनुसन्धान तहकीकात वा अभियोजन गर्ने अधिकारीलाई महान्यायाधिवक्ताले विभागीय कारबाहीको सिफारिस गर्ने वा आफैं विभागीय कारबाही गर्ने अख्तियारी दिने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को खारेजीले अब त्यस्ता अनुसन्धानकर्ता र अभियोजनकर्तालाई केबल विभागीय कारबाहीमात्र गरेर उन्मुक्ति दिने नभई कैद र जरिबाना नै गर्नुपर्ने विधायिकी मनसाय कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४(क)[34] को देखिन्छ।

बदनियतपूर्वक अनुसधान र अभियोजनमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई कैद र जरिबाना सजाय गरिने स्पष्ट कानूनी व्यवस्था भएको यो नेपालमा पहिलो प्रयोग हो। कुनै कसुरको अनुसन्धान गर्न वा सो कसुरका सम्बन्धमा मुद्दा चलाउन अधिकारप्राप्त अधिकारीले अनुसन्धान गर्दा वा मुद्दा चलाउँदा उचित, वस्तुनिष्ठ, कानूनी र मनासिब तथा संभाव्य कारण (Reasonable and Probable Cause) को आधारमा अनुसन्धान गर्नु वा मुद्दा चलाउनु पर्छ। कुनै तथ्य वा परिस्थिति घटेको आधारमा कुनै व्यक्ति दोषी छ भन्ने इमान्दार र असल नियतले मात्र अनुसन्धान गर्नुपर्ने वा मुद्दा चलाउनुपर्ने हुन्छ। कुनै व्यक्तिलाई शारीरिक दुःख दिने, हैरानी दिने वा मानसिक, साम्पत्तिक वा प्रतिष्ठाजन्य हानिनोक्सानी गर्ने वा गराउने नियतले कसुरको अनुसन्धान गर्नु वा मुद्दा चलाउनु हुँदैन[35]।

### ८. अपराध संहिताको दफा ९९ को प्रयोग:

साबिकमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा बदनियतपूर्वक अनुसन्धान र अभियोजन गरेको कसुरमा विभागीय कारबाही गर्ने वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा निम्न व्यवस्था थियोः

### क) अनुसन्धान अधिकारी[37] उपर अपराध संहिताको दफा ९९ आकर्षित हुनसक्ने अवस्थाहरूः

29 दफा २५(३), सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

30 ऐ. दफा ३४क. (१)

31 ऐ. दफा ३४क.(२)

32 बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुनेः (१) कानूनबमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको अधिकारीले निर्दोष व्यक्तिलाई फँसाउने वा वास्तविक अपराधीलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोजन लगाउनु हुँदैन।
(२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई ६ महिनासम्म कैद वा ५ हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।
(३) उपदफा (१) बमोजिमको कसुरबाट कुनै व्यक्तिलाई कुनै किसिमको हानि, नोक्सानी भएमा निजले त्यस्तो कसुरदारबाट क्षतिपूर्ति भराइ लिन सक्नेछ।

| राष्ट्र सेवकको प्रकार | कसुर | सजाय गर्ने अख्तियारवाला | कैफियत |
|---|---|---|---|
| अभियोजनकर्ता | बदनियतसाथ अभियोजन गरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा | महा–न्यायाधिवक्ता | |
| अनुसन्धानकर्ता | लापरबाही वा बदनियतपूर्वक अनुसन्धान गरी वा उपलव्ध प्रमाण वा सबुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा | सम्बन्धित विभागीय प्रमुख | महा–न्यायाधिवक्ताले लेखी पठाएमा |

अपराध संहिता, २०७४ को दफा ९९ अनुसार बदनियतपूर्वक अनसन्धान वा अभियोजन गरेमा कारबाही गर्ने सम्बन्धमा निम्न व्यवस्था छः

| कसुर | राष्ट्र सेवकको प्रकार | सजाय गर्ने क्षेत्राधिकार | सजाय | कैफियत |
|---|---|---|---|---|
| निर्दोष व्यक्तिलाई फँसाउने वा वास्तविक कसुरदारलाई जोगाउने मनसायले बदनियतसाथ अनुसन्धान गर्न वा अभियोग लगाउने | अभियोजक<br>अनुसन्धान अधिकारी | जिल्ला अदालत[36] | छ महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिबाना वा दुवै | कसुरबाट कुनै व्यक्तिलाई भएको हानि नोक्सानीको क्षतिपूर्ति कसुरदारबाट भराइदिने |

देहायका अवस्थामा अनुसन्धान अधिकारीउपर फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९९ आकर्षित हुनसक्छः

(१) फौजदारी कार्यविधि संहिता, २०४७ को दफा ४(२) मा उल्लेख भए अनुसार प्रहरी कर्मचारीले ऐनको अनुसूची–५ बमोजिमको ढाँचामा जाहेरी दरखास्त तयार पार्दा जाहेरीमा उल्लिखित बेहोरा जाहेरवालालाई पढी वाची नसुनाइ वा जाहेरवालाले भन्दै नभनेको वा नभए नगरेको गलत बेहोरा उल्लेख गरी विश्वासमा पारी वा झुक्याएर वा डर, धाक, धम्की प्रयोग गरी मन्जुरीविना जबरजस्ती सहीछाप गराएको प्रमाणित भएमा ।

(२) संहिताको दफा २(ठ) को देहाय (१) देखि (९) सम्म उल्लिखित देवानी विषयको मुद्दा हो भन्ने स्पष्ट जान्दाजान्दै क्षेत्राधिकार नै नभएको विषयमा जाहेरी दर्ता गरी निर्दोष व्यक्तिको व्यक्तिगत स्वतन्त्रता अपहरण हुनेगरी अनुसन्धान गरेमा ।

(३) हदम्याद नै नभएको वा हदम्यादसम्बन्धी कानून निष्कृय भएको अवस्थामा बिलम्बको सिद्धान्त समेतलाई बेवास्ता गरी वा बलपूर्वक व्याख्या गरी कानून र अदालतबाट मुद्दाको रोहमा भएको व्याख्या वा निर्देशन विपरीत जाहेरी दर्ता गरी अनुसन्धान गरेमा ।

(४) कानूनले लिनुपर्ने भनी तोकेको विषयको जाहेरी दरखास्त वा सूचना दर्ता गर्न जानीजानी इन्कार गरेको वा संहिताको दफा ५(३) अनुसार प्राप्त हुन आएको जाहरी वा सूचना दर्ता गर्न इन्कार गर्नुको आधार र कारण खोली दरपीठसमेत नगरी जाहेरवालालाई दुःख, वा हैरानी दिई वा अनावश्यकरूपमा झुलाइ अपराध गर्ने व्यक्ति भाग्ने, उम्कने वा कसुरसँग सम्बन्धित प्रमाण लोप वा नष्ट गर्ने वा हुने परिस्थिति उत्पन्न हुने अवस्था सृजना गरेमा ।

(५) संहिताको दफा ६(१), (४), (६), (७) र (८) बमोजिम वास्तविक कसुरदारलाई कसुर गर्नबाट रोक्ने वा कसुरसँग सम्बन्धित प्रमाण लोप वा नास हुन नदिने आवश्यक प्रबन्ध नगरी ऐ. दफा (९) बमोजिम पक्राउ नगरे वा दफा १३ बमोजिम हिरासतमा नराखेमा वा कानूनमा तोकिएभन्दा बढी अवधि गैरकानूनी तबरले हिरासतमा राखेमा वा कसुर गर्ने व्यक्तिलाई भगाएमा वा भाग्नमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्याएमा, वा निर्दोष हो भन्ने जान्दाजान्दै त्यस्तो व्यक्तिलाई

33 दफा ३९(१)(ढ), केही नेपाल कानूनलाई संसोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

34 खारेजीको परिणामः कुनै नेपाल ऐनले अहिलेसम्म बनेको र पछि बन्ने कुनै ऐनलाई खारेज गर्यो भने अर्कै अभिप्राय नदेखिएमा खारेज भएको ऐनलेः( (क) खारेज हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जनाउँदैन ।

35 दफा १०१, फौजदारी कसुरसम्बन्धी कानूनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०६७ दफावार व्याख्यात्मक टिप्पणी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैंजू, काठमाडौं, (चैत, २०७२), पृष्ठ १८५(१८६

36 फौजदारी कार्यविधि संहिता, २०४७ को दफा ४५

37 ऐ. दफा २(ख):"अनुसन्धान अधिकारी" भन्नाले यस संहिता बमोजिम कुनै कसुरको सम्बन्धमा अनुसन्धान गर्न तोकिएको वा कानूनबमोजिम अधिकारप्राप्त अधिकारी सम्झनुपर्छ र सो शब्दले कुनै खास कसुरको सम्बन्धमा असन्धान गर्न गठित अनुसन्धान टोली समेतलाई जनाउँछ ।

पक्राउ गरी वा हिरासतमा लिई फँसाउने नियतले अनुसन्धान गरेमा वा वास्तविक कसुरदारलाई जोगाउने मनसायले प्रत्यक्ष वा अप्रत्यक्ष काम गरेमा ।

(६) सरकारी वकिलले ऐ. दफा १०(३) तथा ३१(४) बमोजिम दिएको निर्देशन वा महान्यायाधिवक्ताले दफा २७ अनुसार दिएको निर्देशन अवज्ञा गरेमा ।

(७) संहिताको दफा ३१(१) बमोजिम अनुसन्धान प्रतिवेदन पठाउँदा मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिदा देखिदैको अवस्थामा कसुरदारलाई जोगाउने वा कसुर नै नभएको देखिएको वा कसुर भएको देखिए पनि त्यस्तो कसुर गर्ने व्यक्ति यही हो भन्ने यकीन हुन नसकेको अवस्थामा वा मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिदा देखिदै दसी प्रमाणको अनदेखा गरी वा लुकाइ वा लापरबाही गरी वा बदनियतपूर्वक ऐ.३१(२) मा उल्लिखित समयावधि नघाइ पठाएको कारण दोषीले उन्मुक्ति पाउने वा निर्दोष व्यक्ति फँस्ने परिस्थिति उत्पन्न भएमा ।

(८) मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग पुर्याएको स्पष्ट नदेखिएको अवस्थामा बदनियतसाथ संहिताको दफा ३३(१) विपरीत कानूनबमोजिम हुने सजायमा छुट हुन सरकारी वकिलसमक्ष सिफारिस गरेमा ।

### ख) प्रतिरक्षाका अवस्थाहरू:

कार्यविधि संहिता, २०७४ को दफा ९९ बमोजिम बदनियतपूर्वक अनुसन्धानको अभियोग लागेको अनुसन्धान अधिकारीले देहायको प्रतिरक्षा जिकिर लिनसक्छः

(१) जाहेरी दरखास्त सकेसम्म जाहेरवालालाई आफैं अनुसूची–५ को ढाँचामा तयार गर्न लगाएको, वा निजको कानून व्यवसायी वा आफन्त वा संरक्षकलाई तयार गर्न लगाएको वा पढ्न, लेख्न नजान्ने वा असाहृय वा कानून व्यवसायी, आफन्त वा संरक्षक नभएको जाहेरवालाको हकमा सकेसम्म स्थानीय निकायको प्रतिनिधिको रोहबरमा जाहेरीमा उल्लिखित बेहोरा र सोको मतलब र परिणाम जाहेरवालालाई पढी वाची सुनाएर निजले मन्जुर गरेपछि सोही बेहोरा उल्लेख गरी सहीछाप गराएको ।

(२) संहिताको दफा २(ठ) को देहाय (१) देखि (९) सम्म उल्लिखित देवानी विषय बाहेकको फौजदारी मुद्दा हो भन्ने यकिन भएपछि क्षेत्राधिकार भएको विषयमा मात्र जाहेरी दर्ता गरेको ।

(३) कानूनमा स्पष्ट हदम्याद उल्लेख भएको अवस्थामा तोकिएको हदम्यादभित्र भएको जाहेरी मात्र दर्ता गर्ने, हदम्याद उल्लेख नभएको वा हदम्याद सुविधा निष्कृय भएको अवस्थामा वा अदालतबाट मुद्दाको रोहमा भएको व्याख्या वा निर्देशन विपरीत हुने अवस्थामा सोही कारण जनाइ जाहेरी दरपीठ गरी अड्डाको छाप लगाइ जाहेरवालालाई फिर्ता गरिदिएको ।

(४) कानूनले लिनुपर्ने भनी तोकेको विषयको जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार नगरेको, इन्कार गरेको अवस्थामा त्यसरी दर्ता गर्न इन्कार गर्नुपर्ने कारणसमेत उल्लेख गरी यथाशीघ्र जाहेरी दरपीठ गरी जाहेरवालालाई फिर्ता दिएको वा दफा ५(३) बमोजिम दर्ता गरी कारबाही गरेको ।

(५) संहिताको दफा ६(१), (४), (६), (७) र (८) बमोजिम वास्तविक कसुरदारलाई कसुर गर्नबाट रोक्ने वा कसुरसँग सम्बन्धित प्रमाण लोप वा नास हुन नदिने आवश्यक प्रबन्ध गरी ऐ. दफा (९) बमोजिम पक्राउ गरी दफा १३ बमोजिम हिरासतमा राखेको वा कानूनमा तोकिएभन्दा बढी अवधि हिरासतमा नराखेको ।

(६) मुद्दाको अनुसन्धान गर्दै जाँदा जाहेरी वा सूचना भ्रमपूर्ण, झुट्टा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएको वा निर्थक देखिएकोले सोही कुरा खुलाइ संहिताको दफा ११(१) अनुसार सरकारी वकिल कार्यालयमा पठाएको ।

(७) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्तिलाई हिरासतमा राखिराख्नु आवश्यक वा उपयुक्त नदेखिएकोले सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिलाई ऐ. दफा १५ अनुसार धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाडेको वा तारिखमा राखेको ।

(८) सरकारी वकिलले ऐ. दफा १०(३) तथा दफा ३१(४) बमोजिम दिएको निर्देशन वा महान्यायाधिवक्ताले दफा २७ अनुसार दिएको निर्देशन इमान्दारीसाथ पालना गरेको ।

(९) संहिताको दफा ३१(१) बमोजिम अनुसन्धान प्रतिवेदन पठाउँदा मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएको कसुरदारलाई सजाय हुनुपर्ने सम्बन्धित कानून उल्लेख गरी तथा कसुर नै नभएको वा कसुर भएको अवस्थामा कसुर गर्ने व्यक्ति यही हो भन्ने यकीन हुन नसकेको अवस्थामा वा मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही बेहोरा खुलाइ दसी प्रमाण सहितको अनुसन्धान प्रतिवेदन ऐ.३१ (२) मा उल्लिखित समयावधिभित्र पठाएको ।

(१०)मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग पुर्याएको स्पष्ट देखिएको अवस्थामा संहिताको दफा ३३(१) अनुसार कानूनबमोजिम हुने सजायमा छुट हुन सरकारी वकिलसमक्ष सिफारिस गरेको ।

### ग) अभियोजनकर्ताउपर अपराध संहिताको दफा ९९ आकर्षित हुनसक्ने अवस्थाहरू:

देहायका अवस्थामा अभियोजनकर्ताउपर फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९९ आकर्षित हुनसक्छः

(१) फौजदारी कार्यविधि संहिता, २०४७ को दफा ५(२) बमोजिम प्राप्त हुन आएको उजुरीको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा नपठाइ जाहेरवाला वा पीडितलाई दुःख, वा हैरानी दिई वा अनावश्यकरूपमा झुलाइ अपराध गर्ने व्यक्ति भाग्ने, उम्कने वा कसुरसँग सम्बन्धित प्रमाण लोप वा नष्ट गर्ने वा हुने परिस्थिति सृजना गरेमा।

(२) संहिताको दफा १०(२) बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि ऐ. दफा २(ठ) को देहाय (१) देखि (९) सम्म उल्लिखित देवानी विषयको मुद्दा हो भन्ने स्पष्ट जान्दाजान्दै क्षेत्राधिकार वा हदम्याद नै नभएको विषयमा जाहेरी दर्ता भएको देखिदा देखिदै पनि अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन नदिई वा ऐ. दफा ११(१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि ऐ.११(२) वा ऐ. दफा १५ बमोजिम गर्न निर्देशन नदिई गरी निर्दोष व्यक्तिको व्यक्तिगत स्वतन्त्रता अपहरण हुने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहभागी भएमा।

(३) संहिताको दफा ३१(३) बमोजिम मिसिल अध्ययन नगरी वा अनुसन्धानको सिलसिलामा सङ्कलित सबुद प्रमाणको मूल्याङ्कन नगरी मुद्दा चलाउने वा नचलाउने निर्णय गरेमा वा मुद्दा चलाउने पर्याप्त कारण नभई मुद्दा चलाउने निर्णय गरेमा वा मुद्दा चलाउने पर्याप्त कारण हुँदाहुँदै मुद्दा नचलाउने निर्णय गरेमा वा मुद्दा नचलाउने निर्णयको लागि महान्यायाधिवक्तासमक्ष मिसिल नपठाएमा वा पठाएपनि हदम्याद नघाइ वा नाघ्ने गरी पठाएमा वा आफूलाई प्राप्त अख्तियारको प्रयोग लापरबाहीसाथ वा बदतियतपूर्वक गरेमा।

Steele, C. M. and Josephs, R. A. (1990) Alcohol myopia. Its prized and dangerous effects. The American psychologist, 45(8), pp. 921–933. Available at: http://www.ncbi.nlm.nih.gov/pubmed/2221564 (Accessed: 21 December 2017).

WHO (2020). Alcohol and COVID19-What you need to know. https://www.euro.who.int/__data/assets/pdf_file/0010/437608/Alcohol-and-COVID-19-what-you-need-to-know.pdf?ua=1 (accessed 01/09/2020)

WHO (No date) Management of substance abuse: Alcohol, Facts and Figures [online] https://www.who.int/substance_abuse/facts/alcohol/en/ (accessed 01/09/2020)

Wills, S. (2005) Alcohol. [In] Drugs of abuse. 2nd Edition, Pharmaceutical Press, UK.

# आ.ब २०७७/०७८ मा लैङ्गिक हिंसा सम्बन्धी अपराधको तथ्याङ्क र महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयको प्रयास



लैङ्गिक हिंसा वा महिला बालबालिका तथा जेष्ठ नागरिक विरुद्धको अपराध सम्बन्धमा उजुरी गर्न सहज वातावरण प्रदान गरी न्यायको पहँचमा सुनिश्चितता गर्नका साथै लैङ्गिक हिंसा रोकथाम तथा न्यूनिकरणका लागी नेपाल प्रहरीमा दरवन्दी सहितका २३३ महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र र दरवन्दी नभएका अन्य प्रहरी कार्यालय समेतबाट सेवा प्रवाह भईरहेको छ। नेपालभर जिल्ला देखि वडा स्तरसम्म ६००० भन्दा बढी लैङगिक हिंसा नियन्त्रण सञ्जालहरु क्रियाशिल भएसंगै प्रहरीमा लैङ्गिक हिंसाका घटना सम्बन्धी उजुरीहरुको प्राप्तीमा वृद्धि भएको देखिन्छ।

नेपाल प्रहरीमा आ.ब. २०७७/०७८ मा दर्ता भएको कुल अपराधको ४०% लैङ्गिक हिंसाका घटनाहरु दर्ता भएको तथ्याङ्कले देखाएको छ भने कुल लैङ्गिक हिंसा मध्ये ७५.३९% घरेलु हिंसाका उजुरीहरु मात्र दर्ता भएका छन।

महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयबाट आ.ब. ०७७/०७८ मा अद्यावधिक गरिएका लैङ्गिक हिंसा सम्बन्धी अपराधका तथ्याङ्कहरु निम्नानुसार रहेका छन।

## लैङ्गिक हिंसा सम्बन्धी घटनाको सारंश विवरण

| क्र.स. | हिंसाको प्रकार | प्रदेश -१ | प्रदेश -२ | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश | उपत्यका | जम्मा मुद्दा दर्ता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | ६०२ | ३७५ | ३०० | २०९ | ४३८ | १५५ | २२६ | २२७ | २५३२ |
| २ | जबरजस्ती करणी उद्योग | १६७ | ११५ | ८८ | ५६ | १३४ | ४६ | ८९ | ४० | ७३५ |
| ३ | बहुबिबाह | १७० | १०८ | ८२ | ८१ | १३१ | ९७ | १११ | ७२ | ८५२ |
| ४ | बालबिबाह | १३ | १२ | ९ | ८ | १० | १९ | १० | ३ | ८४ |
| ५ | बोक्सीको आरोप | ४ | २५ | १३ | २ | ९ | ४ | ४ | ० | ६१ |
| ६ | अवैध गर्भपतन | ५ | १० | १ | २ | ४ | १ | १ | ३ | २७ |
| ७ | जातीय छुवाछुत | ७ | १ | २ | १ | ६ | ४ | १५ | ३ | ३९ |
| ८ | अप्राकृतिक मैथुन | ८ | ८ | १ | ३ | १० | १ | ३ | २ | ३६ |
| ९ | बाल यौन दुरुपयोग/ बाल यौन दुर्व्यवहार | ७७ | ३५ | ४७ | ३८ | ३४ | ३ | १९ | २८ | २८१ |
| १० | घरेलु हिंसा | १२८० | ३५५६ | ११२६ | ११९६ | २३१८ | ८७२ | ११३९ | २७४५ | १४२३२ |
| कुल जम्मा | | २३३३ | ४२४५ | १६६९ | १५९६ | ३०९४ | १२०२ | १६१७ | ३१२३ | १८८७९ |

## यौनजन्य हिंसा (जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बाल यौन दुरुपयोग/दुर्व्यवहार, अप्राकृतिक मैथुन)

### प्रदेशगत मुद्दा दर्ता संख्या




### नाता सम्बन्धको आधारमा अभियुक्तको विश्लेषण




**१४१८ जना**
११-१६ वर्षका बालिका
**बालिका सबैभन्दा बढी पीडित**

**१४६५ जना**
१९-२५ वर्षका पुरुष
**पुरुष सबैभन्दा बढी अपराधमा संलग्न**

## बालविवाह

### प्रदेशगत मुद्दा दर्ता संख्या




## बोक्सीको आरोप

### पीडित

| बालिका | महिला | पुरुष |
|---|---|---|
| १ | ६३ | ५ |

### पीडक

| बालक | बालिका | महिला | पुरुष |
|---|---|---|---|
| ३ | २ | ४७ | १३६ |

## साईबर अपराध

### पीडित संख्या

| बालक | बालिका | महिला | पुरुष | अन्य |
|---|---|---|---|---|
| ५६ | १५२ | २००३ | १४७१ | २२४ |

## घरेलु हिंसा

### लैङ्गिक हिंसा अपराधमा घरेलु हिंसा



## आ.व.२०७७/०७८ को लैङ्गिक हिंसा सम्बन्धी तथ्याङ्कको विश्लेषणात्मक सारांश

### विश्लेषणात्मक सारांश

समग्र लैङ्गिक हिंसा अपराधमा ७५.३९ % हिस्सा ओगट्ने **घरेलु हिंसाका घटनाहरु** बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा कम दर्ता भएको देखिन्छ ।

यौनजन्य हिंसाका घटनाहरुमा ८२.८९ % संलग्न अभियुक्तहरु चिनजानका र ६३.७६ % पीडित बालिकाहरु भएको देखिन्छ ।

अधिकांश लैङ्गिक हिंसाका घटनाहरुमा तुलनात्मक रुपमा कम शैक्षिक योग्यता भएका वर्ग बढी पीडित र पिडक भएको देखिन्छ ।

लैङ्गिक हिंसाका घटनाहरुमा अधिकांश पीडित महिला र बालिका तथा अभियुक्त/पिडक पुरुष भएको देखिन्छ ।

साईबर अपराधको घटना बागमती प्रदेशमा सबैभन्दा बढी र सुदुरपश्चिम प्रदेशमा सबैभन्दा कम दर्ता भएको देखिन्छ ।

साईबर अपराधका ८८.३५ % घटना फेसबुक/मेसेन्जरबाट हुने गरेको देखिन्छ तथा समग्र साईबर अपराधका घटनाबाट पिडित मध्ये ५१.२८ % महिला र ५.७३ % लैङ्गिक तथा यौनिक अल्पसंख्यक पिडित भएको देखिन्छ ।

विश्वव्यापी रुपमा फैलिएको महामारी COVID–19 को कारण लकडाउन पश्चात नेपाल प्रहरीमा दर्ता भएका उजुरीलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा अन्य समयमा भन्दा लकडाउनको समयमा उजुरी दर्तामा कमी आएता पनि यौनजन्य हिंसा (जवरजस्ती करणी, जवजस्ती करणी उद्योग, बालयौन दुरुपयोग) मुद्धा दर्तामा भने बृद्धि भएको देखिन्छ ।

अन्तर्राष्ट्रिय परिवेशमा लैङ्गिक हिंसाको उजुरी अनपेक्षित वृद्धि भई रहँदा नेपालमा भने उजुरी दर्तामा वृद्धि भएको देखिदैन । यसरी उजुरीमा कमि आउनको पछाडि सामाजिक, साँस्कृतिक लगायत अन्य कारणहरु हुन सक्ने अनुमान गर्न सकिन्छ । महामारी तथा बन्दाबन्दिको अवस्थामा लैङ्गिक हिंसा र अपराधका घटना बढ्ने वा

उजुरी नहुने सम्भावित कारणहरु :

- लकडाउनको समयमा पीडितले पिडकसंगै एकै स्थानमा बस्नुपर्ने अवस्थाले हिंसा भएता पनि प्रत्यक्ष उजुरी गर्ने वातावतण नभएको हुनसक्छ ।
- हिंसाको उजुरी गर्न आफै जान नसक्ने र अरुको मद्दतका लागि बोलाउने माध्यममा पहुँच समेत नभएका विषेशगरी अति बिपन्न वर्गका पीडितहरु यस्तो समयमा थप हिंसा सहेर बस्न बाध्य भएका हुन सक्छन ।
- नजिकको व्यक्तिबाट हिंसा भएकोमा डर, त्रास, धम्की र सामाजिक प्रतिष्ठाको कारण ।

- बिद्युतीय उपकरणहरुको माध्यमबाट घटनाको उजुरी गर्ने अभ्यास र दक्षता नहुँदा बन्दाबन्दीको कारण प्रहरी कार्यालय सम्म आउन असहजताको कारण ।

- घटना उजुरीको बैकल्पिक माध्यमहरु जस्तैः- ईमेल, सामाजिक संजाल, आकस्मिक नम्बर, मोबाइल एप्स आदीको बारेमा जानकारीको कमीको कारण ।

- वैकल्पिक माध्यमहरुको बारेमा जानकारी भएता पनि ग्रामिण क्षेत्रमा यसको पहुँच नभएको कारण ।

- सामान्यतया यस्तो असामान्य अवस्थामा सेवा प्रदायक र सरोकारवाला निकायहरुको ध्यानमा हिंसाका घटना कम पर्ने हुदा घटनाहरु ओझेलमा परेका हुन सक्छन् ।

- विषेश गरी आफ्ना लागि आफै बोल्न नसक्ने र परिस्थितिको सहि मुल्यांकन गर्न नसक्ने बालबालिकाहरु मन मिल्ने साथीहरूबाट टाढा हुदा आफ्नै परिवारका सदस्यबाट हुने यौनजन्य लगायतका हिंसा चुपचाप सहेर बसेका हुन सक्छन् ।

- विद्यालय बन्द भएका कारण घरमै बसेका बालबालिकाहरूमा ईन्टरनेटको अत्याधिक पहुँचले साईबर क्राईमको उच्च जोखिममा परिरहेका हुन सक्छन् ।

अतः देश भर प्रहरीमा वार्षिक दर्ता हुने लैङ्गिक हिंसाका घटना मध्ये ७५.३९% भन्दा बढि हिस्सा ओगट्ने घरेलु हिंसा र यौन जन्य हिंसाका घटनालाई विश्लेषण गर्दा ८२.८९% घटना पीडितको नजिकको आफन्त र चिनेजानेको व्यक्तिबाट हुने गरेको तथ्यलाई मध्यनजर गर्ने हो भने हालको परिवेशमा साँच्चै यस्ता घटनाहरु नभएर नै उजुरी नआएका हुन् वा पीडितलाई उजुरी गर्ने उचित वातावरण, पहुँच नभएका कारणले हो भन्ने पक्षलाई पनि गहन रूपमा अध्ययन गर्न आवश्यक छ। लकडाउनको अवधिमा मात्र नभई भबिष्यमा वृद्दि हुन सक्ने आँकलन गरिएका हिंसाका घटना र उजुरी समेतलाई सम्बोधन गर्नको लागी यस निर्देशनालयले वार्षिक कार्ययोजना तय गरी सोहि अनुरुप विविध कार्यक्रम/क्रियाकलापहरु गर्दै आईरहेको छ ।

- प्रहरी कर्मचारीहरुका लागि "कोभिड-१९ महामारी लगायत अन्य असामान्य अवस्थामा लैङ्गिक हिंसाको प्रभावकारी सम्बोधन र सेवा प्रवाहका लागि आधारभूत कार्यनिर्देशन-२०७७" तयार गरी मातहत सम्पुर्ण प्रहरी कार्यालयमा जानकारीको गराईएको ।

- लैङ्गिक हिंसा सम्बन्धि गुनासोका लागी सम्पर्क माध्यमहरुको बारेमा सम्पुर्ण प्रहरी कार्यालयहरु तथा नेपाल प्रहरीको आधिकारीक संचार संयन्त्रहरु मार्फत् सुचना संप्रेषण गरिएको ।

- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको अगुवाइमा नेपाल प्रहरी समेतको सदस्यता रहेको "संरक्षण समुह नेपाल" द्वारा COVID–19 ले निम्त्याएको बिषेश अवस्थामा गर्नु पर्ने तयारी तथा सम्बोधन बिषयको Contingency Action Plan तयार गरि गृह मन्त्रालयमा पेश गरिएको ।

- COVID–19 को अवस्थामा प्रभावकारी काम कारवाहीको लागी महानगरीय प्रहरी कार्यालय र सम्पुर्ण प्रदेश प्रहरी कार्यालयहरुमा अधिकृत स्तरको समन्वय अधिकृत तोकिएको ।

- सामाजिक संजाल, इमेल, नेपाल पुलिस एप्स लगायत अन्य माध्यमबाट महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धमा प्राप्त घटनाहरुका सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयहरु र अन्य संघ संस्थाहरुसंग समन्वय र पत्राचार गरि आवश्यक कारवाही तथा उद्धार गर्ने कार्य गरेको ।

- लैङ्गिक हिंसाको उचित संबोधनको लागी प्रहरी कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरुप विविध तालिम तथा अनुशिक्षण (लैंगिक उत्तरदायी अनुसन्धान तथा संचारका सीप प्रशिक्षक प्रशिक्षण तालिम, "Psychological First Aid (PFA) and Stress Management for Nepal Police" विषयक Online Orientation सञ्चालन गरेको ।

- सार्वजनिक स्थान र सार्वजनिक सवारी साधनमा हुने यौनजन्य दुर्व्यवहार न्यूनिकरणका लागी Safety Pin Campaign कार्ययोजना, २०७७ निर्माण गरी विशेष अभियानका रुपमा देशभर सञ्चालन गरिएको ।

- लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन तथा कार्य सञ्चालन विधि, २०७८ निर्माण गरी कार्यान्वयनका लागी प्रिन्ट प्रति ।। पठाईएको छ भने जिल्ला देखी वडा स्तरसम्म ६००० भन्दा बढी लैङगिक हिंसा नियन्त्रण सञ्जाल समिति क्रियाशिल रहेका छन ।

समग्रमा यस महिला, बालबालिका तथा जेष्ठ नागरीक सेवा निर्देशनालयले प्रहरी संगठनको मुलःमर्मलाई आत्मसात गर्दै यस निर्देशनालयले अंगिकार गरेको सारभुत उद्देश्य प्राप्तिका लागी हरदम तत्पर रही विभिन्न समस्या र चुनौतिका वावजुद COVID–19 जस्तो असामान्य परिस्थितिमा समेत कुशल भुमिका निर्वाह गर्दै आईरहेको छ । ◆◆◆

# अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना Crime Action Plan (CAP) समिक्षा

रामहरी पाण्डे
प्रहरी उपरीक्षक (अ. प्रा.)

## पृष्ठभुमी :

नेपालमा कानून कार्यान्वयन गर्ने मुख्य सरकारी निकाय को रुपमा नेपाल प्रहरी रहेकोले अपराध नियन्त्रण र अनुसन्धानको माध्यामबाट नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु नै नेपाल प्रहरीको प्रमुख जिम्मेवारी हो । यसै सन्दर्भमा अपराध अनुसन्धानमा नेपाल प्रहरीको व्यावसायिकता अभिवृद्धि गरी अपराध नियन्त्रण तथा अनुसन्धान सेवालाई बिशिष्टीकरण गर्दै तथ्याङ्कपरक एवं बिश्लेषणमा आधारित प्रविधीयुक्त अनुसन्धान पद्धतीको संस्थागत बिकासलाई सुनिश्चित गर्न नेपाल सरकार, गृह मन्त्रालयबाट मिती २०७१।०७।०१ गते स्वीकृत भई प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्वारा कार्यान्वयनमा ल्याईएको त्रि–वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको (२०७२/७३–०७४/७५) (Crime Action Plan-CAP) को पहिलो चरणको कार्य समाप्त भएसँगै कार्य योजनाबाट अपराध नियन्त्रण तथा अनुसन्धानमा प्राप्त भएको दक्ष जनशक्ति तथा भौतिक श्रोतसाधनको उपलब्धिले त्रि–वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना Crime Action Plan (CAP) को अपरीहार्य रहने हुँदा यसलाई निरन्तरता दिन दोस्रो चरणको अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (२०७५–२०७८) लाई नेपाल सरकार गृह मन्त्रालयबाट २०७४ चैत्र २४ मा स्वीकृत गरेको र दोस्रो चरणको अन्तिम बर्ष समेत आगामी आषाढ मसान्तमा सकिन लागेको सन्दर्भमा पहिलो र दोस्रो चरणको कार्ययोजना कार्यान्वयनको समिक्षा गर्न, मुलुकी अपराध संहिता २०७४ बमोजिम प्रहरीलाई अनुसन्धान गर्न दिईएको जिम्मेवारी नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले निर्दिष्ट गरे अनुसार अपराध नियन्त्रण तथा अनुसन्धानको सेवालाई बिशिष्टकृत र बैज्ञानिक र ब्यवसायिक बनाउन तथा अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) लाई संघीय कार्य प्रबाहको आधारमा परिमार्जन गर्न पर्ने समेत भएकोले त्रि–वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको Crime Action Plan (CAP) को समिक्षा गर्न आबश्यक देखिन्छ ।

## कार्ययोजना समिक्षाका आवश्यकता:

- नेपालको संविधान, २०७२ बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीको संरचना रहने प्रावधान रहेकाले हाल कायम रहेको नेपाल प्रहरीको संगठनको अपराध नियन्त्रण तथा अनुसन्धान जनशक्तिलाई नेपाल प्रहरी र प्रदेश प्रहरीको संरचना दक्ष जनशक्ति तथा श्रोतसाधनलाई ब्यवस्थापन गर्न
- मुलुकी अपराध संहिता २०७४ बमोजिम प्रहरीलाई प्राप्त अपराध नियन्त्रण तथा अनुसन्धानको जिम्मेवारीलाई व्यबसायिक रुपले पालना गर्न आबस्यक पर्ने अनुसन्धान समूहमा रहने दक्ष जनशक्ति तथा श्रोतसाधनको पहिचान तथा ब्यवस्थापनका लागि अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) को समिक्षा गर्न
- त्रि–वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) मा समाबेश गरिएको केहि कार्यनितिक क्षेत्रहरू अझै कार्यान्वयन नभएको तथा केहिलाई निरन्तरता दिन आबस्यक देखिएकोले समिक्षा गरी अपराध अनुसन्धान तथा नियन्त्रण सेवालाई बिशिष्टीकरण का लागि निरन्तरता दिन
- नेपाल सरकार गृह मन्त्रालयबाट जारी गृह प्रशासन सुधार कार्ययोजना २०७४ को बुँदा न. ३४ मा 'नेपाल प्रहरीबाट संचालित अपराध कार्य योजना (CAP) को कार्यक्रम समय सापेक्ष कार्यनितिक क्षेत्र तय गर्न,
- नेपाल सरकारको P1 (Priority One) कार्यक्रमको रुपमा रहेको अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना CAP को आगामी कार्ययोजना निर्माणको लागि मार्ग प्रशस्त गर्न ।

## कार्ययोजनाको समिक्षाको उद्धेश्य

- अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजनाले तय गरेको १२ कार्यनितीक क्षेत्र तथा १७८ वटा क्रियाकलापहरू मध्य हरेक कार्यनितीक क्षेत्र अन्तर्गत सम्पन भएका, चालु रहेका र

गर्न नसकेका कृयाकलापको मुल्यांकन गर्न

- कार्य योजना संचालनका लागि माग गरिएका , उपलब्ध र खर्च गरिएको बजेट, समय सिमा लक्ष्य र उपलब्धि बारे समिक्षा गर्न,
- अपराध अनुसन्धानको सेवा विशिष्टिकरण प्रकृयालाई संस्थागत रुपमा विकास गर्न,
- अपराध रोकथाम र अनुसन्धानका चुनौती सम्बन्धी सूचना (Intelligence) संकलन र विश्लेषण गर्ने पद्दतीको विकास गरी Intelligence Led एंव Evidence Based अनुसन्धानलाई निरन्तरता दिन
- अपराध रोकथाम र अनुसन्धानमा सूचना प्रविधि एवं वैज्ञानिक संसाधनको अधिकतम प्रयोग गर्ने
- अन्तरदेशीय अपराध नियन्त्रणको लागि अन्तराष्ट्रियस्तरमा समन्वय र सहयोग आदान प्रदान गर्ने,
- मानवअधिकारको संरक्षण र पीडित मैत्री वातावरणको विकास गर्ने,
- जन सहभागितामुलक अपराध नियन्त्रण र अनुसन्धान पद्दतीको विकास गर्ने,
- अपराध रोकथाम र अनुसन्धानको लागि राष्ट्रिय अपराध अभिलेख (National Criminal Database) को विकास एवं विस्तार गर्ने,
- समयसापेक्ष नीतिगत तथा आन्तरिक सुधार एवम् व्यवस्थापनमा विशेष जोड दिई वैज्ञानिक एवं प्रमाणमुखी अनुसन्धानलाई पद्दतिको रुपमा विकास गर्ने,
- अपराध अभिलेखन कार्यलाई अझ बढी व्यवस्थित, वैज्ञानिक एवं भरपर्दो बनाउन सूचना प्रविधिलाई सशक्त बनाउने,
- नागरिकसंगको सहकार्यमा अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने ।

## कार्ययोजनाका क्षेत्रहरू

१. अपराध अनुसन्धानको संस्थागत विकास, मानवश्रोत व्यवस्थापन र सेवा विशिष्टिकरण गर्ने ।

२. मिसिल अभिलेखन र अभियोजन समन्वय सुदृढ गर्ने ।

३. अपराधिक सूचना संजाल विकास र विस्तार गर्ने ।

४. आपराधिक तथ्याङ्क व्यवस्थापन र विद्युतिय संजाल स्थानीय इकाईहरुसम्म विस्तार गर्ने ।

५. वैज्ञानिक अनुसन्धान पद्दतीको सशक्तिकरण गर्ने ।

६. साक्षी सुरक्षा योजना विकास र सहज उपस्थितिको वातावरण निर्माण गर्ने ।

७. सरकारी तथा अन्य सरोकारवाला निकायहरुसँग सम्बन्ध र सम्पर्कको विकास गर्ने ।

८. अपराध नियन्त्रण र अनुसन्धान सम्बन्धमा नागरिक जनचेतना अभिवृद्दि गर्ने ।

९. सामुदयिक प्रहरी अवधारणा सवलीकरण गर्ने ।

१०. लैङ्गिक हिंसा न्यूनीकरणको लागि प्रभावकारी योजना विकास र संस्थागत सुदृढिकरण गर्ने ।

११. अपराध अनुसन्धान प्रशिक्षणलाई सुदृढिकरण गर्ने ।

१२. अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनहरुसँग सम्बन्ध विकास र सम्पर्क विस्तार गर्ने ।

## कार्यनीतिका क्रियाकलापको अवस्थाः

- त्रि–वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको (CAP-Crime Action Plan) मा १२ कार्यनीतिक क्षेत्रहरु तथा १७८ विविध कृयाकलापहरु निर्धारण गरिएको ।
- पहिलो चरण अन्तर्गत १७८ क्रियाकलाप मध्ये ७६ वटा सम्पन्न, ६७ वटा निरन्तर चलिरहेको ३५ वटा सुरु नभएको ।
- अपराध नियन्त्रण तथा अनुसन्धानको क्षेत्रमा पहिलो चरणको CAP कार्यान्वयन पश्चात देखिएको उपलब्धिपूर्ण सुधारले दोश्रो चरणको CAP अन्तर्गत १२ कार्यनितिक क्षेत्र भित्र रहि ८७ वटा क्रियाकलाप निरन्तरता दिईएको ।
- दोस्रो CAP मा समाबिष्ट ८७ वटा कृयाकलापहरुमा २८ वटा कृयाकलापहरु सम्पन्न भएको ४३ वटा सञ्चालन भैरहेको र दोश्रो चरणको अन्तिम वर्ष सकिन लाग्दा १६ वटा कृयाकलापहरु अझै सञ्चालन गर्न नसकिएको ।

## पहिलो चरणको CAP को बजेट कार्यान्वयनको समिक्षाः

| आर्थिक वर्ष | बजेट कार्यान्वयन | | | | |
|---|---|---|---|---|---|
| | प्रस्तावित रकम (CAP अनुसार) | माग गरेको रकम (सिलिङ बमोजिम) | निकासा भएको रकम | खर्च भएको रकम | खर्च प्रतिशत |
| २०७२/२०७३ | ७३,९४,६१,४५० | १३,२५,६९,००० | १३,२५,६९,००० | ८,९४,८४,९१४ | ६७.५० |
| २०७३/२०७४ | ५५,५९,५१,५६५ | ९,९८,०९,००० | ९,९८,०९,००० | ९,९४,२४,८८७ | ९९.६७ |
| २०७४/२०७५ | १,०१,०४,६०,७२२ | ९,४५,८१,००० | ९,४५,८१,००० | ७,९३,०५,००० | ८३.८५ |
| जम्मा | २,५३,०८,७३,७३७ | ३२,६९,५९,००० | ३२,६९,५९,००० | २६,८२,१४,८०१ | ८२.०३ |

## समष्टिगत कार्यान्वयणको अवस्था (पहिलो चरणको)

| सि.नं | कार्यनीतिक क्षेत्र | सम्पन्न | काम भैरहेको | काम हुन बाकी | जम्मा |
|---|---|---|---|---|---|
| १ | अपराध अनुसन्धानको संस्थागत विकास, मानवश्रोत व्यवस्थापन र सेवा विशिष्टकरण गर्ने | १६ | ७ | ३ | २६ |
| २ | मिसिल अभिलेखन र अभियोजन समन्वय सुदृढ गर्ने | ३ | – | १ | ४ |
| ३ | अपराधिक सूचना संजाल विकास र विस्तार गर्ने | १ | ४ | १ | ६ |
| ४ | अपराधिक तथ्याङ्क व्यवस्थापन र विधुतीय संजाल स्थानीय इकाईहरुसम्म विस्तार गर्ने | ५ | ५ | ३ | १३ |
| ५ | वैज्ञानिक अनुसन्धान पद्धतीको सशक्तिकरण गर्ने | २० | १४ | ४ | ३८ |
| ६ | साक्षी सुरक्षा योजना विकास र सहज उपस्थितिको वातावरण निर्माण गर्ने | ५ | – | ३ | ८ |
| ७ | सरकारी तथा अन्य सरोकारवाला निकायहरुसँग सम्बन्ध र सम्पर्कको विकास गर्ने | १ | ५ | ४ | १० |
| ८ | अपराध नियन्त्रण र अनुसन्धान सम्बन्धमा नागरिक जनचेतना अभिवृध्दि गर्ने | ६ | ३ | २ | ११ |
| ९ | सामुदायिक प्रहरी अवधारणा सवलीकरण गर्ने | ४ | ३ | २ | ९ |
| १० | लैङ्गिक हिंसा न्यूनीकरणको लागि प्रभावकारी योजना विकास र संस्थागत सुदृढिकरण गर्ने | ५ | १४ | ८ | २७ |
| ११ | अपराध अनुसन्धान प्रशिक्षणलाई सुदृढिकरण गर्ने | ७ | ८ | २ | १७ |
| १२ | अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुसंग सम्बन्ध विकास र सम्पर्क विस्तार गर्ने | ३ | ४ | २ | ९ |
| जम्मा | | ७६ | ६७ | ३५ | १७८ |

## दोस्रो चरणको CAP को बजेट विवरणः

| आ.व. | प्रस्तावित बजेट रकम रु | विनियोजित रकम रु | खर्च रकम रु | कै. |
|---|---|---|---|---|
| २०७५।०७६ | १,१४,६६,०१,०००।०० | ८,१४,००,०००।०० | ८,१०,४४,३५८।०० | ९९।५६ प्रतिशत |
| २०७६।०७७ | ७३,९८,००,०००।०० | ८,९७,००,०००।०० | ६,७८,८६,८९२।०० | ७५।६८ प्रतिशत |
| २०७७।०७८ | ७३,९८,००,०००।०० | ८,९७,००,०००।०० | चालु | सम्पन्न हुन बांकी |
| जम्मा रकम रु | २,६२,६२,०१,०००।०० | २६,०८,००,०००।०० | १४,८९,३१,२५०।०० | |

**Crime Action Plan- 2075-2078 दोस्रो वर्षमा कार्यनीतिक क्षेत्र १२ र ८७ क्रियाकलापहरू**

| सि.नं | कार्यनीतिक क्षेत्र | सम्पन्न | निरन्तर | नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | अपराध अनुसन्धानको संस्थागत विकास, मानवश्रोत व्यवस्थापन र सेवा विशिष्टीकरण गर्ने | ५ | ११ | ३ | १९ |
| २ | मिसिल अभिलेखन र अभियोजन समन्वय सुदृढ गर्ने | २ | २ | – | ४ |
| ३ | अपराधिक सूचना संजाल विकास र विस्तार गर्ने | १ | २ | १ | ४ |
| ४ | आपराधिक तथ्याङ्क व्यवस्थापन र विद्युतीय संजाल स्थानीय इकाईहरुसम्म विस्तार गर्ने | ४ | २ | २ | ८ |
| ५ | वैज्ञानिक अनुसन्धान पद्धतीको सशक्तिकरण गर्ने | ५ | ११ | ४ | २० |
| ६ | साक्षी सुरक्षा योजना विकास र सहज उपस्थीतिको वातावरण निर्माण गर्ने | १ | १ | – | २ |
| ७ | सरकारी तथा अन्य सरोकारवाला निकायहरुसँग सम्बन्ध र सम्पर्कको विकास गर्ने | ३ | ४ | – | ७ |
| ८ | अपराध नियन्त्रण र अनुसन्धान सम्बन्धमा नागरिक जनचेतना अभिवृद्धि गर्ने | ३ | २ | २ | ७ |
| ९ | सामुदायिक प्रहरीलाई प्रभावकारी बनाउने | – | – | २ | २ |
| १० | लैङ्गिक हिंसा न्यूनीकरणको लागि प्रभावकारी योजना विकास र संस्थागत सुदृढिकरण गर्ने | १ | ३ | – | ४ |
| ११ | अ. अ. प्रशिक्षणको संस्थागत विकास तथा अनुसन्धानकर्ताको क्षमता अभिवृद्धि गर्ने | ३ | २ | २ | ७ |
| १२ | अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुसँग सम्बन्ध विकास एवं विस्तार गर्ने | – | ३ | – | ३ |
| जम्मा | | २८ | ४३ | १६ | ८७ |

## अपराध नियन्त्रण तथा अनुसन्धानमा प्रभावकारीता:

- जनशक्ति तथा श्रोतसाधनको उपलब्धता
- वैज्ञानिक, वस्तुनिष्ठ तथा सुचनामुलक अनुसन्धान पद्दतिको विकास,
- विद्युतीय अपराध, आर्थिक अपराध, संगठित अपराध अनुसन्धान गर्न भौतिक पुर्वाधार सहितको कार्यालय, प्रयोगशालाहरु केन्द्र तथा प्रदेश समेतमा स्थापना,
- अपराध नियन्त्रण तथा अनुसन्धानमा व्यबसायिक दक्षताका तथा जनचेतनामा अभिवृद्धिका कारण प्रहरी प्रति नागरिकको विश्वास बढ्न गई महिला, बालबालिका तथा जेष्ठ नागरिक बिरुद्द यौनजन्य तथा मानव बेचबिखन तथा ओसार पसार जस्ता सामाजिक अपराध मुद्धा दर्तामा बृद्दि
- CAP कार्यान्वयनको क्रममा मुलुकी फौजदारी अपराध संहिता लागु हुदा समेत अनुसन्धानले गति लिनु
- अपराध अनुसन्धान तथा अभियोजनसंग सरोकारवाला निकाय तथा नागरिकसंगको समन्वयमा वृद्दि
- अपराध नियन्त्रण तथा अनुसन्धानमा आधुनिक प्रविधीको अबलम्बन
- अपराधका पीडित तथा साक्षीको सुरक्षा संरक्षण तथा क्षतिपुर्ति ब्यवस्थापन

## CAP को उपलब्धी

अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना CAP-Crime Action Plan लागु भए सँगै CAP संचालनको लागि छुट्टै बजेट प्राप्त भई स्थापना गर्नु पर्ने अधिकांश शाखा महाशाखा हरु परिक्षण ल्याबहरु को बिस्तारबाट अपराध नियन्त्रण तथा अनुसन्धान प्रभावकारीतामा आउनुको साथै निम्न अनुसारको श्रोत साधन, जनशक्ति तथा भौतिक संरचनाहरुको ब्यवस्थापनका कार्यहरु सम्पन्न भएका छन् ।

## श्रोत साधन, जनशक्ति तथा भौतिक संरचनाको विकास

### ब्यूरोहरूको स्थापना:

### मानब बेचबिखन अनुसन्धान ब्यूरो:

मिति २०७५/२/२४ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार बबरमहल काठमाण्डौमा मानब बेचबिखन अनुसन्धान ब्यूरोको

स्थापना भई मिती २०७६/०१/२९ गते प्रहरी महानिरीक्षकबाट समुदघाटन समेत भइ कार्यालय सञ्चालनमा प्रभावकारी रुपमा सेवा प्रवाह भईरहेको लागु औंषध नियन्त्रण ब्यूरो बाट दिर्घकालिन कार्य योजना तयार गरी कार्यान्यन भईरहेको ।

## साईबर ब्यूरो:

Cyber crime तथा Cyber Security का लागि Cyber Bureau स्थापना गर्ने CAP को योजना अनुरुप मिती २०७५/२/२४ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार भोटाहिटी काठमाण्डौमा साईबर ब्यूरोको स्थापाना भई मिती २०७६/०१/२६ गते प्रहरी महानिरीक्षकबाट कार्यालय समुदघाटन भइ कार्य सञ्चालन हुदै आएको,

## विधिविज्ञान तर्फ:

- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवनमा रहेको केन्द्रिय विधिविज्ञान प्रयोगशालालाई सामाखुसी स्थित आफ्नै नवनिर्मित भवनमा स्थानान्तरण गरिएको
- केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा DNA Toxicology र AFIS सञ्चालनका लागि नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७६।०६।०७ गतेको निर्णयले यस प्रयोगशालामा प्रा.प्र.ना.उ. २ प्रा.प्र.नि.३ प्रा.प्र.ना.नि. ३ प्रा.प्र.स.नि. १ र प्रा.प्र.ज १ गरी जम्मा १० जनाको दरवन्दी स्वीकृत भई आएको
- केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालामा HPTLC (High Performance Thin-Layer Chromatography) खरिद गरी जडान गरेको
- केन्द्रीय प्रयोगशालालाई चाहिने GCMS Head Space – 1 खरिदको लागि CAP मा रु. १,३०,००,०००।- विनियोजित भएको र हाल सो खरिदको लागि टेण्डर आह्वान भएको ।
- नेपाल प्रहरी र वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान वीच २०७३ साल भाद्र ०८ गते सम्झौता भई २०७४ साल कार्तिक महिनाबाट भिषेरा सम्बन्धी परीक्षण कार्य सुचारु भई CAP अन्तर्गत धरान प्रयोगशालाको लागि २ वटा Cold Chamber ($ 40,800) मा खरिद भएको
- धरान र नेपालगंज प्रयोगशालालाई चाहिने GCMS Head Space –2 खरिदको लागि प्र.प्र.का.प्रबन्ध निर्देशनालयबाट टेण्डर आह्वान भएको
- नेपालगंज प्रयोगशालाका लागि प्रदेश सरकारबाट प्रदान गरिएको बजेटबाट Cold Chamber खरिद भई आएको, Toxicology Unit प्रयोगशालाका लागि पूर्वाधार तयारी भएको र र Cold Chamber राख्ने कोठा र Viscera Cutting कोठा निर्माण कार्य भैरहेको
- प्रयोगशालाबाट बिकारयुक्त पदार्थहरुको बिसर्जन गर्न केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालामा Incinerator खरिद गरी जडान भएको

## डिजिटल फरेन्सिक ल्याब

अपराध अनुसन्धान विभागले Crime Action Plan (CAP) लागु गरी जनशक्ती विकास र संस्थागत सुधार गर्ने हेतुले Digital Evidences हरुको परीक्षणका लागि अपराध अनुसन्धान विभाग अन्तर्गत Digital Forensic Lab (DFL) को मिती २०७२ साल मंसिर महिनाको २४ गते स्थापना भई कार्य संचालन हुँदै आएको ।

### Digital Forensic Lab बाट उपलब्ध हुने परिक्षण सेवा:

- Computer Forensics
- Mobile Forensics
- Social Media Forensics
- Cloud Forensics
- DVR/CCTV Footage Forensics
- Multimedia Forensics

ल्याबमा कार्यरत १५ जना प्रहरी कर्मचारी मध्येबाट ६ जना प्रहरी अधिकृतहरुले EC Council बाट Forensic Examiner Certification प्राप्त गरी सकेको । Interpol बाट जारी गरीएको Global Guidelines For Digital Forensics Laboratories -2019 अनुसार Digital Forensic Lab र Digital Forensic Lab बाट सेवा लिने कार्यालयहरुको लागी आवश्यक पर्ने Standard Operation Procedure (SOP) थान २ तयार गरी स्वीकृतको प्रकृयामा रहेको

### हाल ल्याबको दरबन्दी संख्या र कार्यरत संख्या निम्नानुसार रहेको:

| पद | प्र.उ. | प्र.ना.उ. | प्र.नि. | प्र.ना.नि. | प्र.स.नि. | प्र.ह. | प्र.ज. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| दरबन्दी संख्या | १ | १ | १ | ३ | १ | ० | २ | ९ |
| कार्यरत संख्या | १ | ० | १ | ३ | ६ | १ | ३ | १५ |

१. नेपाल प्रहरीको कार्ययोजना २०७७ अनुसार Digital Forensic Lab लाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास गर्ने कार्यहरु भई रहेको ।

२. नेपाल प्रहरीको कार्ययोजना २०७७ अनुसार Digital Forensic Lab लाई नेपाल प्रहरीको प्रदेश कार्यालयहरूमा विस्तार गर्ने कार्य भई रहेको ।

३. Digital Forensic Lab स्थापना मिती देखि २०७७/०७/२३ गते सम्म १९८३ वटा मुद्धामा ९४५४ वटा सबूदहरुको परीक्षण गरी परीक्षण प्रतिवेदन सम्वन्धित कार्यालयलाई दिईएको ।

४. हाल यस ल्याबबाट नेपाल प्रहरीका मुद्धा अनुसन्धान हुने सबै प्रहरी कार्यालय, नेपाली सेना, बन कार्यालय, राजश्व अनुसन्धान कार्यालय, नेपाल सरकारबाट गठित अनुसन्धान समितीबाट प्राप्त प्रमाण परिक्षण गरी प्रतिवेदन उपलब्ध गराईएको ।

## केनाईन तर्फ :

अपराध अनुसन्धानमा प्रयोग हुने कुकुरहरुको सेवालाई प्रभावकारी तथा बिकेन्द्रित ब्यवस्थापनका लागि भएका कामहरुः

- घटनास्थल अनुसन्धान प्रकृयामा प्रयोग गरिने कुकुरहरुको सुविधाको लागि केन्द्रिय प्रहरी तालिम केन्द्रका ४७ वटा कुकुर हरुको लागि Seat निर्माण सम्पन्न ।
- २ नं. र लुम्बिनी प्रदेश केनाइन शाखाको लागि प्र.ना.नि. १/१, प्र.स.नि. १/१, प्र.ह. २/२, प्र.ज. ५/५ र प्र.का.स. १/१ गरी जम्मा २० जनाको दरबन्दी निकासा भएको,
- अपराध अनुसन्धानको प्रभावकारिताको लागि ब्लडहाउण्ड जातका – २, बिगल जातका – २ र बेल्जियन शेफर्ड जातका ६ गरी जम्मा १० वटा कुकुर खरिद ।
- Kennel Fitted सवारी साधन १ वटा खरिद ।
- आ.ब. २०७७र७८ मा Kennel Fitted सवारी साधन १ वटा खरिदको लागि तालुक कार्यालयबाट टेन्डर आह्वान भएको
- केनाइन महाशाखा, महाराजगंजको लागि आवश्यक पर्ने Kennel Fitted सवारी साधन खरिद गरिएको
- सुदुर पश्चिम प्रदेशमा कुकुर महाशाखाको विस्तारको क्रममा धनगढीमा केनाइन शाखाको निर्माण
- केन्द्रिय केनाइन महाशाखाको लागी विभिन्न दर्जा गरी जम्मा ६२ जना नयाँ दरबन्दी निकासा भएको
- CAP लागु भए पश्चात केनाईन महाशाखाबाट कर्तब्य ज्यान, लागू औषध, हातहतियार खरखजाना तथा उद्दार कार्यमा गरी २० वटा घटनामा कुकुर परिचालित भई अनुसन्धानमा सहयोग पुर्याईएको,

## पोलिग्राफ :

अपराध अनुसन्धान कार्यलाई ब्यवस्थित वैज्ञानिक र भरपर्दो बनाउन अभियुक्तको बयानलाई यथार्थ परक रुपमा खुलाउन निजलाई घटनासँग सम्बन्धित रही प्रश्नहरु गर्दा पोलिग्राफ मार्फत गर्ने प्रयोजनका लागि प्र.प्र.का. केन्द्रिय पोलिग्राफ शाखाको स्थापना गरिएको

- हाल पोलिग्राफ परिक्षण कक्षहरु को बिस्तार भएका स्थानहरुः अ.दू.अ.आ. का टंगाल केन्द्रिय पोलिग्राफ परिक्षण शाखा नक्साल, केन्द्रिय अनुसन्धान ब्यूरो महाराजगंज विशेष ब्यूरो, ला.औ. नि. ब्यूरो, म.न.प्र.का. रानिपोखरी, १ नं. प्रदेश प्रहरी विराटनगर, जि.प्र.का. उदयपुर २ नं प्रदेश ई.प्र.का. चन्द्र निगाहापुर रौतहट, बाग्मति प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश ई.प्र.का. मंगलपुर रुपन्देही,कर्णाली प्रदेश सुर्खेत, सुदूर पश्चिम प्रदेश जि.प्र.का.कैलाली संघीय प्रहरी ईकाई कार्यालय भेरी मा उपकरण सहितको परिक्षण कक्ष निर्माण र परिक्षण कार्य सुचारू गरिएको
- पोलिग्राफ परिक्षण उपकरण ४४ थान मौज्दात रहेको
- पोलिग्राफ परिक्षण तालीम प्राप्त जनशक्ति प्र.ना.उ–२ प्र.नि.८ प्र.ना.नि. १४ प्र.स.नि. ९ गरी जम्मा ३३ जना रहेकोमा ७ वटै संघीय प्रहरी कार्यालयमा २ जनाको दरले उपलब्ध गराईएको
- मिती २०७७/०८/३ गते सम्म जाहेरवाला शंकित र अभियुक्त गरी कुल ३८६८ जनाको पोलिग्राफ परिक्षण गरिएको ।

## लैङ्गिक हिंसा न्यूनीकरणको लागि प्रभावकारी योजना विकास र संस्थागत सुदृढिकरण गर्न गरिएका प्रयासहरू

- महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको १४ वटा भवन जिल्ला प्रहरी कार्यालयमा निर्माण
- महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय तथा र मातहत जिल्लाहरुमा रहेका सेवा केन्द्रहरुको सुदृढीकरण
- विभिन्न जनचेतनामुलक कार्यको लागि ८ वटा डकुड्रामा तयार र अन्य जनचेतनामुलक कार्यको लागि ३ PSA, ३ डकुमेन्ट्री आधा घन्टाको ड्रामा समेत गरि ७ वटा भिडियो क्लिप तयार
- महिला, बालबालिका तथा जेष्ठ नागरिक केन्द्रलाई व्यवस्थित पुर्वाधार सहितको सेवा प्रवाह गर्न १४ वटा भवन निर्माण गरी संचालनमा आएको
- मिती २०७५/०५/२७ गते मन्त्रीपरिषदको निर्णयबाट मानव

वेचबिखन अनुसन्धान ब्यूरोको स्थापना भई प्रभावकारी रुपमा सेवा प्रवाह भईरहेको ।

- मातहत प्रहरी कार्यालयहरुबाट जेष्ठ नागरिक विरुद्ध हुने अपराध नियन्त्रण सम्बन्धी अन्तरकृया कार्यक्रम सञ्चालन भई रायसुझाव संकलन गरिएको ।

- हाल महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरुमा ६०.९५% महिला प्रहरी कर्मचारी कार्यरत रहेको

- सबै मुद्दा अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुमा महिला तथा बालबालिका सेवा केन्द्रको प्रमुखमा महिला अधिकृत (कम्तीमा जु.अ.) राख्ने गरी ब्यवस्था हुन प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखालाई यस निर्देशनालयको च.न ८१ मिती २०७५/०४/३१ गते को पत्र द्धारा आवश्यक व्यवस्था गरिदिन हुन भनि पत्राचार गरिएको ।

- हालसम्म ३८ जिल्लाहरुमा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको छुट्टै भवन रहेको, जिल्ला प्रहरी कार्यालय बर्दिया र कन्चनपुरमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको भवन निर्माणाधिन प्रकियामा रहेको र अन्य जिल्लाहरुमा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणको लागि प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, प्रशासन शाखालाई यस निर्देशनालयको च.नं. ८० मिती २०७५/०४/३१ गते को पत्र द्धारा आवश्यक पहल गरिदिन हुन भनि पत्राचार गरिएको ।

- ठूला शहरहरुमा लैङ्गिक हिंसा न्युनिकरण तथा पीडित उद्धार भ्यान संचालन गर्न पहल गर्ने समन्वय गरिएको

**वैज्ञानिक अनुसन्धान पद्धतीको सशक्तिकरण गर्ने तर्फ :**

- CAP लागु भए पश्चात अपराध अनुसन्धान गर्ने सबै प्रहरी कार्यालयहरुमा घटनास्थल अनुसन्धान अधिकृत (SOCO) र आबश्यकता अनुसार SOCO सहायक समेतको ब्यवस्था गरि अपराध अनुसन्धान गर्ने इकाईहरुको लागि घटनास्थल अनुसन्धान तथा सबूद संकलनका लागि आवश्यक पर्ने SOCO Kit Box १२५ (६५+६०) सेट खरिद गरि बितरण गरिएको ।

- मुद्दा अनुसन्धान गर्ने सबै प्रहरी ईकाईहरुमा घटनास्थल सुरक्षा गर्न आवश्यक Crime Scene Protection Tape २४०० थान (१५००+९००) खरिद गरी वितरण गरिएको ।

- काठमाण्डौ उपत्यका स्थित अपराध अनुसन्धान गर्ने अधिकांश प्रहरी इकाईहरुका लागी भौतिक सबूद राख्ने लकर निर्माण गरिएको

- Central Database का लागि Unidentified Dead bodies management database र Missing/Found Person database Software, Wanted and Most Wanted Person Database र Stolen/Lost and Found Vehicles Database software निर्माण गरी अपराध अनुसन्धान गर्ने कार्यालय तथा सुपरीवेक्षण गर्ने कार्यालयमा काम गर्ने प्रहरी कर्मचारीको लागि तालीम समेतको ब्यवस्था गरि कार्यान्वयनमा ल्याउन पहल भईरहेको ।

- महानगरीय क्षेत्रमा अपराधको चापलाई मध्य नजर गर्दै घटनास्थलबाट सबूद प्रमाणलाई तत्काल प्रभावकारी रुपमा संकलन गरी तथा परीक्षण गर्नका लागी महानगरीय प्रहरीका लागी १ वटा Fabricated Van For Crime Scene Investigation Van तथा उक्त Van को लागि आवश्यक पर्ने Forensic items खरिद गरी Van परिचालन गरिएको ।

- DATA Center को स्थापना पश्चात National Crime information Center निर्माण कार्य डिसेम्बर २०२० सम्म सक्ने लक्ष्य राखिएको ।

- घटनास्थल अनुसन्धान प्रशिक्षण प्रदान गर्नुका साथै Check-list तयार गरी वितरण गरिएको ।

- लागू औषध नियन्त्रण ब्यूरो अन्तर्गतका ७ वटा Satellite unit को क्षमता अभिविद्दिका लागि सबै unit हरुलाई १।१ थान मोटरसाईकल तथा कम्प्युटर सेट बितरण ।

- सबै संघिय प्रहरी कार्यालयहरुलाई १।१ थान पोर्टोवल जेनेरेटर बितरण गरिएको,

- Intranet Based Exhibit (Evidence) Tracking System Software निर्माण गरिएको । हराएका , बेपत्ता भएका तथा पहिचान खुल्न नसकेको लाशहरुको विवरणलाई ब्यवस्थित तथा सबैले सहज तरिकाबाट जानकारी लिन सक्ने गरी Misssing Person and Dead body Identification software को निर्माण गरी कार्यन्वयन,

- सहज तवरले अपराधको अभिलेख राख्न तथा अभिलेखको बिश्लेषण गरि अपराध तथा अपराध सँग सम्बन्धित ब्यक्ति, वस्तुहरुको विषयमा तथ्यगत अध्ययन गर्न CCIS (crime and criminal information system) को निर्माण

- DIRS (daily incident report system) र CCIS लगायतका अपराध सम्बन्धित तथ्याङ्क प्रणालीलाई आपसमा सम्बद्ध गराई Duplication हटाउने गरी अध्ययन र विधिको प्रारम्भ,

- Secured web base intelligence reporting system को विकास,

- अनुसन्धान गर्ने यूनिटका खबर संकलनको कार्यमा सादा

पोशाकमा खटिएको टोलीको कमाण्डरलाई दैनिक प्रतिवेदन गर्ने गरी सिम सहितको मोवाईल फोन उपलब्ध गराईएको,

- Interpol को Database (SLTD-Stolen and lost Travel document) को अधिकतम प्रयोग तथा गतिविधिमा सकृय सहभागितामा विस्तार गरिएको,
- प्रदेश प्रहरी कार्यालय र संघिय प्रहरी कार्यालयले परिचालन गर्ने गरि उपकरण सहित पोलिग्राफ परिक्षकहरु खटाई शाखा विस्तार गरिएको,
- Mobile app, Tole free number, hot line, sms, email को माध्यमबाट आपराधिक घटनाको सुचना यथासक्य चाँडो प्रहरीले थाहा पाउने ब्यवस्था गरिएको,
- अनलाईमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने ब्यवस्था मिलाईएको ।

### मिसिल अभिलेखन र अभियोजन समन्वय तर्फः

- अपराध अनुसन्धान गर्ने प्रहरी ईकाइमा ४२ अत्याधुनिक उपकरण समेत जडान गरी (२२+२०) वटा Investigative Interview Room निर्माण गरिएको, चालु आ.व. मा ७ वटा अन्तर्बार्ता कक्ष निर्माणको लागि प्रकृया सुरु भईसकेको ।
- मिसिलको प्रतिलिपी मुद्धाको पक्ष बिपक्षसंग गराउने चलनलाई निरुत्साहन गर्ने उद्देश्यले ८५ (३०+५५) एकाईमा Photocopy Machine खरिद गरी वितरण गरीएको ।
- मिसिलको प्रतिलिपी मुद्धाको पक्ष बिपक्षसंग गराउने चलनलाई निरुत्साहन गर्ने उदेश्यले अपराध अनुसन्धान गर्ने प्रहरी एकाईमा Photocopy Machine खरिद गरी वितरण गरीएको ।
- अपराध अनुसन्धान गर्ने प्रहरी कर्मचारीलाई अनुसन्धान प्रकृयामा एकरुपकता तथा सहज बनाउन अपराध अनुसन्धानसंग सम्बन्धित अनुसन्धान कार्य निर्देशनहरु तयार गरी बितरण गर्दै आएको ।

### मिसील ब्यवस्थापन (CFD) :

- Case File Digitization प्रविधीलाई १९६ (१३६+६०) ईकाइहरुमा विस्तार गरिएको ।
- २०७७/०७/१७ गते सम्म जम्मा ६१,०२४ मिसिलहरुको मिसिललाई विद्युतिय अभिलेखिकरण (Case file Digitization) गरीएको ।

### फैसला कार्यान्वयन तर्फ :

- मिती २०७७ साल असोज मसान्त सम्म २३०३ जना पक्राउ, १४४३ वर्ष २ महिना २६ दिन कैद र रु.१०,०७,२४,६७४।- जरिवाना असुल भएको ।

### अपराध अभिलेख (CRS) तर्फ :

- आ.व २०७२।०७३ र २०७३।०७४ मा कर्मचारीहरुको तालिम आवश्यकता बिश्लेषण गरी सुचना प्रविधी निर्देशनालय मार्फत कार्यरत कर्मचारीहरु १२० जनालाई तालिम प्रदान गरिएको ।
- विभिन्न मुद्धा चलाउने ७१ (३८+३३) प्रहरी कार्यालयहरुमा Intranet संजाल बिस्तार गरी सोही कार्यालयहरुवाट CRS Entry गर्ने व्यवस्था गरिएको ।
- प्रथम चरणको ५.४.५ AFIS, DIRS र CCIS लगायतका अपराध सम्बन्धी तथ्याङ्कहरु प्रणालीलाई आपसमा सम्बद्द गराई दोहोरो Entry लाई हटाउने गरी अध्ययन र विधिको विकास गर्ने CAP अनुसार प्रथम चरणमा हुन नसकि दोस्रो चरणमा विभिन्न कारणले छुट भएका सबै प्रदेशहरू तथा मातहतवाट १० नं. डायरी थान १०६९ झिकाई डाटा CRS Software मा ईन्ट्री गर्ने कार्य सकिएको ।
- ०७६/०७७ मा Old CCIS (Crime and Criminal Information System) Application based भएकोमा त्यसलाई आधुनिकिकरण गरि अपराध सम्बन्धी तथ्याङ्कहरुलाई ब्यवस्थित रुपमा संचालन गर्न New Web Based CCIS Software संचालनमा ल्याई सोहि अनुसार अपराध अभिलेख ब्यवस्थित गरिएको ।
- सेवाग्राहीले प्रहरी मार्फत पाउने चारित्रिक प्रमाणपत्र (Character Verification Certificate) Online मार्फत प्रदान गर्ने निति बमोजिम CRS लाई पनि Online CRS checking system को विकास गरी Online मार्फत सेवा प्रदान गरिरहेको ।

### अपराध नियन्त्रण र अनुसन्धान सम्बन्धमा नागरिक जनचेतना अभिवृद्धि गर्न सामुदयिक प्रहरी अवधारणा सवलीकरण गर्न गरिएका प्रयासहरूः

- जनचेतनात्मक कार्यक्रम संचालन संख्याः ४८२४०
- अभिलेख संकलन, घटित घटना तथा अपराध अनुसन्धानमा सहयोग संख्या : १७९१५
- विद्यालय सम्पर्क कार्यक्रम : ११८४८
- लागू औषध बिरुद्धको जनचेतनामूलक : ६२२४
- लैङ्गिक तथा घरेलु हिंसा बिरुद्ध : ४१८०

## कार्ययोजना अनुगमन तथा मुल्यांकनः

अपराध नियन्त्रण तथा अनुसन्धान (पहिलो तथा दोस्रो) कार्य योजना CAP कार्यान्वयनको अबस्थाको अनुगमन तथा मुल्यांकन गर्न प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान बिभाग अनुगमन तथा सुपरीवेक्षण महाशाखाबाट सबै संघीय प्रहरी ईकाई

कार्यालयलाई कार्य योजनाको कार्यनितिक क्षेत्र समेटिने गरी तयार गरिएको चेकलिष्ट बमोजिम प्रत्येक आर्थिक बर्षमा ६ महिनाको अन्तरालमा दुई पटक स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदन बुझाउन तथा प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान बिभाग अनुगमन तथा सुपरीवेक्षण महाशाखाबाट वर्षमा कम्तिमा एक पटक अपराध अनुसन्धान गर्ने प्रहरी कार्यालयहरु तथा संघीय प्रहरी ईकाईहरुको अनुगमन गरी अनुगमनका प्रतिवेदन कार्य एवं अपराध अनुसन्धान बिभाग प्रमूख समक्ष पेश गरी पृष्ठपोषणलाई सम्बोधन हुन र कार्ययोजना कार्यान्वयनमा थप प्रभावकारी बनाउन प्रयास गरिएको। हाल सम्म कार्य एवं अपराध अनुसन्धान बिभागबाट निम्नानुसार अनुगमन गरिएको

## निम्न:

- आ.ब. २०७२/२०७३ मा केन्द्रीय स्तरवाट ६ वटा टोली द्वारा २१९ वटा प्रहरी एकाईहरुको अनुगमन गरिएको।
- आ.ब. २०७३/२०७४ मा केन्द्रीय स्तरवाट ५ वटा टोली द्वारा १११ वटा प्रहरी एकाईहरुको अनुगमन गरिएको।
- आ.ब. २०७४/२०७५ मा केन्द्रीय स्तरवाट ४ वटा टोली द्वारा १२३ वटा प्रहरी एकाईहरुको अनुगमन गरिएको।
- आ.ब. २०७५/२०७६ मा केन्द्रीय स्तरवाट ११ वटा टोली द्वारा ३९ वटा प्रहरी एकाईहरुको अनुगमन गरिएको।
- आ.ब. २०७७/२०७८ मा केन्द्रीय स्तरवाट ६ वटा टोली द्वारा ३२ वटा जिल्ला प्रहरी कार्यालय तथा मातहत मुद्दा चल्ने एकाईहरुको अनुगमन गरिएको।

## सेवा विशिष्टिकरण

- CAP लागु भए पश्चात अपराध नियन्त्रण तथा अनुसन्धान मा रहने (प्राविधिक तथा प्रशासन जनशक्तिलाई समयानुकुल प्रभावकारी बनाउन र दक्षता अभिवृद्दि गर्दै सेवा विशिष्टिकरण गर्न अत्यावश्यक रहेको महसुस गरि कार्य एवं अपराध अनुसन्धान विभागबाट अनुसन्धान तथा नियन्त्रणको विशिष्टकृत समूहमा रही काम गर्ने (अनुसन्धान अधिकृत, घटनास्थल अधिकृत, मिसिल लेखन, अभिलेख ब्यवस्थापन CRS.CFD, AFIS, CDR Analysis, महिला बालबालिका तथा जेष्ठ नागरीक सहायता कक्ष) जनशक्ति व्यवस्थापन कार्य सुधार हुँदै आइरहेको,
- काज तथा सरुवा ब्यवस्थापन गर्दा अपराध अनुसन्धानको विशिष्टकृत समूहमा अन्तरगत नै गर्ने प्रचलन सुरु भई रहेकाले अनुसन्धान सेवा विशिष्टिकरणको अवधारणा कार्यन्वनमा हुदैआएको।
- मिती २०७५/५/१ गते वाट लागु भएको मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसुर (सजायँ निर्धारण तथा कार्यन्वयन) ऐन २०७४ लाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न अपराध अनुसन्धान क्षेत्रमा काम गर्ने प्रहरी कर्मचारीहरुलाई तालीमको ब्यवस्था गरी दक्षता अभिवृद्दि गरिएको ।
- फौजदारी अपराध संहिता २०७४ बमोजिम अपराध नियन्त्रण तथा अनुसन्धान सेवालाई परिमाणमुखि र प्रभावकारी बनाउन सरोकारवाला अनुसन्धान कर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलको प्रदेशस्तरीय सम्मेलन तथा नेपाल प्रहरी कार्य एवं अपराध अनुसन्धान विभाग र महान्यायधिबक्ताको कार्यालयको संयुक्त आयोजनामा केन्द्रीय सम्मेलन गरी फौजदारी अपराध संहिता २०७४ कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्न संयुक्त घोषणा पत्र समेत जारी कार्यान्वयन गरीएको।
- फौजदारी अपराध संहिता २०७४ बमोजिम अपराध नियन्त्रण तथा अनुसन्धान सेवालाई परिमाणमुखि र प्रभावकारी बनाउन आ.ब. २०७६/२०७७ मा अभियोजनकर्ता र अनुसन्धानकर्ता बिच समन्वय कायम गरी कमिकमजोरी सुधार गर्ने उदेश्यले महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयद्वारा ८ वटा टोली संयुक्त रूपमा खटिई २६ वटा जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिलको कार्यालयमा अनुगमन गरी अनुसन्धान तथा अभियोजनमा देखिएका समस्याहरुलाई सम्बोधन गरिएको।
- प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयको च.न. १३०० को परिपत्र जारी भई संघिय प्रहरी ईकाई कार्यालयमा विशिष्टिकृत ५ वटा सेल गठन गरी अपराध अनुसन्धान गर्ने सेल गठन गर्न अभिप्रेरीत गरी अपराध अनुसन्धानको नियमित अनुगमन र सहयोग गर्ने संयन्त्रण विकास गर्न चालु आ.ब. मा ७ वटै संघिय प्रहरी कार्यालयहरुमा अपराध अनुसन्धान विभागवाट अनुगमन र अनुसन्धान अधिकृतहरुसँग अन्तरक्रिया गरी क्रियाशिल बनाईएको ।

## अपराध नियन्त्रण तथा अनुसन्धान सेवालाई संघीय प्रवाह अनुरुप परिमार्जन गर्न CAP को निरन्तरता

नेपालको संविधान, २०७२ बमोजिम संविधानमा नै नेपाल प्रहरी र प्रदेश प्रहरीको संरचना रहने प्रावधान कार्यान्वयन गर्न नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुररिवेक्षण र समन्वय) ऐन, २०७६ ले निर्दिष्ट गरे अनुसार कसुरहरुको त्रुटिरहित अनुसन्धान गर्न अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) लाई संघीय कार्य प्रवाहको आधारमा परिमार्जन गर्न नेपाल प्रहरी र प्रदेश प्रहरीले नेपाल प्रहरीको संगठनको जनशक्तिलाई केन्द्रमा नेपाल प्रहरी र प्रदेश स्तरमा प्रदेश प्रहरीको संरचना अन्तर्गत ब्यवस्थापन गर्नुपर्ने अवस्था रहेको, मुलुकी अपराध संहिता २०७४ बमोजिम प्रहरीलाई

अनुसन्धान गर्न दिईएको जिम्मेवारी कार्यान्वयनको गर्नका लागि तथा CAP दोस्रो चरणको अन्तिम बर्ष सम्म आउदा बाँकी रहेका १६ वटा क्रियाकलाप संचालन गर्न र न्युन रुपमा संचालन भएका ४३ वटा क्रियाकलापहरुको निरन्तरता दिन, तथा नेपाल प्रहरी अनुसन्धान कार्यालयको विशिष्टकृत समूह तथा भौतिक पुर्वाधार निर्माण गर्न समेत CAP निरन्तरता आवश्यक रहेको छ।

## CAP कार्यन्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

- CAP को अवधारणा अनुसार नेपाल प्रहरीको कूल जनशक्ति मध्ये अपराध अनुसन्धान कार्यमा १० प्रतिशत जनशक्ति निकाशा गराउन अझै नसक्नु।
- CAP बमोजिम अनुसन्धान समूहमा कार्यरत कर्मचारीको लागि उपलब्ध हुने भनिएको भत्ता ब्यवस्था हुन नसक्नु।
- मुलुकी अपराध २०७४ संहितामा उल्लेख भए वमोजिम अनुसन्धानको जिम्मेवारी अनुसारको अनुसन्धान अधिकृत (प्र.नि./प्र.ना.नि.) को जनशक्ति उपलब्ध नहुनाले कार्य बोझ बढी हुँदा अपराध अनुसन्धान शाखामा काम गर्न कर्मचारीहरु अनिच्छुक देखिनु।
- साईबर अपराध मुद्दा काठमाण्डौमा मात्र दायर हुने अबस्थाले गर्दा साईवर क्राईम अनुसन्धानमा जाहेरवाला पीडित तथा साक्षी समेतको सहयोग पर्याप्त मात्रामा पाउन नसक्नु।
- CAP अन्तर्गत विशिष्टिकृत सेवा समुहमा जनशक्ति बढी आवश्यक रहने हुँदा सो अनुरुप निजहरु बस्ने कार्यालय कक्ष फर्निचर र कम्प्युटर लगायतका अन्य आवश्यक उपकरणहरुको न्युन रहनु।
- अनुसन्धानमा वैज्ञानिक उपकरण प्रयोग र प्रणालीलाई मुर्तरुप दिन आवश्यक पर्ने SOCO तथा प्रमाण संकलन र सुरक्षा गर्न आवश्यक सामानको उपकरणहरु न्युन हुनु।
- अपराध अनुसन्धान गर्ने प्रहरी कार्यालयबाट परिक्षणको लागि प्राप्त सबूद को आधारमा केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला तथा डिजिटल फरेन्सिक ल्याबमा जनशक्ति कम भएकोले कार्यरत कर्मचारीमा कार्यबोझ बढी हुँदा समयमै परिक्षण प्रतिवेदन उपलब्ध नहुनाले अनुसन्धान प्रभावित हुनु, विधिविज्ञान प्रयोगशाला तथा डिजिटल फरेन्सिक ल्याबको प्रदेशस्तर सम्म बिस्तार हुन नसक्नु र बिस्तार भएको प्रयोगशालामा समेत आधुनिक प्रविधीको उपकरण उपलब्ध नहुनु,

## समाधानका उपायहरू :

- अपराध अनुसन्धान कार्यमा चाहिने आधुनिक वैज्ञानिक उपकरणको ब्यवस्था हुनुपर्ने
- फरेन्सिक ल्याव तथा डिजिटल फरेन्सिक ल्याबलाई आवश्यक जनशक्ति तथा उपकरणको क्षमता बृद्दि गरी परिक्षण रिपोर्ट समयमै उपलब्ध गराउनु पर्ने।
- CAP को सेवा विशिष्टिकरण गर्ने उदेश्य अनुरुप अ.अ. समूह ब्यवस्थापन गरिनु पर्ने।
- अपराध अनुसन्धानमा खटिने जनशक्तिलाई कार्य सम्पादन तथा जोखिमको आधारमा भत्ताको ब्यवस्था हुनु पर्ने,
- फरेन्सीक ल्याबलाई भौतिक पुर्वाधार र जनशक्ति सहित ७ वटै प्रदेशमा ब्यवस्था गरिनु पर्ने
- हिरासत ब्यबस्थापनका लागि थुनुवा कक्षहरु आधुनिक किसिमको निर्माण गर्न बजेटको व्यवस्था मिलाइनु पर्ने
- अपराधको चाप तथा भौगोलिक अबस्था हेरेर अपराध अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुलाई सवारी साधनहरु उपलब्ध गराउनु पर्ने,
- अपराध अनुसन्धानमा संलग्न प्राविधिक तथा प्रशासनतर्फको कर्मचारीलाई समयानुकुल स्वदेश तथा बिदेशको तालिम तथा अनुभव आदान प्रदान भ्रमणको व्यवस्था हुनुपर्ने
- फौजदारी न्याय प्रणालीको सरोकारवाला निकाय जिल्ला अदालत, सरकारी वकिल कार्यालय अ.अ. समुह वा मुद्धा चल्ने प्रहरी ईकाइका अनुसन्धान अधिकृतहरुको कम्तिमा ३ महिनामा १ पटक समन्वयात्मक अन्तरक्रिया हुनुपर्ने सो भएमा परिमार्जित कानून र नीतिगत निर्देशन भएका नयाँ विषयबस्तु र क्षेत्रका बुझाईमा एकरुपता आई कार्यन्वयनमा सहजता आउने
- उच्च सरकारी वकिल कार्यालय र संघिय प्रहरी ईकाई कार्यालयको समन्वयको संयन्त्र विकास गरी नियमित अनुगमन गराई तालुक कार्यालयको नीति, निर्देशन र CAP को प्रभावकारी कार्यन्वयन गर्नुपर्ने
- कसुर अनुसारको मागदावीमा अनुसन्धानकर्ता र अभियोजन कर्ता विच समरुपता हुन सुरुदेखि नै समन्वय तथा अन्तरक्रिया गरी निर्देशन लिने दिने प्रणालीलाई विकास गर्नुपर्ने
- अदालत समन्वय अधिकृत खटाईएकोमा त्यसको प्रभावकारीता बढाई सोही अधिकृतले सरकारी वकिल कार्यालयमा हेलो साक्षी कार्यक्रमसंग समेत समन्वय गर्ने र जिल्ला प्रहरी कार्यालयले उपलब्ध गराईएको साक्षी भत्ता सबै साक्षीले पाउने सुनिश्चतता कायम गरी साक्षीले अनुसन्धानमा सहयोग उपलब्ध गराउने समेतको समन्वय गरी साक्षी संरक्षण गर्ने।

## निष्कर्ष:

नेपाल प्रहरीको अपराध नियन्त्रण तथा अनुसन्धानको जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गर्ने उद्देश्यका साथ अपराध अनुसन्धान विभागले २०७१ सालमा अपराध अनुसन्धान कार्य योजना (CAP) मा विभिन्न १२ वटा कार्यनीतिक क्षेत्रहरु (Policy Action Areas) पहिचान गरी सो अन्तर्गत १७८ वटा विविध क्रियाकलापहरु संचालन गर्ने योजना तय गरिएकोमा ७६ वटा सम्पन्न भएको ६७ वटा कार्यन्वयनकै चरणमा र ३५ वटा क्रियाकलापहरु विविध कारणले गर्दा संचालन हुन नसकेको स्थिति रहेकोमा प्रथम चरणमा संचालित कार्यक्रमहरु र त्यसको प्रभावको कारणले अनुसन्धान दोस्रो चरणको त्रि–वर्षीय अपराध अनुसन्धान कार्ययोजना CAP (२०७५–२०७८) ले निरन्तरता पाई नेपाल सरकारले प्राथमिकता क्षेत्र भित्र समेटी बजेटको ब्यवस्थापन हुँदै आएको छ। दोस्रो चरणमा १२ वटा कार्यनीतिक क्षेत्रहरु (Policy Action Areas) अन्तरगत ८७ क्रियाकलाप संचालन गर्ने लक्ष्य राखिएकोमा २८ वटा सम्पन्न भएको, ४३ वटा चालु रहेको र १६ वटा क्रियाकलाप हरु अझै संचालन हुन नसकेकोले अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना ऋब्ए लाई आउदो आर्थिक वर्षहरुमा समेत निरन्तरता दिन आवश्यक रहेको साथै संघीयताको संरचनामा नेपाल प्रहरी तथा प्रदेश प्रहरीबाट सम्पादन हने अपराध नियन्त्रण तथा अनुसन्धान कार्य ब्यवसायिक, विशिष्टकृत, आधुनिक वैज्ञानिक प्रविधीयुक्त बनाउन र मुलुकी अपराध संहिता २०७४ समेतको प्रभावकारी कार्यन्वयन गर्न समेत कार्ययोजनाको निरन्तरता आवश्यक देखिन्छ। ◆◆◆

# प्रमाण संकलन कार्यमा घटनास्थल अनुसन्धान अधिकृत (SOCO) को भूमिका र विद्यमान चुनौती

प्र. ना. नि. सुमन थापा



मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ ले अनुसूची १ मा भएका मुद्दाहरुको अनुसन्धान तहकिकात गर्ने जिम्मेवारी प्रहरीको भनि निर्दिष्ट गरे अनुरुप नेपाल प्रहरी संगठनको सबैभन्दा महत्वपूर्ण दायित्वको रुपमा रहेको अपराध अनुसन्धान कार्यलाई बैज्ञानिक, व्यवस्थित, प्रमाणमुखी र परिणाममुखी बनाउन नेपाल प्रहरीको सेवा विशिष्टिकरण गर्ने नीति अनुसार दक्ष जनशक्तिको रुपमा प्रमाण संकलन कार्यमा घटनास्थल अनुसन्धान अधिकृत (SOCO) ले उल्लेखनिय टेवा पुऱ्याउँदै आइरहेको छ।

देश, काल, समय, परिस्थिति अनुसार अपराधिक प्रकृति र प्रबृत्तिमा परिबर्तन आईरहेको छ। संसारमा दिनप्रतिदिन विज्ञान र प्रविधिका नयाँ आयामहरु सृजना भएझैं अपराधिहरुले पनि मानवताका विरुद्ध परिलक्षित अपराधिक कार्य र अपराधिक कार्य विधिमा विज्ञान र प्रविधिको चरम दुरुपयोग गरिरहेको अवस्था रहेको छ। यस परि स्थितिमा प्रहरी अनुसन्धान पद्दति बैज्ञानिक प्रबिधि तर्फ उन्मुख नहुने हो भने संगठनको उद्देश्य अनुरुप प्रहरीले सफल अपराध अनुसन्धानको माध्यमवाट जनता मानब अधिकारको संरक्षण गरी सुरक्षाको प्रत्याभूति दिन सक्दैन। अपराध अनुसन्धान कार्यलाई व्यबस्थित, वैज्ञानिक र परिणाममुखी बनाउँन अपराध अनुसन्धान कार्यमा संलग्न प्रहरी जनशक्तिलाई व्यवसायिक रुपमा दक्ष बनाउँन आवश्यक हुन्छ, जुन तालिमको माध्यमबाट मात्र संभव हुन सक्छ। यस प्रकारका दक्ष जनशक्ति उत्पादनमा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विद्यालयले आफ्नो स्थापनाकाल देखि हालसम्म घटनास्थल अनुसन्धान अधिकृत प्रथम समूह देखि तेत्तिस समूह सम्म ५५७ जना र घटनास्थल अनुसन्धान सहायक प्रथम देखि दशौ समूहसम्म २३२ जनालाई प्रशिक्षण प्रदान गरिसकेको छ।

अपराध अनुसन्धान कार्यमा घटनास्थलले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। कुनै पनि अपराधिक घटनाको अनुसन्धानको प्रारम्भिक बिन्दु घटनास्थल हुने हुदाँ अपराध अनुसन्धानमा घटनास्थल अनुसन्धानको महत्व उल्लेखनीय मानिन्छ। घटनास्थलको सफल अनुसन्धानले नै सम्पूर्ण अनुसन्धानको मार्ग चित्र कोर्दछ। समग्र अनुसन्धान प्रकृयालाई नै सफलतातिर डोऱ्याउँछ।

## भूमिकाः

कुनै पनि सङ्गठनले आफ्नो लक्ष्य पूर्तिका लागि विभिन्न उद्देश्य तथा कार्य योजनाहरू तय गरेको हुन्छ । यसै अनुरूप घटनास्थल अनुसन्धान अधिकृत (SOCO) ले पनि अपराध अनुसन्धान तथा नियन्त्रण कार्यमा निम्नानुसारको भूमिका निर्वाह गर्दै आएको छ ।

- भौतिक सबुदहरुको पहिचान तथा संरक्षण ।
- भौतिक सबुदहरुको उचित तरिकाले संकलन तथा संरक्षण ।
- घटनास्थल तथा भौतिक सबुद प्रमाणलाई दुषित (Contamination) हुन बाट बचाउँन उपयुक्त उपायहरु अबलम्बन ।
- भौतिक सबुदहरुको उपयुक्त बिधिद्धारा संकलन, प्याकिङ, सिलिङ तथा लेबलिङ ।
- भौतिक सबुदहरु बैज्ञानिक परीक्षणको लागि बिधि बिज्ञान प्रयोगशालामा पठाउँदा बिशेषज्ञलाई उचित प्रश्न सोध्ने ।
- कानुनी रीत पुऱ्याएर घटनास्थल प्रकृति तथा लाश प्रकृति मुचुल्का तयार गर्ने ।
- भौतिक सबुदसंग सम्बन्धित अन्य मुचुल्काहरु कानुनी प्रावधान अनुसार तयार गर्ने ।
- घटनास्थल अनुसन्धानसँग सम्बन्धित कार्यहरु कानुनी प्रकृयाहरु अपनाई कुशलतापूर्वक पुरा गर्ने ।
- घटनास्थल अनुसन्धानकर्ताका रुपमा अदालतमा वकपत्रको लागि उपस्थित हुने ।

## घटनास्थल अनुसन्धानमा देखिएका समस्या तथा समाधानका उपायहरूः

समग्रमा घटनास्थल अनुसन्धानको मुल्याङ्कन गर्दा नेपाल प्रहरीले आफूलाई प्राप्त जनशक्ति तथा साधन श्रोतको सदुपयोग गरी सन्तोषजनक रुपमा नै कार्य सम्पादन गर्दै आइरहेको छ । हाला कि यदाकदा केही अपराधहरुको अनुसन्धानमा उत्पन्न हुने र भएका जटिलताहरूको परिणाम स्वरूप नेपाल प्रहरीले केही असफलताको सामना पनि गरि रहनु परेको छ । नेपाल प्रहरी संगठनको प्रमुख जिम्मेवारी भित्र परेको घटनास्थल अनुसन्धानको कार्य सम्पादन गर्ने गराउने क्रममा देखिएका समस्या वा चुनौतीहरू र तिनका समाधानका उपायहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) अपराध अनुसन्धान कार्यलाई विशिष्टिकृत हिसाबले गर्ने गराउने उद्देश्य साथ तालुक प्रहरी प्रधान कार्यालय, नक्सालद्वारा प्रस्तुत भई नेपाल सरकारबाट समेत स्वीकृत भई हाल लागू भएको Crime Action Plan (CAP) को अवधारणा

> कुनै पनि संगठनले आफ्नो लक्ष्य पूर्तिका लागि विभिन्न उद्देश्य तथा कार्य योजनाहरु तय गरेको हुन्छ ।

अनुरूप विभिन्न प्रकृतिका अपराधहरूको अनुसन्धान गर्न अपराध अनुसन्धान अधिकृत एवं सहायक अनुसन्धानकर्मीहरू र सोही बमोजिम बजेटको पर्याप्त व्यवस्था हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ। यस्ता समस्या सुधार गर्न आगामी वर्षहरुमा सरकारले अनुसन्धान गर्न छुट्टै बजेट दिने अवधारणा ल्याउन आवश्यक भैसकेको छ।

ख) अपराध अनुसन्धान गर्ने सम्पूर्ण कार्यालयहरूमा अनुसन्धान तर्फ मात्र कार्यरत रहने र सरूवा बढुवा समेत सोही समूहमा हुने गरी आवश्यक प्रहरी नियमावलीमा नै उल्लेख गरी दरबन्दी कायम गरी अपराध अनुसन्धान समूह वा उपसमूह खडा गरी सोहि बमोजिम अनुसन्धान तर्फ जिम्मेवार बनाउन हालसम्म आवश्यक जनशक्ति (अनुसन्धान गर्ने एकाइ र कार्यालयमा कार्यरत जनशक्तिको १०५ जनशक्ति अपराध अनुसन्धान समूह र उपसमूहतर्फ हुनु पर्ने मान्यता रहेको) अभाव रहेको ।

ग) अपराध अनुसन्धानको क्रममा आवश्यक पर्ने विशेषज्ञ सेवा प्रदान गर्ने, विशेषज्ञ वा दक्षता भएका मानिसहरू केन्द्र (राजधानी वा जिल्ला स्थित कार्यालयमा मात्र) उपलब्ध हुने र उनीहरू पनि सहजै घटनास्थलमा गई सेवा प्रवाह गर्न ईच्छुक नहुनु एकातिर समस्या छ भने अर्को तिर ग्रामिण स्तर वा केन्द्रबाट कुनै घटना र अपराध घटेका अवस्थामा उल्लेखित विशेषज्ञको सेवा प्राप्त गर्न नसक्ने हुनाले मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ ले परिकल्पना गरेको कुरा व्यवहारमा लागु गर्न प्रहरी समर्थ नहुने अवस्था छ । यसका लागि त्यस्ता सुविधाहरुलाई मातहतसम्म प्राप्त हुने गरी विस्तार गर्ने जरुरी भई सकेको छ।

घ) प्रचलित कानुन बमोजिम अपराधजन्य कुनै कसुर कुनै व्यक्ति वा समूहबाट घट्न गएमा तत्कालै प्रतिरक्षामा वा कारवाही हुनुपर्ने

पक्षमा पीडक वा पीडितको पक्षमा राजनैतिक आस्था वा जात जाती वा समूदाय वा स्थान विशेष वा अन्य कुनै आधारमा दबाब समूह नै बनाई प्रहरीलाई स्वतन्त्र रूपमा अनुसन्धान गर्न अप्ठेरो पार्ने वा प्रहरीलाई अनुसन्धान गर्ने कार्यमा आवश्यक सहयोग नगर्ने परिपाटी बढ्दै गएको र प्रहरीलाई वस्तुनिष्ठ प्रमाणको आधारमा गरेको अनुसन्धानलाई समेत विभिन्न प्रकारको लाञ्छना लगाउने वा रुल अफ ल को स्थानमा हुल अफ ल लाई लागु गराउन खोज्ने प्रवृति समेत यदाकदा देखा पर्न थालेको पाईन्छ। यसको लागि सामाजिक स्तरमा नै व्यापक जनचेतना र सामाजिक उत्तरदायित्वको स्थिति सिर्जना गर्नु पर्ने देखिन्छ।

ङ) आजको समाजमा व्यापक हुदै गइरहेको सामाजिक संजाल (Social Media) अनलाईन खबरहरू तथा Youtube को बजारीकरणको प्रभाव अपराध अनुसन्धानमा पनि निकै आकर्षक सूचना वनी आम नागरिकहरुमा गईरहेको छ। हालका दिनहरुमा कुनै गम्भिर अपराधहरुको बारेमा प्रहरीको नियमित अनुसन्धान भनौं वा घट्नास्थलमा मौजुद भौतिक सबूद प्रमाणहरुको अवस्थाको लिखित प्रमाण र परिक्षण बिना नै कुनै ब्यक्तिले तत्कालै आफुलाई लागेको कुरा news/video तयार गरी social media मा राखी आफुले नै अनुसन्धान गरे जस्तै गरी सार्वजनिक गर्दा तत्कालै त्यो हावा सरी समाज र समुदायमा फैलिन जाने र प्रहरीको अनुसन्धान पछि त्यस्ता news/video सँग प्रहरीको अनुसन्धान मेल नखांदा उल्टै प्रहरीको अनुसन्धानलाई समेत आम मानिसले शंका र बिभिन्न दृष्टिकोणबाट विश्लेषण गर्ने बाताबरण बन्दै जानु आगामी दिनहरुको अपराध अनुसन्धान कार्यले झनै आलोचित बन्नु पर्ने स्थिति देखिदैछ। यस्ता व्यक्तिगत भावना वा अप्रमाणित विषयवस्तुलाई समाचार वा सन्देश बनाई सार्वजनिक



प्रयोजनका लागि प्रचार प्रसार गर्ने गराउने परिपाटीलाई नियन्त्रण गर्न गराउने कार्यलाई आगामी दिनमा कानूनद्वारा नै नियमन गर्नु पर्ने देखिन्छ।

> “मानव समाजको गतिशीलतासंगै हरेक कुराहरु गतिशील हुन्छन् ।”

## उपसंहारः

मानव समाजको गतिशीलतासँगै हरेक कुराहरु गतिशील हुन्छन्। मानव सभ्यता, मानव संस्कृति र बिज्ञान र प्रविधिमा समय अनुसार परिवर्तन आए झै अपराधिक प्रवृति र अपराधीले प्रयोग गर्ने प्रविधिहरुमा पनि परिवर्तन देखा परिरहेको हुन्छ। अपराधमा देखापरेका यी परिवर्तनहरु र भिन्नताहरुलाई अनुभूत गरी अपराध अनुसन्धान पक्षलाई सुदृढ बनाउँदै लैजाने परिप्रेक्ष्मा परिवर्तित समयसँगै तादात्म्यता मिलाई प्रहरी कर्मचारीहरुलाई नयाँ ज्ञान र सीप दिलाउँनु आवश्यक हुन्छ। घटनास्थलको महत्व र आवश्यकतालाई ध्यानमा राखेर SOCO एक्लैले घटनास्थल अनुसन्धान कार्यहरु जस्तैः छाँयाचित्र लिने, फरेन्सिक सबुद प्रामाणहरुको खोजी गर्ने, संकलन गर्ने र प्याक गर्ने, औंला छापको खोजि गर्ने र उठाउँने, रेखाचित्रण तयार गर्ने र घटनास्थल तथा लाश प्रकृति मुचुल्का तयार गर्ने कार्यहरु सम्पादन गर्न सक्षम हुन्छन्। यस व्यबस्थाबाट घटनास्थल अनुसन्धानमा अलग–अलग ब्यक्ति खटिनु नपर्ने भएको छ भने यसले गर्दा अनुसन्धान कार्यलाई सरल र सहज तुल्याएको छ। यस उद्देश्यको परिपूर्तिका लागि समयानुकूल SOCO भई काम गर्न ईच्छुक प्रहरी कर्मचारीहरुलाई समय समयमा उन्नत र रिफ्रेसर तालिम प्रदान गर्नु वाञ्छनिय हुन्छ भने अपराध अनुसन्धान हुने सम्पूर्ण प्रहरी युनिटहरुमा आवश्यक सोको किटबक्सहरुको अवस्था बुझी तद्अनुरुप उपलब्धतालाई पनि सुनिश्चित गर्नु पर्ने देखिन्छ। यसैगरी SOCO जनशक्तिहरुलाई Job Specialization को अवधारणा अनुसार वृत्ति विकासलाई ध्यानमा राखि नीति निर्माण गर्नुका साथै SOCO को रुपमा कार्यरत जनशक्तिहरुलाई स्वास्थ्यको दृष्टिकोणबाट जोखिमपूर्ण कार्य गर्नु पर्ने भएकाले जोखिम भत्ता र कार्य प्रति थप जिम्मेवार बनाई उत्प्रेरणा जगाउन प्रोत्साहन भत्ताको समेत व्यवस्था हुन पर्ने देखिन्छ। फलस्वरुप राज्य र संगठनले चाहेको न्याय निरुपणको लक्ष्य साकार हुन सक्दछ। ◆◆◆

# सफल अनुसन्धान



# १ नं. प्रदेश प्रहरी कार्यालय

साउन ६, संखुवासभा। मिति२०७८।०५।२१ गते अं. ०६:३० बजेको समयमा जिल्ला संखुवासभा मादि न.पा. १ खोलागाँउका वर्ष ९० को बौद्धबहादुर कार्कीको श्रीमती बर्ष ८४ की पार्वता कार्की, छोरा वर्ष ५५ को तेजकुमार कार्की, छोरा बुहारी बर्ष ५४ की कमला कार्की, नातिनी बुहारी बर्ष ३२ की रंजना कार्की, पनाती बर्ष ८ को दिपेन कार्की र पनातिनी बर्ष ५ की गोमा कार्की गरी एकै परिवारका ६ सदस्य हरुको टाउको तथा शरीर को विभिन्न भागहरुमा दाउराको चिर्पटले प्रहार गरि हत्या भएको । उक्त घटना को-कस्ले घटाएको भनि अनुसन्धानको क्रममा सोही स्थान बस्ने लोक बहादुर कार्कीलाई पक्राउ गरि प्रारम्भिक सोधपुछ गर्ने क्रममा निजले स्वीकार गरी निजको वयान गर्ने कार्य भएको र उक्त घटनामा निजकै बुबा रण बहादुर कार्की, निजकै भाई नरेश कार्की र निजकै काका खड्ग बहादुर कार्की र निजकै काकाको छोरा हस्त बहादुर कार्की समेतको संलग्ना रहेको भनि खुल्न आएकोले संग्लन ५(पाँच) जना अभियुक्त हरुलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा मा अनुसन्धानको क्रममा सम्मानित जिल्ला अदालत संखुवासभाको मिति २०७८/०६/१८ गते को



आदेशानुसार पक्राउ मध्ये बालक नरेश कार्की लाई बालसुधार गृह बिराटनगर र अन्य लाई पुर्पक्षको लागि कारागार चलान भएको । ◆◆◆

# २ नं. प्रदेश प्रहरी कार्यालय

साउन १०, सप्तरी । मिति २०७८।०४।१० गतेका दिन अ.१२:०० बजेको समयमा जिल्ला सप्तरी तिलाठी कोईलाडी गा.पा.वडा नं.५ बस्ने चन्द्र कला रायको छोरा बर्ष १७ को प्रवेश कुमार राय हराई बेपत्ता भएकोमा खोजतलासको क्रममा मिति २०७८।०४।१८ गतेका दिन जिल्ला सप्तरी तिलाठी कोईलाडी गा.पा. वडा नं.०५ स्थितमा निज प्रवेश कुमार रायको मृतक लास सडी गली सकेको अवस्थामा फेला परेको ज्यान सम्बन्धी कसुर मुद्दाको अनुसन्धानको सिलसिलामा घट्नामा संलग्न जिल्ला सप्तरी तिलाठी कोईलाडी गा.पा.वडा नं.०५ बस्ने बिनोद रायको छोरा बर्ष २० को तुलसी लाल राय र ऐ.ऐ.बस्ने श्याम रामको छोरा बर्ष २१ को रोशन राय र ऐ.ऐ.बस्ने बिरेन्द्र मुखियाको छोरा बर्ष १९ को दिपक मुखिया समेतले कर्तब्य गरी मारेको अनुसन्धानबाट खुल्न आई खोजतलासको क्रममा प्रतिवादी मध्ये तुलसी लाल राय र रोशन रायलाई मिति २०७८।०४।२ ९ गते पक्राउ गरी कर्तब्य ज्यान मुद्दा शिर्षकमा मुद्दा दर्ता गरी सम्पुर्ण



अनुसन्धान पश्चात सम्मानित सप्तरी जिल्ला अदालतको आदेशले पक्राउ प्रतिवादी पुर्पक्षको लागी कारागार चलान भएको । ◆◆◆

# बाग्मती प्रदेश प्रहरी कार्यालय

जिल्ला रसुवा कालिका गा.पा. वडा नं. १ ग्राङ बस्ने देब बहादुर तामाङको छोरा वर्ष १८ को विसाज तामाङलाई Facebookmessenger/ IMO मा तपाईलाई २५,००,०००/- को चिठ्ठा परेको छ उक्त रकम तपाईको बैंक खातमा पठाउनको लागी राजश्व तिर्न पर्छ भनि विभिन्न IME बाट पटक पटक विभिन्न बहाना बनाई पैसा पठाउन लगाई ठगी गरेको भन्ने व्यहोराको जाहेरी प्राप्त । तत्कालै घटना सम्बन्धमा जि.प्र.का रसुवाका कार्यालय प्रमुख प्र.ना.उ देवेन्द्र पाण्डे र अनुसन्धान अधिकृत प्र.नि. गणेश सपकोटा समेतको टोलीले प्रतिवादीहरूलाई Honey Trap मा पार्ने क्रममा पहिले IME मा पैसा निकाल्न आउने हातहतियार खरखजाना तथा सार्वजनिक हित बिरूद्धको कसुर मुद्दामा सजाय पाई सकेका प्रतिवादी मोहमद ईस्लाम भन्ने मो. ईस्लामलाई मिति २०७८/०७/०८ गते जिल्ला सिरहा मिर्चैया बजारबाट पक्राउ गरी निज संग प्रारम्भिक रूपमा सोधपुछ गर्ने क्रममा उक्त कार्यमा पहीले पनि सिरहा, धनुषा लगायतको स्थानबाट ठगी तथा संगठित अपराध, नागरिकता किर्ते लगाएको विभिन्न मुद्दामा अनुसन्धान भई रहेका प्रतिवादी प्रविण चौरासिया (भुमिकाः- प्रमुख योजनाकार र विभिन्न व्यक्ति संग सामाजिक संजालमा कुरा गरी पैसा IME गर्न लागउने र IME code अन्य मानिसलाई दिई पैसा निकाल्न लगाउने ) को संलग्नता रहेको बुझिन आएकोले निजलाई समेत खोजतलास गर्दै जाने क्रममा ऐ. १४ गते जिल्ला काठमाडौं, काठमाडौं महानगपालिका गौशाला स्थितमा रहेको संस्कार गेष्ट हाउसबाट पक्राउ गरिएको र सो मुद्दा संग सम्बन्धित अन्य प्रतिवादीहरू गोलु / बिबेक सहनी भन्ने विवेक कुमार सहनी र आर्यन भन्ने सुनित कुमार ओझा (भुमिकाः- आफ्नो मोटरसाईकल प्रयोग गरी विभिन्न स्थानबाट गई पैसा नोकाल्ने र योजनाकारलाई दिने) लाई ऐ. १७ गते जिल्ला पर्सा बिरगंज महानगरपालिका वडा नं. १६ स्थितबाट पक्राउ गरी अनुसन्धान कार्य भई रहेको । मिति २०७८/०९/११ गते आर्थिक लाभ लिने मनसायले ठुलो रकमको प्रलोभन देखाई ठगी गर्ने गरेको कारण बाट प्रतिवादीहरूलाई सम्मानित रसुवा जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि कारागार पठाईएको । ♦♦♦

# गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा

साउन २६, कास्की । मिति २०७८।०४।२६ गते विहान अ. ०६ः०० बजेको समयमा जिल्ला कास्की माछापुच्छे गा.पा.वडा नं. २ भुर्जुङखोला स्थित आफ्नै घरमा श्रीमती बर्ष ५२ की श्रीमाया कामीलाई निज श्रीमान श्रीलाल कामीले ढुङ्गाको लोहोरोले टाउकोमा प्रहार गरी गम्भिर घाईते भई उपचारको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा लगि देखाउंदा मृत्यु घोषणा गरेको भन्ने व्यहोराको जिल्ला कास्की माछापुच्छे गा.पा.वडा नं. २ भुर्जुङखोला बस्ने बर्ष २८ को संगम वि.क.को जाहेरी प्राप्त । सो आधारमा जिल्ला कास्की माछापुच्छे गा.पा.वडा नं. २ बस्ने कुम्ब कामीको छोरा बर्ष ६४ को श्रीलाल कामीलाई पक्राउ गरी अनुसन्धान कारवाही गरिएको । अनुसन्धान कारवाही पश्चात सम्मानित अदालतमा पेश गरिएकोमा पुर्पक्षको लागि कारागार थुनामा गएको । ♦♦♦

## लुम्बिनी प्रदेश प्रहरी कार्यालय
### अवैध हतियार पेस्तोल सहित मानिस पक्राउ



मिति २०७८।०४।०१ गते जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वडा नं. ११ जहदी चोक स्थित तौलिहवा जितपुर सडक खण्डमा सवारी चेकजाँचमा खटिएको प्रहरी गस्ती टोलिले पुर्वबाट पश्चिम तर्फ जादै गरेको UP 55 W 8324 नम्बरको भारतिय नम्बर प्लेट भएको २२० सि.सि. को रातो कालो बजाज कम्पनीको पल्सर मोटरसाईकल शंका लागि रोकी कानुनी रितपुर्वक खानतलासी गर्दा मोटरसाईकल चालक जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वडा नं. ११ जहदी बस्ने बर्ष ३६ को मन्नु भन्ने मातेश्वर प्रसाद यादवले लगाएको जिन्स पाईन्टको कम्मरको भागमा बेल्ट लगाएको अवस्थामा रहेको, सो बेल्टको अगाडीको दाहिने पट्टिको भागमा Made in USA 7.65 लेखिएको पेस्तोल थान १, सो पेस्तोलमा लोड गरिएको No 711 लेखिएको म्याजिन थान १ जस्मा 7.65 MD लेखिएको गोली थान ४ रहेको, उक्त पेस्तोल, म्याग्जिन, गोली र मोटरसाईकल समेत बरामद गरी निज मन्नु भन्ने मातेश्वर प्रसाद यादवलाई पक्राउ गरी सम्पुर्ण अनुसन्धान कार्य पुरा गरी सम्मानित कपिलवस्तु जिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०७८।०४।२६ गते आदेशले पक्राउ प्रतिवादी मातेश्वर प्रसाद यादवलाई पुर्पक्षको लागि थुनामा गएको। ◆◆◆

## कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत

भदौ २८, दैलेख। मिति २०७८।०५।२८ गते अन्दाजी राती १२:५५ बजे जिल्ला दैलेख गुराँस गाँउपालिका वडा नं. ८ छोटेपोखरा बस्ने डम्मर खड्काको श्रीमती बर्ष २५ की मुना रानाले जिल्ला दैलेख गुराँस गाँउपालिका वडा नं.८ बस्ने श्री छोटेपोखरामालिका माध्यमिक बिद्यालयमा कार्यरतबर्ष ४२ का नगेन्द्र कुमार बि.सी.लाई सोहि स्कुलको १ तले साईन्स ल्यावको अगाडिको बरण्डामा धारिलो बस्तुले घाँटी रेटी हत्या गरेको। उल्लेखित मिति र समयमा प्रतिवादी मुना रानालाई धारिलो बस्तुले घाँटी रेटी कर्तब्य गरेको घटना सम्बन्धमा प्रतिवादीलाई पक्राउ गरी सम्पुर्ण अनुसन्धान पश्चात सम्मानित अदालतको आदेशले पुर्पक्षको लागि कारागार चलान भएको। ◆◆◆

## सुदुरपश्चिम प्रदेश प्रहरी कार्यालय

मिति २०७७।१०।२१ गते जिल्ला बैतडी दोगडाकेदार गा.पा.वडा नं ७ चडेपानी बस्ने बर्ष १८ की भागरथी भट्ट हराई बेपत्ता भएकीले निजको खोजतलासको क्रममा ऐ.ऐ.२२ गते दिउँसो १७.३० बजेको समयमा जिल्ला बैतडी दोगडाकेदार गा.पा.वडा नं. ७ लबलेक जंगलमा कच्ची सडक भन्दा अन्दाजी ५० मीटर तल वनमाराको झाडी भित्र भागरथी भट्टको मृत अवस्थामा लास फेला परेको, अनुसन्धानको क्रममा निज भागरथी भट्टलाई निजको भाई नाता पर्ने दिनेश भट्ट (परिवर्तित नाम क (१७१) ले जबरजस्ती करणी गरी कर्तब्य गरी मारेको भन्ने खुल्न आएकोले निज दिनेश भट्टलाई मिति २०७७।११।०४ गते पक्राउ गरी आवश्यक अनुसन्धान पश्चात निज दिनेश भट्ट (परिवर्तित नाम क(१७१) लाई सम्मानित बैतडी जिल्ला अदालत बैतडीमा पेश गरिएकोमा सम्मानित बैतडी जिल्ला अदालतको २०७७।११।१५ गतेको आदेशले प्रतिवादी दिनेश भट्टलाई पुर्पक्षको लागि बालसुधार गृह डोटीमा पठाएको । ◆◆◆

## लागु औषध नियन्त्रण ब्युरो, कोटेश्वर

मिति २०७८।०४।०७ गते १४:५० बजेको समयमा जिल्ला काठमाडौं, का.म.न.पा.वडा न-१६ पकनाजोल स्थित Tibet Peace Inn होटलको १०४ नम्वर कोठा भित्र जिल्ला गोरखा, गोरखा न.पा.वडा न-६ छाप्रे स्थायी ठेगाना भएका बर्ष २९ को मुकुन्द खड्का, जिल्ला गोरखा,गण्डकी गा.पा. वडा न-४ फुजेल स्थायी ठेगाना भएका बर्ष ३१ को मन गुरूङ र जिल्ला गोरखा, गोरखा न.पा.वडा न-८ स्थायी ठेगाना भएका बर्ष ४० को रेशम बहादुर राना सँगै फेला पारी खानतलासी हुँदा मुकुन्द खड्काले समातेको झोला भित्रबाट लागू औषध कोकिन जम्मा ५०० ग्राम समेत बरामद गरी निजहरूलाई पक्राउ गरेको, उक्त लागू औषध कारोवारमा संलग्न भनी खुलेका जिल्ला गोरखा आरुघाट गा.पा.वडा न- ६ स्थायी ठेगाना भएका बर्ष ३२ को एकराज गुरूङलाई समेत मिति २०७८।०४।०७ गते २०:३० बजेको समयमा जिल्ला काठमाडौं, टोखा न.पा.वडा न-११ स्थितबाट पक्राउ गरेको । पक्राउमा परेका प्रतिवादीहरू उपर अनुसन्धान हुदै जाँदा तत्काल फरार रहेका लागु औषध कारोवारमा संलग्न प्रतिवादी जिल्ला गोरखा वारपाक सुलिकोट गा.पा.वडा न-५ ठेगाना भएका बर्ष ४५ को सुरोज गुरूङलाई यस कार्यालयबाट खटिएका प्रहरी टोलीले मिति २०७८।०४।१० गते बिहान जिल्ला चितवन भरतपुर म.न.पा.वडा न-७ स्थितबाट पक्राउ गरी प्रारम्भिक सोधपुछका हुँदा निजलाई लागू औषध कोकिन अन्जु थापा मगरले बिक्रि गर्न दिएको र सो लागू औषध कोकिन मध्ये ५०० ग्राम मुकुन्द खड्कालाई दिई बाँकी रहेको लागू औषध कोकिन सहितको झोला जिल्ला काठमाडौं, तार्केश्वर न.पा.वडा न- ८ स्थित झाडीमा लुकाई राखेको भनी खुलाई देखाई दिए अनुसार मिति २०७८।०४।१० गते १८:३० बजेको समयमा जिल्ला काठमाडौं, तार्केश्वर न.पा. वडा न- ८ स्थित झाडी भित्र लुकाई राखेको झोला भित्रबाट लागू औषध कोकिन ६८३ ग्राम र डिजिटल तराजु थान १ समेत बरामद गरेको । प्रतिवादी सुरोज गुरूङले खुलाएका निजलाई लागू औषध कोकिन बिक्रि गर्न दिने जिल्ला काठमाडौं,का.म.न.पा.वडा न- ३ रानीबारी ठेगाना भएकी बर्ष ४३ कि अन्जु थापामगर लाई समेत मिति २०७८।०४।१० गते २१:०० बजेको समयमा जिल्ला काठमाडौं, का.म.न.पा.वडा न- ३ रानीवन स्थित निज बस्दै आएको घरकोठामा फेला निजको घरकोठा भित्रबाट लागू औषध कोकिन ३२९ ग्राम, नगद रू.७,५०,०००। समेत बरामद गरी पक्राउ गरेको, निज अन्जु थापा मगरलाई प्रारम्भिक सोधपुछका क्रममा लागू औषध कोकिन कारोवारमा जिल्ला काठमाडौं,का.म.न.पा.वडा न- ३ रानीबारी ठेगाना भएकी बर्ष ३९ कि मुना तामाङ गुरूङ र जिल्ला सिन्धुली गोलन्जोर गा.पा.वडा न- ४ ठेगाना भएका बर्ष २८ को रक्की आलेमगर , भारत उत्तर गोवा, घर नम्बर १६१ नग्जार वडा - भोमा ठेगाना भई हाल जिल्ला काठमाण्डौ ,टोखा न.पा. वडा नं. ८ बानियाटार डेरा गरी बस्ने बर्ष ३१ को संदिप पटेल, जिल्ला का.का.म.न.पा. वडा नं ३ रानीबारी ठेगाना भएकी बर्ष २३ की रायर थापा मगर ,जिल्ला धादीङ निलकण्ठ न.पा. वडा नं. ११ स्थायी ठेगाना भएका बर्ष २७ मिराज ढकाल र जिल्ला धादिङ निलकण्ठ न.पा. वडा नं. ११ ठेगाना भएका बर्ष २६ को मछिन्द्र ढकाल समेतलाई मिति २०७८।०४।१० गते २१:४० बजेको समयमा जिल्ला काठमाडौ, का.म.न.पा.वडा न- ३ रानीवन स्थितबाट पक्राउ गरेको । ◆◆◆

# CIB

## सहकारी संस्थामा भएको ठगी अनुसन्धानः सन्दर्भ सिभिल सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.

### सहकारी संस्थाको ऐतिहासिक पृष्ठभूमि

प्राचीनकालदेखि नै नेपालमा गुठी, धर्मभकारी, आदि नामबाट सहकार्यको शुरुआत भएको पाइन्छ।नेपालमा वि.सं. २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना भएको थियो। यसै शिलशिलामा संस्थागत कानूनी व्यवस्था गर्न सहकारी संस्था ऐन २०१६ सहकारी नियममावली २०१८ जारी भयो। २०२० सालमा नै सहकारी बैंकको स्थापना भएको पाइन्छ तर सहकारी सुझवुझका अभावका कारण कहिले भूमिसुधार, कहिले साझा संस्था ऐन ल्याई सहकारीलाई सरकारीकरण गर्ने काम भएको पाइन्छ। वि.सं. २०४८ मा साझा केन्द्रिय कार्यसमितिको विघटन गरी साझा संस्था ऐन २०४१ खारेज गरी सहकारी ऐन २०४८ जारी गरिएको थियो भने हाल सहकारी ऐन २०७४, र सहकारी नियमावली २०७५ जारी गरि लागु गरिएको अवस्था विधमान छ।

### सहकारी संस्थाको गठन

सहकारी ऐन २०७४ को परिच्छेद -२, दफा-३ को उपदफा-१ बमोजिम कम्तीमा ३० जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउदेश्यीय सहकारी संस्था गठन गर्न सक्ने छन भने उपदफा २ बमोजिम श्रमिक युवा लगायतले आफ्नो श्रम वा सिपमा आधारित भई व्यसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नगारिकहरु भए पनि संस्था गठन गर्न सक्ने छन् तर महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋण सहकारी संस्था गठन गर्दा कम्तीमा १०० जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ।

### सिभिल सेभिङ्स एण्ड क्रेडिट सहकारी संस्था लि.

सिभील सेभिङग एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड संचालन गर्न बनेको विनियम, २०५७ को प्रस्तावनामा सहकारी सिद्दान्त अनुसार सदस्यहरुलाई आफूले आर्जन गरेको आयबाट नियमित रुपले वचत गर्ने बानी बसाल्न उत्प्रेरित गरी संकलन भएको बचत रकमबाट आवश्यक भएको सदस्यहरुलाई सीपमूलक आय आर्जन कार्यक्रम लगायत आर्थिक संकट टार्न उचित व्याजदरमा ऋण लगानी गरी सदस्यहरुको आर्थिक सामाजिक अवस्थामा सुधार गर्ने उदेश्यले प्रस्तावित सिभील सेभिङ् एण्ड क्रेडिट सहकारी संस्था लिमिटेडका साधारण भेलाले विनियम बनाएको उल्लेख भएको, विनियमको उद्देश्यमा नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने भन्ने उल्लेख भएको, सो संस्था ई. ईच्छाराज तामाङ, केशवलाल श्रेष्ठ लगायतका ब्यक्तिहरूको पहलमा २०५७ सालमा स्थापना भएको हो। स्थापना कालदेखि १० वर्षसम्म संस्थाको संचालक समितिका अध्यक्षमा इच्छाराज तामाङ र २०६७ साल देखि हालसम्म केशवलाल श्रेष्ठ संस्थाको संचालक समितिका अध्यक्षमा रहि कार्य गरेका थिए।

सिभिल सेभिङ्स एण्ड क्रेडिट सहकारी संस्था लि.मा बचत गर्ने २५०० भन्दा बढी बचतकर्ताहरूले आफूले जम्मा गरेको बचत रकमको साँबा तथा ब्याज पटक/पटक फिर्ता माग गर्दा समेत सहकारीबाट फिर्ता नपाएको, बिभिन्न समयमा संस्थाका पदाधिकारी तथा कर्मचारीहरूसँगको छलफल तथा परामर्शमा छिटै फिर्ता गर्ने भनि झुटो आस्वासन मात्र पाउने गरेको निजहरूले रकम फिर्ता गर्ने भनेको मितिमा समेत रकम फिर्ता नपाएपछि बाध्य भएर कानूनी उपचारको खोजिमा केन्द्रीय अनुसन्धान ब्यूरोमा उज्जवल सत्याल लगायतका ब्यक्तिहरूले जाहेरी दिए पश्चात मिति २०७८/०६/१७ गते केन्द्रीय अनुसन्धान ब्यूरोको कसुर दर्ता किताबमा ठगी कसुरमा मुद्धा दर्ता भई अनुसन्धान भएको र अनुसन्धानको क्रममा मिति २०७८/०६/२३ गते सम्मानित जिल्ला अदालत काठमाडौंबाट ठगी तथा संगठीत कसुर मुद्धामा म्याद थप भई अनुसन्धान भएको।



मिति २०७८/०६/१८ गते उक्त कसुरमा संलग्न रहेका सहकारीका १२ जना पदाधिकारी तथा कर्मचारीहरू लाई पक्राउ गरी यस ब्यूरोको प्रहरी हिरासतमा राखी अनुसन्धान भएको ।

अनुसन्धानको क्रममा निम्न कुराहरू खुल्न आएका थिए ।

- स्थापनाकाल देखि नै सो संस्थाले विभिन्न स्कीम तथा उपहारहरू जस्तैः सुनका सिक्का, मोटरसाईकल, कार, घर आदिको प्रलोभनमा बचत संकलन गर्ने गरेको पाईयो ।
- साथै आवधिक बचतमा १७ % सम्म ब्याज प्रदान गरिने गरेको पाईयो ।
- यस प्रकारको प्रचारप्रसार गरि करिव ८ अर्व भन्दा बढी निक्षेप संकलन गरेको पाईयो ।
- यसरी संकलन गरिएको ठूलो मात्राको बचत रकम संस्था कै पदाधिकारीहरू ईच्छाराज तामाङ र केशवलाल श्रेष्ठको नाममा रहेका बिभिन्न २१ वटा कम्पनीहरूमा लगानी गर्ने गरेको पाईयो ।
- लगानी गर्ने क्रममा सहकारी संस्थाले बिना धितो ७ अर्व भन्दा बढी रकमप्रतिवादीहरु मध्ये इच्छाराज तामाङ र केशव लाल श्रेष्ठ आफै संचालक रहेको सिभिल होम्स, सिभिल अपार्टमेन्ट र सिभिल स्टेटस् जस्ता कम्पनीहरुमा लगानी गर्ने गरेको पाईयो तर सहकारीको ऋण तिरेको पाईएन ।
- माथि उल्लेखित कम्पनीहरूको मुख्य उदेश्य घर जग्गा कारोबार (Real Estate) गर्नु रहेको पाईयो ।
- यसरी कारोबार गर्ने क्रममा सिभिल होम्सले आफ्ना बिभिन्न परियोजनाहरूबाट अर्वौंको करोवार गरेको पाईयो ।




- यसरी अर्वौंको कारोवार गरेतापनि माथि उल्लेखित कम्पनीहरूले घाटा खाएको देखाईएको र सरकारलाई कर नतिरेको प्रहरी अनुसन्धानबाट खुल्न आयो ।
- अनुसन्धानको क्रममा ईच्छाराज तामाङको नाममा बिभिन्न बैंक तथा कम्पनीहरूमा लाखौंकित्ता सेयर रहेको, निजको श्रीमति सृजना शाक्य तामाङ र छोरीहरूको नाममा बिभिन्न बैंकहरूमा सेयर तथा सयौं रोपनी जग्गा रहेको पाईयो ।
- उक्त संस्थाको विभिन्न आ.व.हरुमा पेश गरेको लेखा परिक्षण प्रतिवेदनले कर्जा प्रवाहमा औल्याईएका त्रुटिहरुको वेवास्ता गरि सिभिल सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्थाका हालसम्मका संचालक समितिका पदाधिकारीहरु, सल्लाहकार समितिका पदाधिकारीहरु, सिभिल होम्स् तथा सिभिल ग्रुपका अन्य संस्थाका संचालकहरुले सहकारी ऐन २०७४ विपरित कार्यहरु गरेको देखिएको ।
- ईच्छाराज तामाङले सहकारीको संचालक समितिको बैठक भत्ता बापत प्रति बैठक रु.३०००।- लिने गरेको, शुरुमा मासिक पारिश्रमिक रु ७०,०००।-, सोही पारिश्रमिक बढ्दै रु.१,५०,०००।- सम्म लिएको, संस्थाबाट गाडी, ड्राईभर र तेलको सुविधा लिने गरेको ।
- आ.व. २०६१।०६२ मा सहकारीको अध्यक्ष भएकै समयमा ईच्छाराज तामाङ समेत ७ जना व्यक्तिहरुको नाममा सहकारीको ७५ लाख रुपैया सिभिल मर्नेचेन्ट वित्तिय संस्था लि.को शेयर खरिद गर्न लगानी गरेको पाइयो । यसरी सहकारीमा सर्वसाधारणको संकलित निक्षेप ब्यक्तिगत तवरले अनियमितता/दुरुपयोग भएको देखिन्छ ।
- ईच्छा राज तामाङको नाममा २१ वटा संस्था तथा कम्पनीहरुमा रू ६१,१२,२८,२००/-रकम बराबरको संस्थापक तथा हकप्रद शेयर लगानी रहेको देखिन्छ ।
- ईच्छा राज तामाङको स्टायाण्डर्ड चार्टस बैंक, ग्लोबल आई.एम.ई. बैंक, प्राईम बैंक, माछापुच्छे बैंक, सनराईज बैंक, सिभिल बैंक, एन.आई.सी.एसिया बैंक तथा सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्था समेतमा गरि विभिन्न ५० भन्दा अधिक बैंक खाता फेला परेको । १० वर्षको अवधिमा ति खाताहरुमा कम्पनीका खाताबाट ३८ अर्व भन्दा बढी रकम क्रेडिटेड पाईयो ।
- बरामद भएको सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाको नाममा दर्ता भएको टोयोटा ल्याण्डक्रुजर गाडी ईच्छाराज तामाङले प्रयोग गर्ने गरेको पाईयो ।

- सगोलको परिवार बिच अंशवण्डा गरी सम्पती लुकाउने प्रयास गरेको पाईएको ।

- सहकारीमा संकलित सर्वसाधरणहरुको निक्षेप अधिकांश शेयर स्वामित्व आफ्नो तथा आफ्नो परिवारको नाममा भएका कम्पनीहरुको नाममा बिना धितो कर्जा प्रवाह गरेको, कर्जा प्राप्त गरि जोडेको कम्पनिहरुको सम्पति बिक्री गरि प्राप्त पैसा बैंकिङ प्रणाली भन्दा बाहिर लगी अनियमितता गरेको, नियम बिपरित आफ्ना कम्पनिहरुलाई हर्जना ब्याज छुटको निर्णय गरेको, कानून बिपरित सहकारीको रकम संचालक समितिका ब्यक्तिहरुको नाममा शेयर खरिद गरेको तथा कम्पनिको खाताबाट ठूलो रकम ब्यक्तिगत खातामा लगि ब्यक्तिगत रुपले खर्च गरी सहकारी संस्थालाई ठगी गरेको देखियो ।

- प्रतिवादी इच्छाराज तामाङले सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. सोल्टिमोडको संचालक समितिको अध्यक्ष रहँदा वा नरहँदा समेत विभिन्न मितिमा सिभिल ग्रुप अन्तर्गत अनगिन्ती कम्पनीहरु दर्ता गरी संचालन गरेबाट प्रतिवादीको ठगी गर्ने मनसाय योजना मुताविक नै रहेको स्पष्ट हुन आएको ।

- लेखा (सुपरिवेक्षण) समिति र ऋण-उप समितिको संयुक्त बैठकको निर्णय अनुसार रु.१०,०००।-(दस हजार) सम्म ब्याज तथा हर्जना रकम मिनाहा गर्ने व्यबस्था उल्लेख भएकोमा आफै संचालक समितिको अध्यक्ष भएको कम्पनिहरु मध्ये सिभिल होम्स प्रा.लि. लाई प्रवाह गरेको कर्जाको ब्याजमा सिभिल सहकारी संस्थाको जम्मा रु.५०,००,०००।-( अक्षेरुपी पचास लाख मात्र) , सिभिल अपार्टमेन्ट प्रा.लि.लाई प्रवाह गरेको कर्जाको ब्याजमा जम्मा रु.२५,००,०००।-(अक्षेरुपी पच्चिस लाख) र सिभिल स्टेट्स प्रा.लि.लाई प्रवाह गरेको कर्जाको ब्याजमा जम्मा रू.२५,००,०००।- (अक्षेरुपी पच्चिस लाख) मिनाहा गरेको देखिएको जुन मौजुदा कानूनको बर्खिलाप भएको देखिएको,

यस ठगी तथा संगठीत कसुर मुद्धामा प्रतिबादी ईच्छाराज तामाङले आफ्नो मामा ससुरा नातापर्ने प्रतिबादी केशवलाल श्रेष्ठलाई संस्थाको अध्यक्ष बनाई आफूले चाहेको समयमा संचालक समितिको बैठकको निर्णय तयार गर्न लगाई चाहेको ऋण रकम आफ्ना कम्पनीहरूमा लगानी गर्ने निर्णय गराउने गरेको पाईयो साथै आफ्ना नाता पर्ने अन्य पदाधिकारी र कर्मचारीहरूबाट नियोजित तथा तहगत रूपमा सहकारी संस्थाको आवरणमा संगठीत रूपमा ठगी कार्य गर्ने गरेको पाईयो ।

अनुसन्धानको क्रममा संस्थाका पदाधिकारीहरू तथा कर्मचारी गरी जम्मा ४० जना ब्यक्तिहरूलाई प्रतिबादीको रूपमा अनुसन्धान प्रतिबेदन पेश भएको, अनुसन्धान अवधिभर १,५०३ जना बचतकर्ताहरूले आफ्नो ५,६७,५५,२४,३७९/८२ (पाँच अर्ब




सतसट्ठी करोड पचपन्न लाख चौबीस हजार तीन सय उनासी रुपैया बयासी पैसा) बिगो मागदावीको जाहेरी प्राप्त भएको ।

- अनुसन्धान पश्चात सम्मानित जिल्ला अदालत, काठमाडौंमा ३ हप्तासम्म दुवै पक्षका दर्जन बढी कानून ब्यबसायीहरूले आ-आफ्नो पक्षको बचाउमा थुनछेक बहस गरेका र मिति २०७८/०९/१४ गते सम्मानित जिल्ला अदालत काठमाडौंले पुर्व अध्यक्ष तथा सल्लाहकार इच्छाराज तामाङ र संचालक समितिको वर्तमान अध्यक्ष केशवलाल श्रेष्ठलाई पुर्पक्षको लागि कारागार चलान गरेको, ९ जनाको हकमा धरौटी माग गरिएको र १ जनालाई साधारण तारेखमा रिहा गर्ने थुनछेक आदेश भएको ।

- यसरी प्राप्त जाहेरीको आधारमा अनुसन्धान गर्ने क्रममा सम्पती शुद्धीकरण अनुसन्धान विभागसँग समेत समन्वय गरी Parallel Financial Investigation को अभ्यास समेत गरिएको ।

- प्रतिवादीहरुको व्यक्तिगत तथा निजहरु संलग्न विभिन्न २१ वटा कम्पनीहरुको गरी ३०० वटा भन्दा बढी बैंक खाताहरुको १० वर्ष अवधीको Statement Analysis गरिएको ।

- शेयर, जग्गा तथा अन्य लगानी समेतको विवरण प्राप्त गरी बिगो बराबरको रकम प्राप्त हुने सम्पतीहरु रोक्का राख्न लेखापढी गरिएको ।

- अपचलन भएको रकम तथा वेरितसँग प्रवाह गरिएको ऋण र सोको उपभोग गर्ने Beneficiary Owner पत्ता लगाई सोही अनुसारबोगो भराउने मागदाबी लिईएको ।

- यसरी मागदाबी लादै गर्दा प्रत्येक व्यक्ति र उसँग सम्बन्धित कर्तुतहरुको व्याख्या गरी गोश्वारा दाबी नलिई तथ्य परक हुने प्रयास गरिएको ।

**पक्राउ भएका व्यक्तिहरुको विवरण :**

नाम थर : इच्छाराज तामाङ

वतन : जिल्ला काठमाण्डौं, किर्तिपुर ट्याङलाफाँट

वर्ष : ५७
पद : सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका पुर्व अध्यक्ष, पूर्व सभासद एवं सिभिल बैंकको अध्यक्ष



नाम थर : केशवलाल श्रेष्ठ
वतन : का.जि. का.म.न.पा.१६
वर्ष : ६२
पद : संचालक समितिको अध्यक्ष



नाम थर : भगवान बहादुर सिंह
वतन : का.जि.का.म.न.पा.१२
वर्ष : ६२
पद : सहजकर्ता प्रबन्धक



नाम थर : मायोनानी महर्जन
वतन : का.जि.किर्तिपुर न.पा. वडा नं. ९
वर्ष : ५०
पद : जुनियर असिसटेन्ट मेनेजर



नाम थर : एलिना तुलाधर
वतन : जि. भक्तपुर, भक्तपुर न.पा. वडा नं. ११
वर्ष : ४४
पद : जुनियर असिसटेन्ट मेनेजर



नाम थर : शंकर प्रसाद पाठक
वतन : जि. झापा साबिक अर्जुनधारा गा.वि.स. वडा नं. ९
वर्ष : ४५
पद : जुनियर अधिकृत



नाम थर : संगित श्रेष्ठ
वतन : जि. काभ्रे साबिक गोकुले गा.बि.स. वडा नं. ५
वर्ष : २५
पद : असिसटेन्ट



नाम थर : राकेश महर्जन
वतन : जि. काठमाण्डौं किर्तिपुर नगरपालिका वडा नं. ९
वर्ष : ३३
पद : लेखा अधिकृत



नाम थर : बुद्धराज तामाङ
वतन : जि.सिन्धुली दुधौली न.पा. वडा नं. ७ हाल जि. काठमाण्डौं, बुढानिलकण्ठ न.पा ६
वर्ष : ४०
पद : जुनियर साहयक प्रबन्धक



नाम थर : कौस्तुभ केतन ढुंगाना
वतन : जि. काठमाण्डौं बुढानिलकण्ठ न.पा -६
वर्ष : ३७
पद : जुनियर सहायक प्रबन्धक



नाम थर : विजय विक्रम शाह
वतन : जि. नुवाकोट विदुर नगरपालिका वडा नं. २
वर्ष : ४३
पद : सिभिल होम्सका वरिष्ठ प्रबन्धक



नाम थर : हरिहर लामिछाने
वतन : जि. मकवानपुर चित्तलाङ वडा नं. ८ घर भई हाल का.म.न.पा. १४, कलंकी
वर्ष : ४६
पद : पूर्व लेखा समिति सदस्य



# महानगरीय प्रहरी कार्यालय रानीपोखरी

महानगरीय प्रहरी परिसर काठमाडौं । मिति २०७८।०९।१२ गते काठमाण्डौंको का.जि.का.म.न.पा. वडा नं.२६ मित्रनगर स्थितमा रहेको एकिन खुल्न नआएको गेष्टहाउसमा बसेकी वर्ष ३४ की परिवर्तित नाम महाराजगंज ३०७ लाई सोही गेष्ट हाउसमा ऐ. गतेको राती २०:०० बजेको समय देखि ए. १३ गते बिहान अं.१०:०० बजेको समय सम्म अं.९।१० जना व्यक्तिहरुले पालै पालो जवर जस्ती करणी गरेको भनी पीडित परिवर्तित नाम महाराजगंज ३०७ ले महानगरीय प्रहरी वृत महाराजगंजमा निवेदन पेश गरेको । तत्काल महानगरीय प्रहरी वृत महाराजगंज तथा तालुक कार्यालयबाट खटिएको प्रहरी टोलीले घटनामा संलग्न मुगु जिल्ला छायानाथ रारा न.पा. वडा नं.१० भ्काकोट घर बताउने वर्ष २३ को हिक्मत नेपाली,ऐ. ऐ.  स्थायी घर बताउने वर्ष २२ को रतन नेपाली,ऐ. जिल्ला ऐ. न.पा. वडा नं.६ लिउडी स्थायी घर वताउने वर्ष २१ को सुरेश सेज्वाल,ऐ. जिल्ला ऐ. न.पा. वडा नं.११ रोभा स्थायी घर बताउने वर्ष १९ को दिपक नेपाली, ऐ.जिल्ला ऐ. न.पा. वडा नं.१० भ्काकोट स्थायी घर बताउने वर्ष २३ को शव हरि बुढा,ऐ. जिल्ला ऐ. न.पा.वडा नं.१० भ्काकोट घर बताउने वर्ष २४ को युवराज बडुवाल, अर्घाखाँची जिल्ला सितगंगा न.पा. वडा नं.१२ स्थायी घर भई जिल्ला कपिलवस्तु बुद्धभुमि बस्ने वर्ष ४३ को गोपाल कुमार श्रीस प्रतिवादीहरुलाई मिति २०७८।०९।१३ गते मित्रनगर र चावहिल स्थित न्यू गण्डकी गेष्ट हाउस एण्ड खाजा घरबाट रित पुर्वक जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालत, बबरमहल, काठमाण्डौंबाट दिन ७ (सात) को म्याद थप अनुमति प्राप्त भई थप अनुसन्धान कार्य भईरहेको । साथै वारदातमा संलग्न फरार रहेका हस्त नेपाली र चन्द्र सउद समेतलाई मिति २०७८।०९।१४ गते सम्मानित काठामाण्डौं जिल्ला अदालत, बबरमहल, काठमाण्डौंबाट जारी भएको पक्राउ पुर्जी दिई पक्राउ गरी थप अनुसन्धान कार्य भईरहेको । ◆◆◆

म.न.प्र.वृत महाराजगंजको सामुहिक ज.ज.क. को प्रतिवादीको फोटो



# महानगरीय प्रहरी कार्यालय रानीपोखरी

मिति २०७८/०४/१७ गते अन्दाजी १४:०० बजेको समयमा जिल्ला भक्तपुर भक्तपुर नगरपालिका वडा नं.-०५ क्वाछें स्थितमा जि. भक्तपुर भ.न.पा-६ भोलाछे बस्ने बर्ष २१ को प्रतिबादी राजेश शाहीले चलाई ल्याएको बागमती प्रदेश ०२-०१६ प ०१२६ नम्बरको मोटरसाईकललाई रोकी मो.सा पछाडी सवार ऐ.ऐ. बस्ने राजेशकी श्रीमती बर्ष १९ की सरिता शाहीले निजको बाँया हातमा बोकेको कालो रङको SPORT SHOES लेखिएको प्लाष्टिकको भोला भित्र निलो रङको तिन वटा प्लाष्टिकको पोकामा NOOPHIN थान-९५, अर्को पोकामा DIAZEPAM थन-९५ रहेको र अर्को पोकामा Promethazine थान- ९५ परेको र निजलाई प्रारम्भिक सोधपुछ गर्दा उक्त लागू औषध जि. धादिङ बेनिघाट गा.पा-२ बस्ने बर्ष ३७ को केशव क्षेत्रीसँग खरिद गरेको भनि बताए अनुसार केशव क्षेत्रीलाई खोजतलास गर्दै जाने क्रममा निजलाई ऐ. मिति अं.१६:३० बजे जिल्ला भक्तपुर भक्तपुर नगरपालिका वडा नं. ४ सुर्यविनायक चोक स्थित फेला परी निजलाई खानतलासी गर्दा निजले पछाडी भिरेको POWER P लेखिएको कालो रङ्गको ब्याग भित्र हरियो रङ्गको भोला भित्र कालो प्लाष्टिकको भोला भित्र पोको पारिएको अवस्थामा PHENERGAN थान-८१, कालो प्लाष्टिकको भोला भित्र पोको पारिएको अवस्थामा NOOPHIN थान-८१ र सेतो प्लाष्टिकको भोला भित्र पोको पारिएको अवस्थामा DIAZEPAM थान-८१ गरी जम्मा Noophin थान- ६७६, DIAZEPAM थान-६७६, PHENERGAN थान- ५८१ र Promethazine थान- ९५, मो.सा. थान-१, मोबाईल थान-६, सिम कार्ड थान-१३, सिम कार्डको खोल थान-६ र नगद रु. ४६,०००/- बरामद भएको र थप अनुसन्धानको क्रममा जि. सर्लाही धनकौल गा.पा-४ महिनाथपुर बस्ने बर्ष २८ को राम बिश्वार राय, ऐ.३ बस्ने बर्ष २२ को अली अन्सारी, ओली महम्मद भन्ने मोहमद शोष इन्ताज र जि. ललितपुर ललितपुर उ.म.न.पा-२८ हरिसिद्धि बस्ने बर्ष २९ को रबिन देउलासमेत पक्राउ गरी मिति २०७८/०७/०८ गते सम्मानित भक्तपुर जिल्ला अदालत भक्तपुरको आदेशले प्रतिबादी सरिता शाहीले रु. ५०,०००।- धरौटी तिरी तारेखमा छुटेकोमा अन्य प्रतिवादीहरु पुर्पक्षको लागि डिल्लिबजार पठाईएको । ◆◆◆

# मानब बेचबिखन ब्युरो

**केशको ब्यहोराः**

पीडित जाहेरवालाको घरको आर्थिक अबस्था कमजोर भई सानै उमेर देखी अर्काको घरमा घरेलु कामदारको रुपमा काम गर्दै गर्ने क्रममा बिवाह भई श्रीमानले समेत जाड रक्सी खाई शारिरीक तथा मानसिक यातना दिई राखी ६ महिना पछि काठमाडौं गई काम गरौ भनि श्रीमानले काठमाडौं लिई आई काठमाडौंको साङ्ला भन्ने स्थानमा डेरा गरी जमल एरियामा रहेको किताव पसलमा सरसफाईको काम गरी गुजारा चलाई रहेकोमा २०७४ सालमा जाहेरवालाको श्रीमानले प्रतिवादी जान्द्रे तामाङ भन्ने राम बहादुर तामाङलाई मेरो साथि हो भन्दै कोठामा लिई आई चिया खाने क्रममा कुराकानी हुँदा निज जान्द्रे तामाङ भन्ने राम बहादुर तामाङले तिमी त मेरो भान्जी नाता पर्दे रहेछ म पनि नुवाकोटको नै हुँ भनि आफ्नो कोठा तर्फ गई ३/४ दिन पछि जाहेरवालाको मोवाईलमा फोन सम्पर्क गरी म अस्ती तिम्रो कोठामा आई चिया खाने मामा बोलेको हुँ तिमी निकै मेहनत रहेछौ घरमा पनि तिम्रो राम्रो रहेनछ, कति श्रीमानको कुटाई गाली खाएर बस्छौ, म संग राम्रो काम छ गर्ने भए म तिम्रो लागि भनि दिन्छु पैसा पनि राम्रो पाउछौ, के छ बिचार एक चोटी भेटर कुरा गरौ भनि फोन गरेकोमा जाहेरवालाले ईन्कार गर्दा समेत ३/४ दिन पछि साउन महिनाको अन्तिम हप्ता तिर जाहेरवालालाई साङ्ला नागपोखरी भन्ने ठाउँमा बेलुका भेट्न बोलाई काम गर्न जाने ठाउँ अलि टाढा छ तर चिन्ता नगर म आफै लगरे छाडेर आउछु तिमीले सारीमा बुट्टा भर्ने काम गर्नु पर्दछ खान बस्न समेत दिएर तिमीलाई महिनाको १० हजार दिन्छ भनि अझ बिश्वस्त बानाई अशिक्षित नारीलाई प्रलोभनमा पारी ट्याक्सीमा चढाई लिई गई काठमाडौंको स्वयम्भुबाट सुनौलीसम्म जाने गाडीमा चढाई पठाई जान्द्रे तामाङ भन्ने राम बहादुर तामाङले सुनौली पुन्याई सुनौलीमा रहेका सुरेन्द्र भन्ने मुस्कान चौधरीको सहयोगमा निजको मोटरसाईकलमा जाहेरवालालाई बिचमा राखी नेपाल भारतको सिमा पार गराई सकेपछि निज प्रतिवादी जान्द्रे तामाङ भन्ने राम बहादुर तामाङले जाहेरवालालाई भारतको नयाँदिल्ली स्थित जि.बि.रोडमा कोठी नं.५९ र ६४ संचालन गरी बस्ने अन्जली लामा तामाङकोमा पुन्याई भा.रु.१ लाख रुपैयामा बिक्री गरी बेस्याबृत्तिमा लगाएको अबस्थामा पीडित जाहेरवालाको शरिरबाट महिनामा ४/५ पटक रगत बग्ने समस्या भई उपचारको क्रममा पाठेघरमा पानी जमेको र टि.बि.को समस्या भई दैनिक अषधी सेवन गरी महिनामा १/२ पटक मेडिकल जानु पर्ने भएकोलेको मेडिकल चेकजाँचको लागि जाने क्रममा एक जना अपरिचित चितवन घर भएकी महिलाको सहयोगमा पीडित जाहेरवालाले नेपालमा रहेको दाईलाई फोन गरी निजको दाई भारतको नयाँदिल्ली गई १६ अप्रिल २०२१ मा नेपाल फिर्ता भई मिति २०७८/०१/१७ गते यस कार्यालयमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरमा मुद्दा दर्ता भई उक्त मुद्दाका प्रतिवादी जान्द्रे तामाङ भन्ने जित बहादुर तामाङलाई अनेक अथक प्रयास पश्चात मिति २०७८/०७/१३ गते का.जि.तारकेश्वर नगरपालिका वडा नं.७ फुटुङ नागपोखरीबाट पक्राउ गरी बयान गर्ने क्रममा मैले जाहेरवालालाई ललाई फकाई गर्ने क्रममा आनकानी गरेकोले चिनजानका साथी जित बहादुर तामाङ समेतले पीडित जाहेरवाला काम गर्ने जमल एरियामा हामी दुबै जना गई निज जित बहादुर तामाङले सारीमा बुट्टा भर्ने काम हो सजिलो छ भनि प्रलोभनमा पारी जाहेरवालालाई जान राजी गराई निजले काठमाडौंको स्वयम्भु देखी सुनौली सम्म जाने गाडीको टिकट समेत ल्याई दिई हामीलाई गाडी चढाई पठाई दिएकोले निज जाहेरवालालाई भारतको नयाँदिल्ली पुन्याई बिक्री गरे बापतको भा.रु.१ लाखबाट भा.रु.५० हजार निज प्रतिवादीलाई दिएको हुँ भनि बयान गरेकोले निज जित बहादुर तामाङलाई समेत यस ब्यूरोबाट मिति २०७८०७/२३ गते का.जि.तारकेश्वर नगरपालिका वडा नं.७ भत्तकेको पुल एरियाबाट पक्राउ गरी सम्पुर्ण अनुसन्धान पश्चात सक्कल मिशिल जिल्ला सरकारी वकिल कार्यालय मार्फत काठमाडौं जिल्ला अदालतमा पेश हुने क्रममा काठमाडौं जिल्ला अदालतको मिति २०७८/०८/१० गतेको आदेशले मुद्दा पुर्पक्षको निमित्त पक्राउ प्रतिवादीहरु जान्द्रे तामाङ भन्ने राम बहादुर तामाङ र जित बहादुर तामाङ कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौं थुनामा रहेको ।

**पक्राउ प्रतिवादीहरु :-**

(क) बागमती प्रदेश जिल्ला नुवाकोट समुन्द्रटार गा.बि.स.वडा नं.७ हाल दुप्चेश्वर गाउँपालिका वडा नं.६ स्तायी वतन भई हाल काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.७ फुटुङ नागरपोखरी एरियामा बस्ने बर्ष ३९ को जान्द्रे तामाङ भन्ने राम बहादुर तामाङ । (ना.प्र.नं.८५४६१)(राहदानी नं.०८८६२०९२)(पक्राउ)



(ख) बागमती प्रदेश जिल्ला नुवाकोट साबिक शिखरबेसी गा.बि.स.वडा नं.२ हाल परिवर्तित दुप्चेश्वर गाउँपालिका वडा नं.७ स्थायी वतन भई हाल का.जि.तारकेश्वर न.पा.वडा नं.७ फुटुङ नागपोखरीमा बस्ने बर्ष ३३ को जित बहादुर तामाङ । (ना.प्र.नं.११३२७१ नुवाकोट) (राहदानी नं.०५६०६१९९)(पक्राउ)



◆◆◆

# साइबर ब्युरो

## आफ्नै दिदीको नग्न फोटो पठाइ ब्ल्याकमेल

काठमाडौँको कलंकिकी २६ बर्षीया उषा (नाम परिवर्तन) एन्ड्रोइड फोनको प्रयोग गर्छिन । प्रविधिमा खासै ज्ञान नभएतापनि फेसबुक, टिकटक लगायतका सामाजिक सञ्जाल प्रयोग गर्ने उनको रुचि छ । एकदिन उनको मोवाइल फोन विग्रियो र उनको श्रीमानले उनलाई नयाँ मोवाइल किनेर ल्याईदिए । उक्त मोवाइल सूचारु गर्नका लागि उनको करिब १० वर्षदेखि आफ्नै घरमा बस्दै आएका, भाइ मानेर तिहारमा टिका लगाउने २४ वर्षीय निर्दोष सिं ठकूरीको सहयोग लिईन । निर्दोष आफ्नी श्रीमती र छोरी सहित उषाको घरमा भाडामा बस्छ । लामो समयदेखि बस्दै आएको तर आफ्नो घरमा दिदीबहिनी नभएकाले भाइटिका लगाइदिनका लागि आफ्नू घरवेटी उषालाई आग्रह गर्छ । उषाले पनि उसको प्रस्ताव स्वीकार्छिन र उनिहरु दिदीभाइको रुपमा पारिवारिक वातावरणमा बस्न थालेका हुन्छन ।

उषाले ल्याएको फोनमा निर्दोषले आफ्नो Gmail राखेर चलाइदिन्छ । नयाँ फोन चल्न थालेपछि उषा पनि खुसी हुन्छिन र फोन चल्ने वनाइदिएकोमा भाइलाई धन्यवाद दिन्छिन ।

एकदिनको कुरा हो, उषा घरमै बसेर मोवाइल चलाइरहेकी थिइन । एक्कासी उनलाई नचिनेको jikjakhanery नामको Facebook ID बाट म्यासेज आयो । म्यासेज देखेपछि उषा आत्तिन थालिन र सबैकुरा श्रीमानलाई भनिन । श्रीमानले उनलाई साइबर ब्युरो लिएर आए ।

### अनुसन्धानका लागि चुनौति

- उषाले पेश गरेको प्रमाणको अनुसार एउटा jikjakhanery नामको फेसबुक अकाउण्टबाट उनको पूर्णरुपमा निर्वस्त्र तस्विर सहित धम्किपूर्ण म्यासेज आउने,
- ५ लाख रुपैयाँ पैसा नदिएमा उक्त नग्न तस्विर YouTube लगायतका सामाजिक सञ्जालमा शेयर गरिदिने धम्कि आउने
- पीडितनिकै आत्तिएको मुद्रामारहेको हुदा Counseling गर्न कठिन
- Cyber Crime भएकाले Investigation आफूले चाहेका बखत गर्न नसकिने । जस्तै IP address समयमा नआउने

### अनुसन्धान विधि

- पीडितपक्ष सँग सोधपुछ ।
- Facebook Business Record का लागि पत्राचार
- Technical Analysis गरिएको

### अनुसन्धानबाट खुलेको कुराहरु

- उषाको श्रीमानले एकपटक उसाकै Mobile बाट नग्न फोटो खिचेको र केहि समयपछि डिलिट गरिसकेको
- यस्तो नग्न फोटो उषाले अरुसँग हालसम्म Share नगरेको
- उक्त jikjakhanery नामको फेसबुक अकाउण्ट नीज उषाकै घरबाट सञ्चालन भईरहेको थियो, अर्थात उषाले प्रयोग गर्ने IP र उक्त आईडि सञ्चालन भएको IP एउटै थियो
- शंका उषाले आफ्नो भाइ वताउने व्यक्ति (जो उषासँग साइवर व्यूरो समेत आउने गर्दथ्यो) निर्दोषतर्फ मोडियो ।
- मोवाईलको सामान्य परीक्षणमै नीजले उक्त मोवाइलबाटै उक्त अपराध गरेको पुष्टि भयो र प्रमाणसहितको सोधपुछको क्रममा नीजले आफूले अपराध गरेको स्विकार समेत गर्यो ।

### अनुसन्धान निष्कर्ष

उषाले नयाँ मोवाइल खरिद गरेपछि संचालन गराईदिनका लागि निर्दोषलाई दिएकी थिइन । उसले मोवाइलमा आफ्नो Gmail राखेर संचालन हुने वनाएको थियो जसका कारण उषाले आफ्नो मोवाईलमा खिचेको फोटोहरु निर्दोषको Gmail मा देखिन्थ्यो । जुनदिन उषाले आफ्नो श्रीमानको आग्रहमा उक्त नग्न तस्विर आफ्नो मोवाइलमा खिचिन सोहिदिन निर्दोषले समेत उक्त फोटो देख्यो र आफ्नो मोवाइलमा सेभ गरेर राख्यो । केहि समयपछि उसको मनमा पाप पलाउन थाल्यो र उसले १० वर्षदेखि दिदी मानेर तिहारमा टिका समेत लगाउँदै आएको दिदीको नग्न तस्विर सार्वजनिक गर्ने धम्कि दिन थाल्यो ।

हामीले तुरुन्त नीज निर्दोष सिँह ठकूरीलाई पक्राउ गर्यौं थप अनुसन्धान सुरु गर्यौं । जिल्ला अदालत काठमाडौँको मिति २०७८-०७-०९ गतेको आदेशले नीज पुर्पक्षका लागि कारागार चलान भयो । ♦♦♦



# जनताको आवाज



**मिना बुढाथोकीको**
(ईन्सेक सल्यान की प्रतिनिधि)
जिल्ला सल्यान शारदा न.पा. वडा नं. २

"मेरो लागी प्रहरी, प्रहरीको लागी म नागरिक र प्रहरी सँगसँगै" प्रहरी प्रति नागरिकको भरोसा तिव्र छ। शान्ति सुरक्षा मात्र नभएर हरेक दुःख सुखमा साथ मात्रै नभएर प्रहरीले नागरिकको भरोसा जितेको छ। त्यसकारण दुःख सुखमा नागरिकले प्रहरीलाई सम्पर्क गरेका छन। त्यसैले नागरिकले मेरो लागी प्रहरी छ, प्रहरीको लागी म छु भन्ने भावनाको विकाश गरेको छु। त्यसैले नागरिक र प्रहरीसँग सँगै छन भन्ने भावना कायम राख्न प्रहरी र नागरिकले आ–आफ्नो भुमिका खेल्न जरुरी छ।



**तारा घिमिरे**
अध्यक्ष उद्योग वाणिज्य संघ ताप्लेजुङ (प्रतिष्ठित नागरिक)
जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ४

सकारात्मक भनाईः प्रहरी हो जो डरका बाबजुद पनि अघि बढ्न सक्छ सबथोक पाएर दुःखी हुनुभन्दा सबैथोक गुमाएर सुखी हुनु महान् कुरा हो भन्ने सकारात्मक धारणा नेपाल प्रहरीमा हुन्छ।



**रामदेवी रोकाया**
समाजसेवी, व्यापारी
जि.जुम्ला हिमा गा.पा.वडा नं.२ घर भई
हाल च.ना.न.पा.वडा नं.६

मेरो घरमा सुन, ल्यापटप, नगद रु.४०,००० लगायतका रु.७,००,०००।- बराबरका सामानहरु चोरी भएको थियो, मेरो उमेर भरीको परिश्रमबाट आर्जन गरेको सम्पुर्ण सम्पत्ति थियो, त्यो मैले फेला पार्ने आस मारीसकेको थिए, प्रहरीले रातदिन खटी नेपालगंजबाट चोरी गर्ने मानिस सहित मेरो सम्पत्ति फेला पारी दियो, प्रहरीले हाम्रै लागि काम गरेको महसुस गरे, प्रहरी दिन रात घरपरिवार बिर्सेर दुख गरी रहेका छन, प्रहरीको कार्य कठिन छ यही कठिन कार्यले समाजले सुरक्षित महसुस गरेको छ, अझै प्रहरीले सफलता पाओस, समाजमा शान्ति सुरक्षा कायम रहोस भन्ने कामना गर्दछु।



**छत्रपति प्याकुरेल**
नगर प्रमुख (मेयर जनप्रतिनिधी)
जिल्ला ताप्लेजुङ फुङलिङ नगरपलिका वडा नं. ४

सकारात्मक भनाईः प्रहरी जनताको मेरुदण्ड हो, मानिस भएर कहिल्यै हिम्मत हार्नू हुँदैन किनकी प्रहरी समाजको अभिन्न अङग हो जसरी निस्केको नदिले कहिल्यै कसैसंग सोधेको छैन कि "समून्द्र कहाँ पर्छ? त्यस्तै प्रहरी पनि एक समुन्द्र हो।



**शुसील कुमार मण्डल**
समाजसेवी
जहदा गा.पा. ४ मोरङका स्थानिय

सकारात्मक भनाईः सिमा नाकामा हुने तस्करीमा प्रहरीले उल्लेखनिय भुमिका निर्वाह र अपराध अनुसन्धानमा निष्पक्ष अनुसन्धान गर्ने गरेको र विश्वव्यापी रुपमा फैलिएको कोरना भाईरसको रोकथाम र लगडाउन (बन्दाबन्दि) को पालनामा उल्लेखनिय भुमिका निर्वाह गरेको साथै सामुदायिक प्रहरी साझेदारी कार्यक्रम मार्फत जनसमुदाय संग राम्रो सम्वन्ध स्थापना गरी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने गरेको ।



**पवन चुमी मगर**
सामुदायिक सेवा केन्द्र सह–सचिव
दमौली तनहुँ

म बिगत लामो समय देखि सामुदायिक सेवा केन्द्रमा रहेर प्रहरी सँग हातेमालो गर्दै बिभिन्न कार्यक्रमहरु सँगैसँगै काम गरेर अनुभव बटुलेको छु । समाजमा प्रहरी प्रति जुन नकरात्मक सोचाई रहेको छ त्यस्तो नकारात्मक व्यवहार प्रहरीमा नभएको मैले पाएको छु । समुदायमा बिभिन्न सामुदाय प्रहरी साझेदारी कार्यक्रम गर्दै आईरहेको हुँदा समुदायमा प्रहरीले सकारात्मक सन्देश प्रबाह गरेको मैले स्पष्ट सँग अनुभव गरेको छु । पछिल्लो समय विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को जोखिम हुँदा हुँदै पनि प्रहरीले अहोरात्र अग्रपंक्तिमा खटिई रोग नियन्त्रणको लागि अहम भूमिका देखाएको प्रति मेरो दृष्टिकोण झन सकारात्मक भएको छ ।

**प्रदिप कटुवाल**
बागमती प्रदेश सभासद
सिन्धुली

बिश्वव्यापि रुपमा फैलिएका कोरोना भाईरस COVID-19 ले जनमानसमा ल्याएको त्रास र लकडाउनको कारणले परेको प्रतिकुल प्रभाव जुध्दै नेपाल प्रहरीले आफनो जिम्मेवारी उत्कृष्ट ढंगबाट निर्वाह गरेको छ । आफ्नो घर परिवारको साथ छोडी निरन्तर डिउटी गर्ने सम्पुर्ण प्रहरी कर्मचारीलाई म आफ्नो व्यक्तिगत तर्फबाट आभार प्रकट गर्न चाहन्छु । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस COVID-19 बाट बचाउनको लागी सरकारले घोषणा गरेको लकडाउनलाई पुर्ण रुपमा सफल बनाई नेपालीको उद्धार गर्नु भएकोमा उहाँ हरुलाई धेरै–धेरै धन्यवाद दिन चाहन्छु ।



**ओम प्रकाश राई**
समाजसेवी
जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ६

सकारात्मक भनाईः प्रहरी समाजको यस्तो चिज हो, हजार खोक्रा शब्दहरूभन्दा शान्ती दिने एक शब्दनै उत्तम हुन्छ । जिब्रो एउटा त्यस्तो छुरी हो जसले खुन ननिकाली काट्नसक्छ त्यो परित्याग नेपाल प्रहरीमा मात्र छ ।

# प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, अपराध अनुसन्धान तर्फका निर्देशनालय, महाशाखा र शाखाहरु



***GCMS*** *प्रविधिबाट शंकास्पद लागु औषध परीक्षण गर्दै*



***VSC-6000*** *प्रविधिबाट विवादित डकुमेन्टहरु परीक्षण गर्दै*



***DNA*** *परीक्षण गर्दै*



*बायोलोजी सेरोलोजी गर्दै*



*घटनास्थलबाट बरामद गरीएका बुलेट, खोकाहरुको तुलनात्मक परीक्षण गर्दै*



*विष परीक्षण गर्दै*



*डिजिटल फरेन्सिक ल्याबमा मोबाइलको फरेन्सिक परीक्षण गर्दै*



*औंठा छाप परीक्षण गर्दै*




*पोलिग्राफ परीक्षण गर्दै*



***Police Clearance Report** वितरण गर्दै*



*आर्थिक प्रशासन शाखा*



*अपराधसंग सम्बिन्धत गतिविधिहरुमा संलग्न व्यक्तिहरुको अभिलेख रुजु गर्दै*



अनुगमन तथा सुपरिवेक्षण शाखा



अनुसन्धान शाखा



अभियोजन तथा कानुनी परामर्श र समन्वय महाशाखा



अपराध अनुसन्धान प्रशासन शाखा



देशभरिका दैनिक घटनाहरुको सुचना संकलन गर्दै



दर्ता चलानी शाखा



घरेलु हिंसामा परेका महिलालाई परामर्श दिँदै



सामुदायिक महाशाखा



वैदेशिक महाशाखा



अपराधको अभिलेखीकरण तथा विश्लेषण गर्दै

CRIME INVESTIGATION DEPARTMENT

CID

CREDIBILITY • DILIGENCE • INTEGRITY

NEPAL POLICE